# लेखापरीक्षण प्रतिवेदन
# कञ्चनपुर
## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय
### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट www.oagnep.gov.np मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | | विषय | पृष्ठ |
|---|---|---|---|
| १. | | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. | आन्तरिक राजस्व कार्यालय | ३ |
| | ३.२. | कारागार कार्यालय | ८ |
| | ३.३. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ८ |
| | ३.४. | खानेपानी तथा सरसफाई सब-डिभिजन कार्यालय | ९ |
| | ३.५. | घरेलु तथा साना उद्योग कार्यालय | १० |
| | ३.६. | जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय नं. ७ | ११ |
| | ३.७. | जिल्ला कृषि विकास कार्यालय | १२ |
| | ३.८. | जिल्ला जनस्वास्थ्य कार्यालय | १३ |
| | ३.९. | जिल्ला पशु सेवा कार्यालय | १६ |
| | ३.१०. | जिल्ला प्रसासन कार्यालय | १७ |
| | ३.११. | जिल्ला प्रहरी कार्यालय | १७ |
| | ३.१२. | जिल्ला प्राविधिक कार्यालय | १७ |
| | ३.१३. | जिल्ला विकास समितिको कार्यालय | १८ |
| | ३.१४. | जिल्ला वन कार्यालय | २५ |
| | ३.१५. | जिल्ला शिक्षा कार्यालय | २६ |
| | ३.१६. | डिभिजन सडक कार्यालय | ३० |
| | ३.१७. | भवानीबक्स गण | ३२ |
| | ३.१८. | महाकाली अञ्चल अस्पताल | ३२ |
| | ३.१९. | महाकाली अञ्चल प्रहरी कार्यालय | ३४ |
| | ३.२०. | महेन्द्रनगर विकास समिति | ३४ |
| | ३.२१. | महेन्द्रनगर भन्सार कार्यालय | ३५ |
| | ३.२२. | महाकाली पथरैया सिंचाइ व्यवस्थापन डिभिजन ८ | ३५ |
| | ३.२३. | महाकाली सिंचाइ आयोजना (तेश्रो चरण) | ३६ |
| | ३.२४. | मालपोत कार्यालय बेलौरी | ३९ |
| | ३.२५. | मालपोत कार्यालय महेन्द्रनगर | ३९ |
| | ३.२६. | यातायात व्यवस्था कार्यालय | ४० |
| | ३.२७. | स्थानीय विकास कोषको सचिवालय | ४१ |
| | ३.२८. | ससस्त्र प्रहरी वल सीमा सुरक्षा कार्यालय | ४२ |
| | ३.२९. | शुक्लाफांट वन्यजन्तु आरक्ष कार्यालय | ४२ |
| | ३.३०. | सिद्धनाथ विज्ञान क्याम्पस | ४२ |
| | ३.३१. | सुदूर पश्चिमाञ्चल विश्वविद्यालय | ४३ |

| | | |
|---|---|---|
| | ३.३२. सुदूर पश्चिमाञ्चल क्षेत्रिय दंगा नियन्त्रण प्रहरी गण | ४६ |
| | ३.३३. सुदूर पश्चिम विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय | ४६ |
| | ३.३४. सुदूर पश्चिम विश्वविद्यालय, व्यवस्थापन संकाय, डिनको कार्यालय | ४६ |
| | ३.३५. सुदूर पश्चिम सिंचाई विकास डिभिजन | ४६ |
| ४. | आन्तरिक लेखापरीक्षण | ४९ |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | ५१ |
| अनुसूची २ : बेरुजूको स्थिति | | ५३ |
| अनुसूची ३ : जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | | ५५ |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | ५६ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असुली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबार र बक्यौता समेतको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ४१ कार्यालयको विस्तृत र ४७ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ८८ सरकारी कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.८ अर्ब १२ करोड ५४ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष ५० कार्यालयको प्रारम्भिक प्रतिवेदनबाट कूल दफा ८०८ र रु.४९ करोड ४ लाख ४८ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ४८ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएको ५७१ दफा र रु.५३ लाख १७ हजार मिलान गरी ५० कार्यालयको दफा २३७ र रु.४८ करोड ५१ लाख ३१ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरि बाँकी दफा संख्या कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.१३ लाख ८४ हजार र प्रतिक्रियाबाट रु.७२ हजार समेत रु.१४ लाख ५६ हजार असुल भएको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाई समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारी बमोजिम कार्य सञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानूनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुल उपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुल उपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ट प्रमाण र मनासिब कारण सहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्ति उपर नियमानुसार कारवाही सहित हानि नोक्सानी भएको रकम असुल उपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारवाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## आन्तरिक राजस्व कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम कुनै पनि कार्यालयले आफूले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कुशल र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफनो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने सम्बन्धमा अनुसूची-३० को चेकलिष्ट समेतबाट मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिई सो माथी कारवाही गरेको नदेखिएकोले उल्लेखित नियमको पालना पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

२. **करको दायरा विस्तार :** आयकर ऐन, २०५८ को दफा ७८ मा कुनै पनि व्यक्तिलाई कुनै आय विवरण वा अन्य कागजातमा स्थायी लेखा नम्बर उल्लेख गर्न आन्तरिक राजस्व विभागले आदेश दिन सक्ने व्यवस्था छ । त्यस्तै आयकर नियमावली, २०५९ को नियम २३ मा निर्धारण योग्य आय आर्जन गर्न चाहने वा आयकर ऐनको परिच्छेद १७ अन्तर्गत कर कट्टी गर्नुपर्ने दायित्व भएका जुन सुकै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु वा कर कट्टी गर्नु अगावै स्थायी लेखा नम्बर लिनु पर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० मा कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु अघि कारोबार दर्ताको लागि मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्ने व्यवस्था छ । अन्तः शुल्क ऐन, २०५८ को दफा ८ मा अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, पैठारी, बिकी वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न चाहाने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्र लिनुपर्ने व्यवस्था रहेकोमा यस वर्षको अन्तसम्म जम्मा ३२५४० ले दर्ता गराएको पाईयो । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

२.१. कम्पनी ऐन, २०६३, संस्था दर्ता ऐन, २०३४, शिक्षा ऐन, २०२८, सहकारी ऐन, २०४८, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, नेपाल चार्टर्ड एकाउन्टेण्ट्स ऐन, २०५३, मेडिकल काउन्सिल ऐन, २०२०, स्वास्थ्य व्यवसायी परिषद ऐन, २०४७, नेपाल कानून व्यवसायी परिषद ऐन, २०५० आदिमा भएका व्यवस्था अनुरुप करदाताले आफनो संस्था सम्बन्धित निकायमा एवं नियमन गर्ने निकायमा दर्ता गराउनु पर्ने व्यवस्था छ । संस्था दर्ता एवं नियमन गर्ने कार्यालयले दर्ताको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने व्यवस्था रहेतापनि ती कार्यालयबाट संस्था दर्ताको जानकारी सिधै प्राप्त हुने गरेको छैन भने आन्तरिक राजश्व कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र कारोबार सञ्चालन गरिरहेका निकायहरुको विवरण संस्था दर्ता तथा नियमन गर्ने कार्यालयबाट लिई ती निकायले स्थायी लेखा नम्बर लिए नलिएको सम्बन्धमा कार्यालयको अभिलेखसंग भिडान गर्ने गरेको देखिएन ।

२.२. कार्यालयको अभिलेखबाट ४३३ सहकारीले मात्र स्थायी लेखा नम्बर लिएको देखिन्छ । सहकारी विभागबाट प्रकाशित सहकारी संघ/संस्थाहरुको तथ्यांक अनुसार २०७३ आषाढ मसान्तसम्म यस क्षेत्रमा सहकारी संस्थाको रुपमा दर्ता भएका तर स्थायी लेखा नम्बर नलिएका सहकारी संस्थाहरुको खोजी गर्नु पर्ने देखिन्छ ।

२.३. यस कार्यालयबाट ३४ वटा शैक्षिक संस्था मात्र स्थायी लेखा नम्बर लिएको देखिएकोले शिक्षा विभागबाट प्रकाशित फ्ल्याश रिपोर्ट-२ अनुसार यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता भएका तर स्थायी लेखा नम्बर नलिएका संस्थागत विद्यालयहरुको खोजी गर्नु पर्ने देखिन्छ ।

२.४. प्राइभेट फर्म सम्बन्धी मापदण्ड, २०७१ को दफा १२ मा आयात निर्यात, स्थानीय खुद्रा व्यापार र स्थानीय थोक व्यापारको उद्देश्य राखी दर्ता हुने प्राइभेट फर्मको वर्गीकरण र न्यूनतम पूंजीको सिमा

कायम गरिएको छ। सो अनुसार रु.५० लाखभन्दा बढी पूँजी देखाई यस कार्यालयको कार्य क्षेत्रभित्र दर्ता भएका प्राइभेट फर्मको विवरण सम्बन्धित निकायबाट लिई ती फर्महरु मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भए नभएको सम्बन्धमा अनुगमन गर्नु पर्ने देखिन्छ।

३. **भुक्तानीमा कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा प्रत्येक वासिन्दा व्यक्तिले भुक्तानी गर्दा ती दफाहरुमा तोकिएको दर अनुसार कर कट्टी गर्नु पर्ने व्यवस्था छ। दफा ९० मा अग्रिम कर कट्टी गर्नुपर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र विभागले तोकेको तरिका र ढाँचामा विभागमा विवरण दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा करदाताले मासिक रुपमा अग्रिम कर कट्टीको विवरण दाखिला गरे नगरेको सम्बन्धमा कार्यालयबाट अनुगमन गरेको नदेखिएकोले अनुगमन गरिनुपर्दछ।

करदाताहरुले अग्रिम कर कट्टा गरी रकम बैंक भौचर मार्फत् दाखिला गरेपछि कर कटाइएका करदाताहरुले आय विवरण पेश गर्दा लाग्ने आयकर वा पहिले कटाई दाखिला भएको कर रकम अनुसूची १० मार्फत् दाबी गर्दा कुनै खास नम्बरको बैंक भौचरबाट धेरै करदाताहरुले दाबी गर्न सक्ने अवस्था रहेको छ। भौचरको रकम पहिले नै दाबी भइसकेको वा भौचर रकममध्ये निश्चित रकम मात्र दाबी गर्न बांकी रहेको जानकारी विद्युतीय अभिलेख प्रणालीले दिने व्यवस्था रहेको छैन जसले गर्दा कुनै खास भौचरमा उल्लिखित रकम धेरै करदाताले अनुसूची १० बाट दाबी गर्न सक्ने अवस्था रहेकोले सुधार हुनुपर्दछ।

४. **आय विवरण** : आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र दफा ९८ बमोजिम म्याद थप भएकोमा सो म्यादभित्र सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने १९३१३ करदातामध्ये ११९४० करदाताले मात्र आय विवरण दाखिला गरेको अभिलेखबाट देखिन्छ। जसमध्ये डे १ विवरण ९५१७ र डे ३ विवरण २४२३ रहेका छन्। कानूनमा तोकिएको समयमा आय विवरण दाखिला नगर्ने ७३७३ करदाताको खोजी गरी आय विवरण दाखिला गर्न लगाउने कार्य भएको नपाइएकोले कार्यालयबाट अनुगमन हुनुपर्दछ।

५. **आर्थिक विवरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र लगती राजस्व रकम र असुल हुन बाँकी रकम तथा हसबली राजस्व समेतको कच्चावारी समेत भिडाई राजस्वको वार्षिक आर्थिक विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार १२ महिना भन्दा बढी क्रेडिट हुने करदाता २८९ रहेका छन्। सो मध्ये ६० महिना देखि २०४ महिना सम्म क्रेडिटमा रहने पाँच करदाता रहेका छन्। मूल्य अभिवृद्धि करमा क्रेडिट देखाई विवरण पेश गर्ने यस्ता करदाताहरुको कारोबारका सम्बन्धमा कार्यालयबाट विषेश निगरानी राखी वास्तविक क्रेडिटको अवस्था यकिन गरी मूल्य अभिवृद्धि कर डेबिटमा ल्याउन प्रभावकारी पहल हुनु पर्ने देखिन्छ।

६. **वक्यौता राजस्व असुली** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ मा कर असुल गर्न सक्ने तरिका उल्लेख छ। आयकर ऐन, २०५८ को दफा १०९ मा कर वक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनु पर्ने व्यक्ति वा निजको रकम जिम्मा लिने व्यक्ति समेतलाई रकम दाखिला गर्न आदेश दिई असुल गर्न सक्ने व्यवस्था छ। अन्तःशुल्क ऐन, २०५८ को दफा १०ज मा अन्तःशुल्क अधिकृतले अन्तःशुल्क असुल गर्ने तरिका उल्लेख गरेको छ। वक्यौता असुली सम्बन्धमा कार्यालयबाट भएका कारवाहीको मूल्याङ्कन गर्न कार्यालयमा रहेको माग असुली किताब तथा करदाताको फाइल परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

६.१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र नबुझाएमा बाँकी रहेको कर रकममा

वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये २०७३ आषाढ मसान्तसम्म १०५९ करदाताको कर रु.७,४९,२१,२७५।- बाँकी रहेकोमा मूल्य अभिवृद्धि कर रु.५,४८,९६,५४८।- रहेको छ । २०७३ आषाढ मसान्तसम्म वक्यौता राख्ने करदातामध्ये केही करदाताहरुले हालसम्म रकम दाखिला गरेको देखिएन ।

६.२. कार्यालय अन्तरगत रहेका करदाताहरुमध्ये विभिन्न करदाताहरुसंग २०७२।७३ को आयकर रु.१,३९,७५,५८०।६५ अन्तःशुल्क रु.९०,९७,२८४।७३ गरी रु.२,३०,७२,८६५।३८ असुल गर्न बांकी रहेको छ ।

७. **राजस्व लेखा प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ देखि १८ सम्म राजस्व दाखिला र राजस्वको लेखा सम्बन्धमा व्यवस्था गरिएको छ । यसका लागि महालेखा नियन्त्रक कार्यालयले राजस्व लेखा निर्देशिका जारी गरेको छ भने आन्तरिक राजस्व विभागले राजस्वको लेखा राख्न एवं प्रतिवेदन जारी गर्न विद्युतीय कर प्रणालीमा राजस्व लेखा प्रणाली सम्बन्धी अलग पोर्टलको व्यवस्था गरेको छ । राजश्व लेखा प्रणालीको अभिन्न अङ्गको रुपमा रहेको निर्धारित कर माग र असुली किताब म.ले.प.फा.नं. (३९) लाई आन्तरिक राजस्व विभागले राजस्व लेखा प्रणालीमा समावेश नगरेकाले कार्यालयले हस्तलिखित अभिलेख खडा गरेको छ । उक्त फारामलाई विद्युतीय माध्याममा राखेमा करदातासंग हरेक वर्ष माग गरिएको रकम र करदाताबाट माग रकममध्ये असुल भएको रकमको अनुगमन प्रभावकारी हुने देखिन्छ ।

७.१. **लेखापरीक्षकको प्रतिवेदन** : आयकर ऐन, २०५८ को दफा ९९ अनुसार आय विवरण दाखिला गर्नुपर्ने मितिमा आय विवरण दाखिला गरेको अवस्थामा कर निर्धारण गरे सरह मानिने व्यवस्थाले कर निर्धारण प्रक्रिया स्वयं करमा आधारित छ । करदाताले तयार गरेको वित्तीय विवरण तथा आय विवरण परीक्षण गरी मन्तव्य दिने काम लेखापरीक्षकको हो । कम्पनीले पेश गर्नुपर्ने वित्तीय विवरण कम्पनी ऐन, २०६३ तथा नेपाल लेखामान १ ले तोकेको र सोमा खुलासा गर्नुपर्ने व्यहोरा समेत स्पष्ट गरेको छ । कानूनले तोके अनुसारको ढाँचामा वित्तीय विवरण तयार नगर्ने, वित्तीय विवरणका सबै अंग तयार नगर्ने, वित्तीय विवरण एवं यसका अनुसूचीहरुमा तुलनात्मक विवरण पेश नगर्ने, व्यवस्थापनले उल्लेख गरे बमोजिम भनी नगद मौज्दात तथा अन्तिम मौज्दात प्रमाणित गर्ने सबै अनुसूचीहरु सिलसिलेवार रुपमा नदेखाउने लगायतका स्थिति देखिएकोले यसमा सुधार हुनुपर्दछ ।

८. **कर परीक्षण** : आयकर ऐन, २०५८ को दफा ९५(७), ९६(५), १००(२), १०१ एवं मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ आन्तरिक राजस्व विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ । यसरी गरिएको संशोधत कर निर्धारणमा पुनः संशोधन गर्न विभागले उपयुक्त ठानेमा जतिपटक पनि संशोधन गर्न सक्ने र यस्तो निर्धारण आय विवरण पेश गरेको मितिले चार वर्षभित्र गरिसक्नु पर्ने व्यवस्था रहेको छ ।

८.१. आयकर ऐन, २०५८ अनुरुप पेश भएका आय विवरणमध्ये पूर्ण कर परीक्षणका लागि गत वर्षहरुमा छनौट भएकामध्ये परीक्षण हुन बाँकी रही जिम्मेवारी सरेका २७ र यो वर्ष आय विवरण पेश गरेका ११९४० करदाताहरुमध्ये ५० आय विवरण पेश गर्ने करदाताको ०.६४ प्रतिशत करदाताको यो वर्ष पूर्ण करपरीक्षण गर्नु पर्नेमा ६२ मात्र करदाताको कर परीक्षण हुन सकेको देखियो । पेश भएका आय विवरण मध्ये डे ३ पेश गर्ने करदाताहरुमध्ये २.५५ प्रतिशत करदाताहरुको मात्र कर परीक्षण भएको छ । यसबाट ज्यादै कम करदाताका फाइल कर परीक्षण गर्न छनौट गर्ने र छनौट भएका मध्ये पनि कम करदाताको मात्र कर परीक्षण हुने गरेको पाइयो । अतः आय विवरण पेश गरेका सबै करदाताहरुको चार वर्षभित्र कर परीक्षण गर्ने नीति अवलम्बन गर्न आवश्यक सुधार गर्दै लानु पर्ने देखिन्छ ।

८.२. कर परीक्षणबाट निर्धारण भएको आयकर रु.७९ लाख ०५ हजार, मूल्य अभिवृद्धि कर रु.२९ करोड ११ लाख १७ हजार र अन्तःशुल्क रु.४८ हजार तथा रु.२ करोड ६२ लाख ५८ हजार सञ्चित

नोक्सानी घटाइएको मासिक कार्यसम्पादन प्रतिवेदनबाट देखिन्छ । यसबाट दर्ता भएका सबै आय विवरणहरुको कर परीक्षण गर्ने नीति अवलम्बन गरिएमा नेपाल सरकारको राजस्वमा थप योगदान हुने भएकाले जोखिमका क्षेत्र पत्ता लगाई करपरीक्षणको दायरा बढाउनु आवश्यक देखिएको छ ।

९. **कर छुट पाउने संस्था** : आयकर ऐन, २०५८ को दफा २(ध) मा छुट पाउने संस्थाको विवरण उल्लेख छ । आयकर नियमावली, २०५९ को नियम ३ मा कर छुटको निवेदन दिने कार्यविधि तोकिएको छ । यस्ता निकायहरुले वित्तीय विवरण अनिवार्य रुपमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । आयकर निर्देशिका, २०६६ को परिच्छेद ९.३ मा कुनै व्यक्तिले सो संस्थालाई दिएको चन्दा, उपहार, प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आशा नगरी संस्थाको कार्यसंग प्रत्यक्ष रुपले सम्बन्धित अन्य योगदानहरु बाहेक अन्यमा कर छुट नहुने, भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने, अग्रिम कर कटाएको विवरण पेश गर्नु पर्ने, लेखापरीक्षकले प्रतिवेदनमा अग्रिम कर कट्टी र संस्थाको उद्देश्य अनुसार कार्य गरेको उल्लेख गर्नु पर्ने, विधानमा उल्लेख भएको उद्देश्य विपरीत काम गर्न नपाइने व्यवस्था गरेको छ । चालु आर्थिक वर्ष हालसम्म मात्र ५ वटा नयाँ संस्थाले कर छुटको प्रमाणपत्र प्राप्त गरेको तथा गत वर्षसम्म छुटको प्रमाणपत्र लिएका कुनै संस्थाले नवीकरण गरेको पाइएन ।

१०. **स्वास्थ्य सेवा कर** : आर्थिक ऐन, २०७१ को दफा ७ मा नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामुदायिक अस्पतालहरुले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेकका अन्य निकायहरुले प्रदान गर्ने स्वास्थ्य सेवाहरुमा जारी बीजक मूल्यको पाँच प्रतिशतका दरले स्वास्थ्य सेवा कर लगाई असुल गरिने व्यवस्था छ । यस वर्ष कार्यालयले रु.७९ हजार शुल्क असुल गर्ने लक्ष्य भएकोमा रु.६ लाख ७६ हजार असुल भएको देखाएको छ । कार्यालयको अभिलेखबाट ४ अस्पतालले स्थायी लेखा नम्बर लिएको देखिन्छ । यस जिल्लामा कारोबार स्थल राखी सम्बन्धित निकायमा दर्ता भएका निकायले स्थायी लेखा नम्बर लिए नलिएको र आय विवरण एवं शुल्क दाखिला गरे नगरेको सम्बन्धमा कार्यालयलले विद्युतीय माध्यममा अभिलेख खडा गरी प्रभावकारी रुपमा अनुगमन गर्नु पर्दछ ।

११. **सामाजिक सुरक्षा कर** : सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७ अनुसार सामाजिक सुरक्षा कोषले योगदानकर्ताहरुलाई परिचयपत्र जारी गर्ने व्यवस्था समेत रहेको छ । यस वर्ष सामाजिक सुरक्षा कर वापत रु.७,०२,१९,०००।- असुल भई नेपाल सरकारको राजश्व खातामा दाखिला भएको छ । करदाताहरुले आय विवरण पेश गर्दा करदाताले धेरै जना कर्मचारी वा कामदार देखाई उनीहरुलाई यस्तो कर लाग्ने रकमको सीमासम्म तलब भुक्तानी भएको देखाउने गरेको पाइयो । यस्तो करलाई व्यवस्थित गर्न कर दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्न लगाउने वा कामदार तथा कर्मचारीलाई विभागले व्यक्तिगत स्थायी लेखा नम्बर लिन अनिवार्य गर्नु पर्ने देखिन्छ ।

१२. **मिस म्याच** : करदाताहरुले आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय विवरण पेश गर्दा अनुसूची १३ का साथ रु.५ लाख भन्दा बढीको खरिद/बिक्री/आसामी/साहूको विवरण अनिवार्य रुपमा पेश गर्नु पर्दछ । एक करदाताले प्रतिवेदन गरेको रकम र अर्को सम्बन्धित करदाताले प्रतिवेदन गरेको रकम एक आपसमा भिडान हुनु पर्दछ र भिडान नभएमा कर परीक्षण गर्दा करदाताको यथार्थ कर दायित्व पहिचान गर्नु पर्दछ । यस कार्यालय अन्तरगतका करदाताले अन्य कार्यालय अन्तरगतका करदाताको तथा अन्य कार्यालय अन्तरगतका करदाताले यस कार्यालय अन्तरगतका करदाताले देखाएको बिक्री, खरिद, आसामी तथा साहू नदेखाएको सम्बन्धमा छानबिन गर्न अन्य कार्यालयहरुलाई जानकारी दिएको तथा अन्यले यस कार्यालयमा पठाएको पत्र उपर भएको कारवाहीको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । अन्य कार्यालयलाई जानकारी दिएपछि सो पत्रको कार्यान्वयन अवस्थाको अनुगमन भएको पाइएन ।

१३. **कर परीक्षण** : आयकर ऐन, २०५८ को दफा १०० अनुसार करदाताको कारोवार तथा जोखिम पक्षलाई विशलेषण गरी कर कारोवारको जोखीम जस्ता पक्षलाई मध्यनजर राखी कर परीक्षणको

नीति वनाई परीक्षण गर्नु पर्नेमा केहि ठूलो करोवार गर्ने करदाता समेत परीक्षणको दायरामा आएको देखिएन । कार्यालय एवं विभागले कर परीक्षणका लागि यो बर्ष रु.१० करोड भन्दा माथि रु.३१ करोड ६५ लाख सम्म कारोवार गर्ने बिभिन्न ११ करदाताहरु कर परीक्षणको लागि छनौट गरेको पाईएन ।

१४. **करको दायरा :** आयकर ऐन, २०५८ को दफा ७ मा कुनै व्यवसायबाट भएको मुनाफा र लाभहरु सो व्यक्तिको आय हुने उल्लेख छ। यस कार्यालयको कार्य क्षेत्र भित्र सरकारी काम काज गरी ठूलो रकम भुक्तानी लिने ९ (नौ) व्यक्तिले आयकर तथा मूल्य अभिवृद्धि करको दायरामा आएका छैनन् । अर्थ मन्त्रालय मातहतको कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल खाता कोष प्रणालीबाट भुक्तानी लिएका व्यक्ति/संस्थालाई करको दायरामा ल्याउन सूचनाको आदान प्रदान नगरेबाट सरकारी कारोवार समेत करको दायरामा नआएका र आएकाले पनि पूर्ण विवरण पेश नगरी कर छली गरेको समेत देखिएकोले थप छानविन गरी छुट भएको कर असुल गर्नु पर्दछ । करदातालाई करको दायरामा ल्याउन एकल खाता कोष प्रणालीको तथ्यांकलाई समेत आन्तरिक राजस्व तथ्याङ्कसंग आवद्ध गराउनु पर्दछ ।

१५. **पूर्णकर परीक्षणतर्फ :** यस सम्बन्धमा देहाय बमोजिम देखिएको छ :

१५.१. आयकर ऐन, २०५८ को दफा ४० अनुसार सम्पत्ति तथा दायित्व निसर्गको रकमलाई आयमा समावेश गर्नुपर्दछ । एक करदाताको गत वर्ष एक उद्योगसँग कुनै कारोबार नभएको र यो वर्ष रु.९,९७,६१३।- को मात्र खरिद गरेकोमा रु.१४,७९,५०४।- भुक्तानी दिन बाँकी देखाएको पाइयो । फरक रु.४,८१,८९१।- लाई अवास्तविक दायित्वको रुपमा आयमा समावेश गरी कर तथा शुल्क रु.१,८०,७०९/- असुल गर्नु पर्दछ ।

१५.२. आयकर ऐन, २०५८ को अनुसूची १ को दफा २ अनुसार गुटखा व्यावसायीको कारोबारमा ३० प्रतिशत कर लाग्नेमा एक करदाताको २५ प्रतिशतले गणना गरेकोले छुट भएको करमा शुल्क सहित रु.६८,८०५/- असुल गर्नुपर्दछ ।

१५.३. एक करदाताले आय वर्ष २०७०।७१ को आय विवरण पेश गर्दा दाबी गरेको ब्याज खर्च रु.९,९५,७९३।- मा ऋण तथा ब्याज भुक्तानीको यकिन विवरण विना नै खर्च दाबी गरेकोले प्रमाण बेगरको खर्चलाई आयकर ऐन, २०५८ को दफा १४ अनुसार कट्टा गर्न मिल्ने देखिँदैन । अतः सो रकमलाई आयमा समावेश गरी ऐनको अनुसूची १ अनुसार लाग्ने २५ प्रतिशत कर रु.२,४८,९४८।- र १२०(क) अनुसारको ५० प्रतिशत शुल्क रु.१,२४,४७८।- समेत हुने रकम रु.३७२,७२२/- असुल हुनुपर्दछ ।

१५.४. एक करदाताले २०७१।७२ को आय विवरण पेश गर्दा आयकर ऐन, २०५८ को दफा १४ अनुसार रु.२,५४,३२४।२१ व्याज खर्च दाबी गरेकोमा सोको प्रमाण संलग्न नरहेकोले निजले देखाएको ब्याज खर्च रु २,५४,३२४।२१ मा एकिन हुन नसकिएको हुँदा छानबिन गरी आयकर ऐन २०५८ का अनुसूची १ अनुसार लाग्ने २५ प्रतिशत कर ६३,५८१।०५ र दफा १२०(क) बमोजिमको शुल्क ५० प्रतिशतले हुने रु.३१,७९०।- समेत जम्मा रु.९५,३७१।- असुल हुनुपर्दछ ।

१६. **सरसर्ती लेखापरीक्षण** : यस सम्बन्धमा देहाय बमोजिम देखिएको छ :

१६.१. एक होटल व्यवसायीले गत वर्षको बिक्री १,९१,९४,८१२।- हुँदा सो को बिक्री लागत रु.७२,७३,१३७।९४ अर्थात् ३७.८९ प्रतिशत बिक्रीको लागत भएकोमा यो वर्ष रु.२,९१,३६,३१९।- मा रु.२,१५,९५,२५४।- अर्थात् ७४.१२ प्रतिशत देखाई अस्वाभाविक रुपमा गत वर्षभन्दा दोब्बर बिक्रीको लागत देखाई आय विवरण पेश गरेकोले छानबिन गर्नु पर्दछ ।

उक्त होटलले एक क्लब मार्फत क्यासिनो संचालन गरेको छलफलमा जानकारी हुन आयो । सो वापत क्लबले तिरेको भाडालाई करदाताले अन्य आयमा देखाएको छ । मूल्य अभिवृद्धि

कर ऐन, २०५२ को अनुसूची १ को समूह १२ अनुसार आम्दानी रु.२६,९४,८६४।- मा १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु.३५०,३३२।३२ मा २५ प्रतिशत जरिवाना, व्याज गणना गरी असुल गर्नुपर्नेमा आन्तरिक राजस्व विभागको २०६१।०८।०७ को परिपत्र बमोजिम मूल्य अभिवृद्धि कर नलाग्ने भनाइ कार्यालयको रहेको छ ।

१६.२. मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४१.२ मा अटो मोवाइल्स खरिदमा ४० प्रतिशत मात्र मूल्य अभिवृद्धिकर क्रेडिट पाइने व्यवस्था छ । करदाताले पेश गरेको अनुसूची १३ को विवरणमा एक ट्रेडिङ्ग कम्पनीसंग रु.५०,४४,२४७।- को गाडी खरिद गरेकोमा सोको ६० प्रतिशत मूल्य अभिवृद्धि कर रु.३,९३,४५१।- डेबिट समायोजन गरेको मूल्य अभिवृद्धि करको रिर्टन डिटेल्सबाट नदेखिएकोले सो दरमा २५ प्रतिशत जरिवाना र व्याज सहित गणना गरी रु.४,९१,८१४/- असुल गर्नुपर्दछ । छानबिन गरी यकिन गरिने कार्यालयको भनाइ रहेको छ ।

१७. **मूल्य अभिवृद्धि कर फिर्ता** : आर्थिक ऐन, २०७२ को दफा २४ को व्यवस्था अनुसार होपडी गाउं जलविद्युत संस्थालाई २०६५।१२।२१ देखि ०६९।३।१८ सम्मको मूल्य अभिवृद्धि कर रु.१४,३३,८२३।२६ दाबी गरेकोमा कार्यालयको २०७३।२।९ को मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी छानबिन प्रतिवेदन अनुसार सक्कल बीजक नभएको भनी रु.४,३०,५२७।५० नपाउने ठहर गरी रु.१०,०३२९५।७६ मूल्य अभिवृद्धि कर फिर्ता दिएको छ । उक्त संस्था जिल्ला जलश्रोत समिति, दार्चुलामा २०६६।३।१६ मा दर्ता भएकोमा उक्त संस्थाले दर्ता हुनु पूर्वका विभिन्न पाँच बीजकबाट दाबी गरी भुक्तानी लिएको देखियो । आर्थिक ऐनमा कुन कुन आधारमा दिने भन्ने स्पष्ट नखुलेको र संस्थाले दर्ता हुनु अगावै २०६५ फाल्गुणमा विधान पारित गरी नेपाल मेशिन एण्ड स्टील स्ट्रक्चरसंग सम्झौता गरी सामान खरिद गरेको देखिएकोले कुन अवधिसम्मको मूल्य अभिवृद्धि कर फिर्ता दिने हो सो सम्बन्धमा तालुक निकायबाट स्पष्ट गर्नुपर्दछ ।

## कारागार कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ

## कोष तथा लेखा नियन्त्रक कार्यालय

१. **आन्तरिक लेखापरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०७ ले आन्तरिक लेखापरीक्षणको काम कोष तथा लेखा नियन्त्रक कार्यालयको हुने र आन्तरिक लेखापरीक्षणले नियमितताको कार्यान्वयन पक्षमा विशेष ध्यान दिनुपर्नेमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा निम्न व्यहोरा नखुलाएको तथा परीक्षणको क्रममा सोको कार्यान्वयन भएको अवस्था नदेखिएकोले आन्तरिक लेखापरीक्षण गर्दा निम्न व्यहोराको समेत अनिवार्य प्रतिवेदन हुनु पर्दछ ।

१.१. जिन्सी निरीक्षणको प्रतिवेदन दर्ता हुनु पर्ने र म्याद भित्र त्यसमा कारवाही भएको हुनुपर्दछ ।

१.२. भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ ले गरेको व्यवस्थाको विपरित प्रतिवेदनको अभावमा समेत भुक्तानी खर्च लेखेकोमा त्यस्ता व्यहोरा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको नदेखिँदा नियमको व्यवस्था प्रतिवेदनमै उल्लेख गरी कार्यान्वयन गरिनु पर्दछ ।

२. **धरौटी फरफारक** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६४ अनुसार प्रयोजन वा शर्तनामा पुरा भएको धरौटी छानविन गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था भएता पनि एकल खाता कोष प्रणाली लागू भएको अवस्थामा नियम ७२(२) अनुसार आर्थिक वर्षमा कम्तीमा एक पटक कोष तथा लेखा नियन्त्रक कार्यालयले सूचना प्रकाशित गरी आवश्यक कारवाही गरेको देखिएन । अतः विभिन्न कार्यालयबाट छुट्टा छुट्टै कारवाही चलाउनुको सट्टा मितव्ययी दृष्टिले समेत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यान्वयन गरी फरफारक गरिनु पर्दछ ।

३. **सफ्टवेयरको सुधार** : जिल्लागत एकमुष्ट विवरणको अध्ययन गर्ने क्रममा सरकारी कोषको परिचालन र नियन्त्रण गर्ने निकायको अभिलेख व्यवस्थाबाट सबै पक्ष आस्वश्त हुन आवश्यक छ तापनि निश्चित अवधिको अभिलेख भिडान गर्ने क्रममा २०७३ वैशाख ३ देखि आषाढसम्मको खर्च रकम ४० प्रतिशतको सीमाभित्र रहे, नरहेको तथा आषाढको खर्च २० प्रतिशत नाघे/ननाघेको अभिलेख कार्यालयले सञ्चालनमा ल्याएको सफ्टवयेरबाट एकमुष्ट नदेखिएकोले यसमा सुधार हुनु आवश्यक देखियो ।

४. **अभिलेख** : आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजूको फछ्र्यौट तथा त्यसको अभिलेख कार्यालयले अद्यावधिक गरेको पाइएन । अभिलेख अद्यावधिक नहुँदा आन्तरिक लेखापरीक्षणको व्यहोरा र कार्यान्वय सम्बन्धमा मूल्याङ्कन गर्ने आधार रहेन ।

## खानेपानी तथा सरसफाइ सब–डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आयोजनाले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को २३(२) अनुसार बजेट विवरण र खर्च गर्ने अख्तियारी पत्र १५ दिनभित्र पठाउनु पर्ने व्यवस्था भए तापनि पूँजीगत खर्च तर्फ अर्थिक वर्षको अन्तमा थप बजेट रु.१ करोडको अख्तियारी पठाएको छ । आर्थिक वर्षको अन्तमा थप अख्तियारी पठाएकोले तोकिएको समयमा कार्यक्रम सञ्चालन नहुने, गुणस्तरमा ह्रास आउने तथा सेवा प्रवाहमा असर पर्ने हुँदा विभागसँग समन्वय गरी समयमै अख्तियारी प्राप्त गर्नुपर्दछ ।

३. **चौमासिक खर्च** : स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष प्रथम चौमासिकमा ३.७४ प्रतिशत, दोश्रो चौमासिकमा ३१.७०, तेश्रोमा मात्र ६४.५९ र अषाढ महिनामा मात्र ३५.८५ प्रतिशत खर्च गरेको छ । आर्थिक वर्षको अन्तमा अधिक बजेट खर्च गरी कार्य गर्दा कामको गुणस्तरमा कमी आउने हुँदा स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नु पर्दछ ।

४. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा लागत अनुमान तथा ठेक्का व्यवस्थापन गर्ने कार्य प्रथम चौमासिक अवधिमा गर्नु पर्ने उल्लेख छ । कार्यालयले १० वटा ठेक्काको रु.३९४,९३,०००।- सम्झौता गरेको मध्ये प्रथम चौमासिकमा १ वटा (२४ लाख ११ हजार), दोस्रोमा ७ वटा (३ करोड ३३ लाख २० हजार) र तेस्रो चौमासिकमा २ वटा (३७ लाख ६२ हजार) ठेक्का सम्झौता गरेको छ । समयमा ठेक्का व्यवस्थापन नहुँदा हतारमा गरिएको निर्माण

कार्यमा गुणस्तरमा कमी आउने, अनुगमनमा समय अभाव हुने, निर्माण कार्य अधुरै रहने हुँदा प्रथम चौमासिक अवधिमै ठेक्का व्यवस्थापन हुनुपर्दछ ।

५. **प्रतिस्पर्धा बेगर खरीद :** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ को उपदफा २ अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । साथै सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार कार्यालयले खरीद कार्यका लागि खरीद गुरु योजना तथा वार्षिक खरीद योजना बनाई सम्भावित प्याकेज बनाई खरिद गर्नु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष विभिन्न खानेपानी आयोजनाको लागि रु.२२,८९,०३१। का सामग्रीहरु प्रतिस्पर्धा नगराई सोझै खरीद गरेकोले उक्त कार्य नियम सम्मत देखिएन । प्रचलित ऐन, नियमको पालना गरी खरिद कार्य हुनु पर्दछ ।

६. **लागत अनुमन स्वीकृति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (१) मा निर्माण कार्यको लागत अनुमान तयार गरी नियम १४ बमोजिम स्वीकृत गराउनु पर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत गत विगत वर्ष देखि नै संचालित कतिपय आयोजनाहरुको मूल लागत अनुमान हाल सम्म पनि स्वीकृत भएको पाइएन । लागत अनुमान स्वीकृत नभएकै अवस्थामा वार्षिक कार्यक्रम अनुसार आर्थिक वर्षमा सञ्चालन गरिने स्कीमहरुको मात्र अद्यावधिक लागत स्वीकृत गरी कार्य गरेकाले निर्धारित गुणस्तर तथा मापदण्ड एवं स्वीकृत ड्रइङ्ग डिजाइन अनुसार कार्य भएको यकिन गर्न कठिनाइ हुने र स्रोत साधनको सुनिश्चिता नहुने हुन्छ। लागत अनुमान स्वीकृत बेगर गत वर्ष शुरु भएको रैकवार कलवापुर श्रीपुर पोलाहा खानेपानी आयोजनामा रु.५६३,००० खर्च गरेको पाइएकोले अनियमित देखिएको छ ।

७. **जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क बमोजिम ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिनुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण एवं खरिद कार्यको मूल्य अभिवृद्धि कर रु.२६,३४,०५४। भुक्तानी गरेकोमा आन्तरिक राजश्व कार्यालयलाई ढिला गरी कारोबार मिति र बिजक नम्बर उल्लेख नगरी दिएकोले मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनु पर्दछ ।

## घरेलु तथा साना उद्योग कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक कार्यालयले कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफनो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा अनुसूची-३० को परीक्षण सूची समेतबाट परीक्षण गर्दा वार्षिक खरिद योजना नबनाएको देखिएकोले नियमको पालना हुनु पर्दछ ।

२. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८२ अनुसार सार्वजनिक निकायलाई उपयोगी र आवश्यक पर्ने तालिम गोष्ठी र सेमिनार जस्ता बिषयमा सेवा लिन परेमा एक लाख रुपैयाँसम्मको परामर्श सेवामा सार्वजनिक निकायको प्रमुख आफैंले र सो भन्दा माथिको रकमको हकमा एक तह माथिको स्वीकृति लिई सोझै वार्तावाट खरिद गर्न सकिने व्यवस्था छ । यो वर्ष कार्यालयले नियमित र मेडेपा समेतमा गरी रु.५,२०,७५०।- खर्च गरेकोमा कार्यालयले सूचीकृत गरेका प्रशिक्षकबाट सोझै सेवा लिए तापनि एक तह माथिको स्वीकृति नलिएको अवस्था देखियो । उक्त सेवा लिने सम्बन्धमा खरिद योजना पनि नबनाएको र विना प्रतिस्पर्धा सोझै खरिद गरेको देखिएकोले खर्चमा हुन सक्ने मितव्ययितालाई ख्याल गरेको पाइएन । अतः कार्यालयले प्रशिक्षकको नियुक्ति गर्दा सूचीकृत प्रशिक्षकबाट प्रतिस्पर्धा गराई गुणस्तरीय सेवा लिनुपर्दछ ।

३. **कोसेली घर निर्माण :** यो वर्ष यस कार्यक्रमको लागि रु.७ लाख बजेट व्यवस्था भएकोमा भवन निर्माणको लागि आवश्यक जग्गा छनौट हुन नसकेको कारण कार्यक्रम सम्पन्न हुन नसकेको पाइयो । कार्यालयको नाममा भवन निर्माणको लागि उपयुक्त जग्गा नभएका कारण कार्यालयले घरेलु

शिल्पकला बिक्री भण्डार लिमिटेड, महेन्द्रनगरको नाउँमा दर्ता भई घरेलु तथा साना उद्योग कार्यालय, धनगढीको स्वामित्वमा रहेको भीमदत्त नगरपालिका ४ स्थित कि. नं. ६२८ र १८०६ को जग्गा प्रयोग विहीन अवस्थामा रहेको र सो कार्यालयसंग सहमति समेत लिई यस कार्यालयको नाउँमा स्वामित्व हस्तान्तरणका लागि मिति २०७३।१।३० मा विभागमा अनुरोध गरेको पाइयो । कार्यालयले मौखिक तथा लिखित रुपमा पटक पटक विभागमा अनुरोध गर्दा पनि उक्त जग्गा कार्यालयको नाममा हस्तान्तरण भएको देखिएन । हाल संरक्षण विहीन अवस्थामा रहेको र विभाग अन्तर्गतकै अर्को कार्यालयलेले संरक्षण तथा प्रयोग गर्ने गरी माग गरेको अवस्थामा समेत जग्गा हस्तान्तरण भएको पाइएन । प्रत्येक वर्ष बजेटको व्यवस्था गर्ने तर जग्गा यकिन नभएबाट उक्त कार्यक्रमको उपादेयता सम्बन्धमा सम्बन्धित निकायको ध्यान जानु पर्ने देखियो ।

## जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय नं.७

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आयोजनाले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को २३(२) अनुसार बजेट विवरण र खर्च गर्ने अख्तियारी पत्र १५ दिनभित्र पठाउनु पर्ने व्यवस्था भए तापनि पूँजीगत खर्च तर्फ अर्थिक वर्षको अन्तमा थप बजेट रु.७३ लाख को अख्तियारी पठाएको छ। आर्थिक वर्षको अन्तमा थप अख्तियारी पठाएकोले तोकिएको समयमा कार्यक्रम सञ्चालन नहुने, गुणस्तरमा ह्रास आउने तथा सेवा प्रवाहमा असर पर्ने हुँदा विभागसँग समन्वय गरी समयमै अख्तियारी प्राप्त गर्नुपर्दछ ।

३. **चौमासिक खर्च :** यस वर्षको कूल पूँजीगत खर्च रु.२११७९९११०। गरेकोमा प्रथम चौमासीकमा रु.१ करोड ८९ लाख ९ हजार (८.९३ प्रतिशत), दोस्रोमा रु ४ करोड ६ लाख ३ हजार (१९.१७ प्रतिशत) र तेस्रोमा १५ करोड २२ लाख ८६ हजार (७१.९० प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा रु.५ करोड ७० लाख ४८ हजार २६.९३ प्रतिशत खर्च गरेको छ । आर्थिक वर्षको अन्त्यमा काम गर्दा कामको गुरणस्तरमा कमी आउन सक्ने तथा अनुगमन कमजोर हुन सक्ने हुँदा यसमा सुधार हुनु पर्दछ ।

४. **ठेक्का बन्दोबस्त** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) मा बार्षिक बजेट, कार्यक्रम कार्यान्वयन तालीका र ठेक्का पट्टा स्वीकृत गर्ने कार्यसमेत प्रथम चौमासिक अवधिमा समाप्त गरीसक्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष १८ ठेक्का व्यवस्थापन गरेकोमा प्रथम चौमासीकमा ९ ठेक्का (१६ करोड ६४ लाख ३४ हजार) दोस्रोमा ३ ठेक्का (१ करोड २६लाख ३७ हजार) र तेस्रोमा ६ ठेक्का (७६ लाख ५२ हजार) समेत रु १८ करोड ६७ लाख २४ हजारको सम्झौता गरेको छ । नियमावलीको व्यवस्था अनुसार प्रथमा चौमासीकमा ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

५. **म्याद थप :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा काबु वाहिरको परिस्थितिमा निर्माण व्यवसायीले रीत पूर्वक म्याद थप मागेकोमा कारण मनासिब देखिएमा ६ महिना सम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढी अवधि विभागीय प्रमुखले थप गर्न सक्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार यो वर्ष १३ ठेक्का मध्ये ९ ठेक्काको सुरु अवधिको ५० प्रतिशत, ४ ठेक्काको ५१ प्रतिशत भन्दा बढी र ३ ठेक्काको शत प्रतिशत सम्म म्याद थप गरेको छ ।

बन्द हडताल, देशमा भएको नाका बन्दी, निर्माण सामग्रीको आभाव आदि कारण जनाई पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गरी आयोजना लम्व्याउने परिपाटीको अन्त्य गर्दै तोकिएको समयमा आयोजनाहरु सम्पन्न गर्ने गराउने तर्फ प्रयाप्त ध्यान दिनु पर्दछ ।

५.१ दोधा नदीमा तटबन्ध निर्माणको कार्य गर्न रु.४,७५,९२,१६२। को लागत अनुमान तयार भएकोमा ३२.०२ प्रतिशत घटीमा २०७२।१२।३० भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा कार्य तालिका अनुसारको कार्य शुरु गर्न पटक पटक पत्र लेखेकोमा निर्माण व्यवसायीले लिड पार्टनरबाट निर्माणको जिम्मेवारी वहन गरिने भन्ने पत्रको आधारमा कार्य शुरु गराएको भए तापनि आन्दोलन, नाकाबन्दी, निर्माण सामग्री अभाव जस्ता कारण उल्लेख गरी म्याद थपको लागि निवेदन पेश गरेको आधारमा १२ प्रतिशत कार्य गरेको उल्लेख गरी थप आर्थिक भार नपर्ने गरी २०७३।३।२७ को विभागीय निणर्यबाट २०७३।६।२३ सम्म कुनै हर्जाना नलिई म्याद थप भएको छ । कार्यादेश भएको समयमा निर्माण कार्य शुरु नगरेको निर्माण व्यवसायीलाई पर्याप्त कारण बेगर हर्जना नलिइ म्याद थप गर्ने निर्णय उपयुक्त देखिँदैन ।

६. **कन्टिन्जेन्सी खर्च** : कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची १ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिँदैन । उक्त अनुसूची १ मा वर्क चार्ज खर्च २.५ प्रतिशत र साना तिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख भए तापनि के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको तथा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको छैन । दैनिक भ्रमण भत्ता, इन्धन खर्च, गाडी, मोटरसाइकल, कार्यालय तथा आवास भवन मर्मत, सूचना प्रकाशन जस्ता कार्यमा खर्च गरेको रु.७,७८,८१०। सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि ब.उ.शि.नं. ३५७१०९३ मा बजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट उप शीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन । ऐन नियम अनुसार ५ प्रतिशत कन्टिन्जेन्सी रकम दायरा भित्र रहेर निर्माण कार्यसंग सम्बन्धीत खर्च भएको र चालु खर्च शिर्षकमा कार्यालय संचालन खर्च न्यून बजेट मात्र भएको भन्ने कार्यालयको भनाइ रहेको छ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार वार्षिक खरिद योजना तयार नगरेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) अनुसार जिन्सी मालसामनको लिलाम तथा मर्मत नगरेको, निजामती सेवा ऐन, २०४९ को दफा ५(क) अनुसार प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) र नियम ९५ अनुसार पेश्की समयमा फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४(१)अनुसार घरजग्गाको लगत तोकिएको ढाँचामा मूल्य खुलाई नराखेको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएकोले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नु पर्दछ ।

२ **चौमासिक खर्च** : स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कूल रु.२,१५,७८,०००।- खर्च भएकोमा पहिलो चौमासिकमा १३.६७ प्रतिशत, दोस्रोमा १९.६७ र तेस्रोमा ६६.६७ र सोमध्ये पनि आषाढमा मात्र ४०.८४ प्रतिशत खर्च भएको देखियो । आर्थिक वर्षको अन्त्यमा हतारमा काम गर्दा कामको

गुणस्तरमा कमी आउन सक्ने र प्रभावकारी अनुगमनमा समेत कठिनाइ हुने हुँदा यस तर्फ सुधार हुनु पर्दछ ।

३. **कर असुली** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ (१) अनुसार सार्वजनिक निकायले १० लाख रुपैयाँभन्दा बढीको माल सामान खरिद गर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले रु.४० लाखको प्राङ्गारिक मल खरिद गरी विभिन्न २४९ कृषकलाई ५० प्रतिशत अनुदान वापत २० लाख दिँदा बोलपत्र आव्हान नगरी एक मल खाद उद्योगबाट सोझै खरिद गरी भुक्तानी दिएकोले अनियमित देखिएको छ । सो बिक्रेताले कर बीजक जारी नगरेको कूल रु.४० लाख मा आयकर ऐन २०५८ को दफा ८८ अनुसार १५ प्रतिशत कर रु.६ लाख कट्टी गर्नुपर्नेमा रु.२० लाख मात्र १.५ प्रतिशतले रु.३० हजार मात्र कट्टी गरेको देखिएकोले घटी कर रु.५ लाख ७० हजार असुल हुनु पर्दछ ।

४. **अनियमित खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ अनुसार राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएको कार्यक्रम अनुसार सहकारीमा आधारित साना सिंचाइ निर्माण संख्या १ र साना सिंचाइ निर्माण तथा मर्मत संरचना संख्या २२ गरी जम्मा २३ वटा सहकारी खेती, साना सिंचाइ योजनामा अनुदान दिनुपर्नेमा कार्यक्रम संशोधन नगरी ६१ सहकारी खेती साना सिंचाइमा रु.३१,५५,७७६। अनुदान दिएको छ । कार्यक्रम संशोधन नगरी अनुदान दिएको रकम अनियमित देखिएको छ ।

५. **घटी कर असुल** : राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड, धनगढीको मूल्य अभिवृद्धि करमा दर्ता भई कर विजक जारी नभएको अवस्थामा भुक्तानी रकममा १५ प्रतिशत कर रु.२३८७१६। कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतले २३,८७१।६० मात्र कट्टी गरेकोले आयकर ऐन, २०५८ दफा ८८ बमोजिम घटी रकम रु.२१४,८४४। असुल हुनुपर्दछ ।

६ **कर असुली** : कार्यालयले प्राङ्गारिक मल, विउ, कृषि औजार उपकरण, खरीद गर्दा तथा निर्माण मर्मत कार्यको भूक्तानी गर्दा आयकर ऐन २०५८ को दफा ८८ अनुसार १५ प्रतिशत कर कट्टा गर्नु पर्नेमा घटी असुल गरेको तथा कर असुल नै नगरेकोले विभिन्न आपुर्तक तथा व्यवसायीहरुबाट रु.७४३४०२। असुल गरी दाखिला हुनुपर्दछ ।

७ **कार्यक्रम संशोधन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ अनुसार राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएको कार्यक्रम अनुसार सहकारीमा आधारित साना सिंचाइ निर्माण संख्या १ र साना सिंचाइ निर्माण तथा मर्मत संरचना २२ गरी जम्मा २३ वटा सहकारी खेती साना सिंचाइमा अनुदान दिनुपर्नेमा कार्यक्रम संशोधन नगरि ६१ सहकारी खेती साना सिंचाइमा कार्यक्रम संशोधन नगरि रु.३१५५७७६। अनुदान दिएको, अन्य सेवा शुल्कबाट खर्च लेख्नुपर्नेमा परामर्श सेवा खर्च फरक शिर्षकबाट लेखेको रु.५०००००। एवं स्वीकृत कार्यक्रम बेगर क्यामरा एकको रु.१४४००। तथा अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्चमा बजेट नभएकोमा रु.६९०६०। समेत रु.३८३९२३६। अनियमित खर्च गरेको छ । नियमको पालना नगरी खर्च गर्न मिल्ने होइन ।

८ **कार्यस्वीकार प्रतिवेदन** : प्रस्तावित मत्स्य पालनको लागि पोखरी निर्माण गरे वापत तीन कृषकलाइ रु.४६६३५०। भुक्तानी दिएकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनसार कार्य स्वीकार प्रतिवेदन पेश भएको छैन । नियमको पालना गरि कार्य संचालन हुनु पर्दछ ।

## जिल्ला जनस्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आयोजनाले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको,

घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **चौमासिक खर्च** : तीन वटै चौमासिकमा सञ्चालन गरिने कार्यक्रमका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण गरिएको र सोही अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेमा आर्थिक वर्षको अन्त्यतिर कूल कार्यक्रम बजेटको ४३ प्रतिशत आषाढ महिनामा तथा तेस्रो चौमासिकमा मात्र ७१.३ प्रतिशत खर्च गरेको छ । तसर्थ आर्थिक वर्षको अन्ततिर अधिक खर्च गर्ने कार्यमा नियन्त्रण गरी वार्षिक कार्यक्रम, बजेट तथा लक्ष्य अनुसार चौमासिक रुपमा कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

३. **रमाना पछि तलब** : एक कर्मचारीलाई कृष्णपुर स्वास्थ्य चौकीबाट डोटी जिल्ला सरुवा भई माघ महिनासम्मको तलब भत्ता भुक्तानी लिएको विवरण सहित रमाना दिई सरुवा भएको कार्यालयमा हाजिर हुन पठाइएकोमा निजका नाममा २०७२ फाल्गुण र चैत्र तथा २०७३ वैशाख र जेठ महिना समेत ४ महिनाको जम्मा रु.९२,८००।- खर्च लेखेकोमा रु.१६,०००।- मात्र बेरुजू खातामा दाखिला भएकोले बाँकी रु.७६,८००।- असुल गरी दाखिला गर्नुपर्दछ ।

४. **एकीकृत जनस्वास्थ्य कार्यक्रम** : यस कार्यक्रम तर्फ निम्न व्यहोरा देखिएका छन् :

४.१. स्पष्ट आधार बेगर स्थानीय स्तरमा विभिन्न समीक्षा केन्द्रहरुमा भएको समीक्षा कार्यक्रममा सहभागीहरुलाई यातायात खर्च खर्च भनी प्रति व्यक्ति रु.७००।- र रु.८००।- का दरले भुक्तानी दिई खर्च जनाएको क्रमशः रु.१८,८००।- रु.१७,३००।- रु.१८,०००।- र रु.१७,३००।- गरी जम्मा रु.७१४००।- को खर्च पुष्टि गर्ने आधार पेश हुनुपर्दछ ।

४.२. प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको क्षेत्र तथा जिल्ला स्तरमा सञ्चालन हुने कार्यक्रमको कार्यान्वयन निर्देशिका २०७२/७३ मा नगर स्वास्थ्य केन्दमा भर्ना गर्नुपर्ने अ.हे.व./अ.न.मि. १ जना का.स. १ जना कर्मचारीको सेवा करार बमोजिमको पारिश्रमिक नेपाल सरकारको अनुदान र नगरपालिका लगायत अन्य संस्थाबाट प्राप्त रकमबाट म्युचुअल फण्ड स्थापना गरी भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा निर्देशिकामा उल्लेख नभएको समन्वयकर्ता पदमा एक व्यक्तिसँग करार सम्झौता गरी २०७२ कार्तिकदेखि २०७२ फाल्गुनसम्मको मासिक रु.१५,०००।- का दरले रु.७५,०००।- भुक्तानी दिई बजेट खर्च जनाएकोले निर्देशिका विपरित कर्मचारी भर्ना गरी गरिएको बजेट खर्च नियमित देखिएन ।

४.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ बमोजिम सेवाप्रदायक संस्थाको तोकिए बमोजिमका कागजातसंगै मूल्य अभिवृद्धि कर बीजक पेश भएपछि भुक्तानी दिनुपर्नेमा विभिन्न १४ स्वास्थ्य संस्थाको सामाजिक परीक्षण गर्ने कार्यसम्पन्न गरेको भनी एक संस्थालाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ विपरीत बैंक जमानत विना रु.७२,०००।- पेश्की दिएको अनियमित देखिएको छ ।

४.४. सेटेलाईट क्लिनिक सञ्चालनको लागि एक कर्मचारीलाई रु.१६७,२५३।- भुक्तानी दिई बजेट खर्च जनाएकोमा विभिन्न ४ व्यक्तिले रु.५७८०।- बुझेको भरपाई पेश नभएकोले सम्बन्धित व्यक्तिले रकम बुझेको भर्पाई पेश हुनुपर्दछ ।

५. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम कार्यालयले रु.१० लाखभन्दा माथीको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था विपरीत कार्यालयले मेशिनरी औजार उपकरण तथा औषधी खरिद गर्दा दुई कार्यक्रममा ९ पटक गरी सोझै खरिद विधिबाट रु.१७,८४,२६७।- को खरिद गरेको नियमित देखिएन ।

६. **मौज्दातको अवस्था** : यस कार्यालयबाट खरिद भएका र अन्यत्रबाट हस्तान्तरण भई आएका एमोक्सिसिलिन लगायतका १० प्रकारका औषधीको प्राप्ति, उपयोग र मौज्दातको स्थिति परीक्षण गर्दा कतिपय आवश्यकीय औषधीको न्यूनतम मौज्दात नरहेको तथा कतिपयको मौज्दात बढी

देखिएको छ । औषधी खरिद गर्दा यस वर्षको खपतको अनुमान तथा गत वर्षको मौज्दातको ध्यान दिएको देखिएन । यसरी खरिद तथा मौज्दात बढ्दै जाँदा औषधीको म्याद समाप्त भई खर्च रकम प्रतिफल विहीन हुने देखिएकोले औषधी खरिद गर्दा अनावश्यक मौज्दात नरहने गरी गर्नु पर्ने देखिन्छ ।

७. **म्याद समाप्ति एवं नोक्सानी** : औषधि खरिद गर्दा अधिक मौज्दात नरहने गरी तथा म्याद समाप्त भई खेर नजाने गरी गर्नु पर्नेमा औषधि खरिदमा ध्यान नपुऱ्याउँदा औषधीहरु म्याद समाप्त भई खेर गएको देखियो । कार्यक्रम अनुसार परीक्षण गरिएका एमोक्सिलिन यु.एस.पी. २५० एम.जी. लगायतका ९ मध्ये ३ औषधिमा म्याद गुज्री रु.२३ हजार नोक्सान भएको देखियो । म्याद समाप्त भई मौज्दातमा रहेको मूल्य औषधिका सम्बन्धमा जिम्मेवारीको यकिन गरी आवश्यक अभिलेख अद्यावधिक हुनुपर्दछ ।

८. **निःशुल्कको लोगो** : निःशुल्क उपचारको क्रममा खरिद भएका औषधीहरुमा "निःशुल्क वितरणका लागि" भन्ने लोगो लगाउनु पर्दछ । कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधीहरु मध्ये नमूना छनौट गरी परीक्षण गर्दा बढी मात्रामा खपत हुने एमोक्सिलिन यु.एस.पी. २५० एम.जी. ९ प्रकारका औषधीहरुमध्ये ३ वटा औषधीमा नेपाल सरकारवाट "निःशुल्क वितरणका लागि" भन्ने लोगो लगाएको देखिएन । औषधीमा तोकिए वमोजिम नेपाल सरकारका लागि निःशुल्क वितरणको लोगो नहुंदा औषधीको दुरुपयोग हुने सम्भावना रहेकोले कार्यालयबाट खरिद गरिएका औषधीमा निःशुल्क वितरणका लागि भन्ने लोगो अनिवार्य रुपमा लगाउनु पर्दछ ।

९. **आमा सुरक्षा कार्यक्रम** : यो वर्ष कार्यालयले ३ वटा प्राथमिक स्वास्थ्य केन्द्र तथा १६ वटा स्वास्थ्य चौकी मार्फत् ७४२९ आमाहरुको सुरक्षा प्रदान गरी रु.७८,७५,९००।- खर्च गरेको पाइयो । प्राप्त विवरण अनुसार ए.एन.सी. सेवाको सुविधा सबैभन्दा बढी २९० जनाले प्राथमिक स्वास्थ्य केन्द्र, श्रीपुरबाट र सबैभन्दा कम रौतेली विचवा हेल्थपोष्टबाट ९ जनाले लिएका छन् । नर्मल डेलीभरी तर्फ कृष्णपुर हेल्थपोष्टमा ४०७ जनाले र रौतेली विचवामा १० जनाले सुविधा लिएको देखिन्छ । त्यसै गरी कम्प्लीकेटेड डेलीभरी तर्फ श्रीपुर प्राथमिक स्वास्थ्य केन्द्रबाट २० जना र रैकवार विचवा र बाईसी विचवा स्वास्थ्य चौकीमा कुनै समस्या देखिएको पाइएन । शंकरपुर, रौतेली बिचवा, रैकवार विचवा, बाईसी बिचवा हे.पो.बाट सुविधा लिनेको संख्या न्यून देखिएकोले त्यस क्षेत्रमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्छ ।

१०. **पेश्की लागत विवरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ ले पेश्की दिंदा पेश्कीको लागत विवरण लिई आवश्यकताका आधारमा कार्यालय प्रमुखबाट स्वीकृत भएपछि मात्र पेश्की दिने व्यवस्था गरेता पनि कार्यालयले सो विवरण समेत नलिई एउटा कार्यक्रममा एउटै व्यक्तिलाई पटक पटक रु.४२ लाखसम्म पेश्की उपलब्ध गराएको र फछ्र्यौट अवस्थामा मात्र लागत विवरण लिएको देखियो । विभिन्न स्वास्थ्य केन्द्रबाट संचालन हुने कार्यक्रममा सम्बन्धित केन्द्रकै खातामा निकासा नगरी व्यक्ति विशेषलाई पेश्की दिँदा सेवा प्रभावकारी तथा आर्थिक अनुशासन सबल भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । त्यस्तै मोर्बिडिटी म्यापिङ तथा एम.एम.डि.पी. जिल्ला स्तरीय तालिम सञ्चालन खर्च बापत रु.१,९७,११०।- लेखेकोमा लागत अनुमान, तालिम सञ्चालन कार्यतालिका बेगरको खर्चको सम्बन्धमा आस्वस्त हुन सकिएन ।

११. **प्रतिवेदन तथा एकीकृत सुपरभिजन** : जिल्ला स्तरमा संचालन हुने कार्यक्रमको कार्यान्वयन कार्यविधि निर्देशिकाको निर्देशन नं. ९ मा भएको व्यवस्था अनुसार दर्ता शुल्क वापत विभिन्न संस्थालाई जाने रकमको खर्च गर्दा अभिलेख र लेखापरीक्षण समेत खर्च गर्न सक्ने व्यवस्था भएकोले संस्थालाई प्राप्त हुने अनुदानको लेखापरीक्षण गराउनु पर्ने देखिन्छ । यो वर्ष कार्यालयले ६ वटा संस्थालाई रु.२२ लाख ९१ हजार अनुदान उपलब्ध गराएकोमा उक्त अनुदानको अनुगमन प्रतिवेदन

तथा लेखा परिक्षण प्रतिवेदन प्राप्त गरी प्रगतिको समिक्षा नगरेकोले अनुदान प्रयोजन अनुसार प्रयोग भए, नभएको यकिन हुन सकेन ।

११.१. प्रकोपजन्य रोगको अभिमुखीकरण कार्यक्रम संचालनमा भएको खर्च मध्ये एक कर्मचारीलाई उपस्थिति तथा भरपाई बेगर रु.३८००।- खर्च लेखेकोले उक्त रकम असुल हुनुपर्दछ ।

११.२. एक सप्लायरबाट ६७०५ थान कपीहरु प्रतिथान रु.३८।- ले मूल्य अभिबृद्धि कर सहितको मूल्य रु.२,८७,९१३।- मा सोझै खरिद गरी भुक्तानी भएको र उक्त सामानको दाखिला तथा खर्च विवरण पेश नभएकोले खर्च नियमित देखिएन ।

११.३. विभिन्न स्वास्थ्य चौकीमा सञ्चालन गरिएको गाउँघर क्लिनिक सञ्चालनको यातायात खर्च वापत एक कर्मचारीका नाउँमा रु.१,०६,४००।- खर्च लेखिएकोमा के कसरी खर्च भएको हो यकिन गर्न नसकिएकोले सम्बन्धित कर्मचारीले रकम पाए नपाएको यकिन गरी रु.१,०६,४००।- को प्रमाण पेश हुनुपर्दछ ।

११.४. हात्तिपाईले रोगको भेरिफिकेशन, महामारी नियन्त्रण टोली परिचालन र औलो रोगको सुपरिवेक्षण समेतका लागि एक कर्मचारीका नाउँमा रु.१,२०,७५०।- खर्च लेखेकोमध्ये रु.७५,०००।- एमएमडिपि कार्यक्रमको १७ कर्मचारीले सुपरीवेक्षण गरेको खर्च लेखेकोमा सुपरीवेक्षण प्रतिवेदन बिना नै लेखिएको खर्च नियमित देखिएन ।

११.५. औलो रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्न एक कर्मचारीले लिएको पेश्की रु.१०,९७,०००।- फछ्र्यौट गरेकोमा कार्यालयबाट कार्ययोजना सहित कार्यान्वयन गर्ने निर्णय, सुपरभिजनमा लेखेको खर्चको सुपरभिजन प्रतिवेदन, छनौट भई काम गरेको फोरमेन, स्प्रेयर, आई.डि.ले गरेको काम र गा.वि.स, सम्बन्धित क्षेत्रको स्वास्थ्य संस्था वा गा.वि.स./न.पा. बाट काम भएको भन्ने सिफरिश, प्रत्येक कार्यक्रमको खर्चको प्रमाण छुट्टाछुट्टै राखी तयार गरेको तेरिज सहितका प्रमाण पेश्की फछ्र्यौटको भौचर साथ संलग्न नरहेकोले उक्त पेश्की फछ्र्यौट नियमित देखिएन ।

१२. **पेश्की** : विभिन्न १५ संस्थालाई दिएको पेश्की रु.८०,०००/- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार आर्थिक वर्षको अन्तमा समेत फछ्र्यौट हुन नसकी बाँकी रहेको देखिएकोले फछ्र्यौट गरी गराई सोको प्रमाण पेश हुनुपर्दछ ।

## जिल्ला पशु सेवा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मरर्मत नगरेको, घरजग्गाको लगत तोकिएको ढाँचामा मुल्य खुलाई नराखेको, निजामती सेवा ऐन अनुसार प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, पेश्की समयमा फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि  कार्यक्रम व्यवस्थित नगरेको, तालुक निकायबाट हुने निरीक्षणको अभिलेख नराखेको, मर्मत अभिलेख नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **प्रतिस्पधा बेगर खरीद** : सार्वजनिक खरिद ऐन,२०६३ बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ । सार्वजनकि खरिद नियमावली, २०६४ अनुरुप कार्यालयले खरिद कार्यका लागि वार्षिक खरीद योजना बनाई खरीद गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष औषधि खरीद र कार्यक्रम बजेटबाट विभिन्न फर्म र विभिन्न मितिमा प्रतिस्पर्धा नगराई रु.१५३७३४०।- औषधि र सर्जिकल सामानहरु  खरिद गरेको पाइयो । स्वीकृत वार्षिक कार्यक्रम अनुसार वजेट व्यवस्था भए अनुसार प्रतिस्पर्धा गराइ खरिद कार्य हुन पर्दछ ।

३. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली २०६४ अनूरुप कन्टिन्जेन्सीको रकम मध्ये वर्कचार्ट खर्चमा २.५ सानातिना अन्य खर्चमा २.५ प्रतिशत खर्च गर्न सक्ने व्यवस्था छ । वर्क चार्टस्टाफ खर्च र सानतिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सो सम्वन्धमा ऐन नियममा स्पस्ट व्यवस्था छैन । कार्यालयले सेड निर्माण कार्य र खानेपानी व्ययवस्था, टेवा पर्खाल निर्माण, रंगरोगन तथा मर्मत कार्यको लागि छुट्टाएको कन्टिन्जेन्सीबाट कार्यालयले दैनिक भ्रमण भत्ता, मर्मत, इन्धन, चिया नास्ता जस्ता कार्यमा रु ९०५५५।१४ खर्च गरेको छ । कार्यालय संचालनसंग सम्वन्धित खर्चहरु अन्य शीर्षकमा वजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि वजेट नपुग भएमा थप गरी खर्च गनुपर्नेमा कन्टिन्जेन्सी रकम उपयुक्त कार्यमा खर्च भएकोले नियम संगत देखिएन ।

४. **अनियमित ज्याला** : सरसफाई वापत ज्यामीहरुको पारिश्रमिक रु.१७४००।- भुक्तानी गरेको छ । उक्त रकम बजेट खर्च नं. २९२२१ भवन निर्माणको कन्टिजेन्सीबाट सार्वजनिक निर्माण सुधारबाट भुक्तानी गर्नुपर्नेमा परामर्श सेवाबाट भुक्तानी गरेकोले अनियमित देखिएको छ ।

५. **वीमा** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) अनुसार पशुसेवा कार्यक्रम अन्तर्गतको अन्य संस्था तथा कृषकलाई चालु अनुदान शीर्षकबाट चालु अनुदान कार्यक्रम वमोजिम पाच वटा वा सो भन्दा वढी पशुको विमा गराएमा अनुदान दिने व्यवस्था भए वमोजिम तीन संस्थाहरुलाइ रु.१५००००। दिएकोमा संस्थाहरुले वीमा गराएको पोलीसी तथा विजक पेश नगरेकोले पेश हुनुपर्दछ ।

## जिल्ला प्रसासन कार्यालय

१. **मुल्य अभिवृद्धि कर** : मुल्य अभिवृद्धि कर ऐन ,२०५२ को दफा १४(१) मा मुल्य अभिवृद्धिकरमा दर्ता भएका प्रत्येक फर्मले प्रापकलाइ तोकीएको ढांचामा कर विजक दिनुपर्ने व्यवस्था छ । एक निर्माण व्यवसायीले भवन निर्माण कार्य गरी १२ औ रनींग विलको रु ५७८७८४८।८७ (मु.अ.कर समेत) भुक्तानी लिएकोमा कर विजक केरमेट गरेकोले उक्त कारोवारको मुल्य अभिवृद्धि कर रकम रु.६६५८५८। समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ । त्यस्तै १३ औ रनींग विलको भुक्तानी दिएकोमा निर्माण व्यवसायीले भुक्तानी लिएको रकम भन्दा कम विजक जारी गरेको रु.३७२६९९।६६ को सम्वन्धीत आन्तरिक राजश्व कार्यालयबाट मुल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

## जिल्ला प्रहरी कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२ **एजविल्ट नक्सा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिम एजविल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । यस बर्ष निर्माण व्यवसायीले सम्पन्न गरेकोमा एजविल्ट पेश गरेको पाईएन । अतः सम्पन्न भएका कार्यहरुको एजविल्ट नक्सा निर्माण व्यवसायीबाट तयार गरी पेश गर्नु पर्ने देखिन्छ ।

## जिल्ला प्राविधिक कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आयोजनाले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत

नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगति** : यो वर्ष सञ्चालित ७६ कार्यक्रमा रु.१४ करोड ७७ लाख ८७ हजार खर्च गरेकोमा २ कार्यक्रमको प्रगति शुन्य, ४७ कार्यक्रममा २५ प्रतिशत र २९ कार्यक्रमको ५० प्रतिशतसम्म प्रगति भएको देखिन्छ । लक्ष्य अनुसार प्रगति नभएको सम्बन्धमा स्पष्ट पारिनु पर्दछ ।

३. **शान्तिका लागि विकास कार्यक्रम :** केन्द्रबाटै योजना तय गरी २०६९।७० देखि प्रत्येक वर्ष सानो सानो रकम विनियोजन हुँदै आएको यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका विभिन्न निर्माण कार्यहरुमा विगतमा भएको खर्चले उपलब्धि मूलक परिणाम दिन सकेको देखिएन । सानो रकमले गर्दा उपभोक्ता समिति काम गर्नका लागि उत्प्रेरित नहनु, सम्पन्न हुने अवधि लामो भएकोले सम्पन्न हुने वेलासम्म मर्मत सम्भार गर्नु पर्ने अवस्था सृजना हुने, साना साना टुक्रे आयोजनाका कारण कार्य सञ्चालन तथा अनुगमन गर्ने कार्यमा कठिनाइ भई विकासमा दिगोपना नदेखिनु, गुणस्तरीय कार्य हुनेमा आश्वस्तता कम हुने लगायतका कारण अपेक्षित प्रतिफल प्राप्त नहुने देखियो । श्री सिद्ध वैजनाथ उच्च माध्यमिक विधालय वन्साह, पिपलाडीका लागि २०६९।७० मा कार्यक्रम स्वीकृत भई २०७१।७२ सम्ममा रु.१२ लाख ४२ हजार खर्च भएको र यो वर्ष २ लाख ५० हजार बजेट व्यवस्था गरी सम्पन्न गर्ने लक्ष्य रहे तापनि एकमुष्ट कार्यसम्पन्न भएको प्रमाण पेश भएको छैन । साना साना टुक्रे आयोजनामा पटक पटक गरी खर्च गरिनुभन्दा छोटो समयमा सम्पन्न हुने आयोजनामा एकमुष्ट लगानी भएमा त्यसबाट अपेक्षित उपलब्धि हुने देखिन्छ ।

४. **सामुदायिक सिंचाइ आयोजना** : तुमडी खोला सिंचाई उपभोक्ता समिति लगायतका विभिन्न ११ निर्माण व्यवसायी समेतको नाउँमा रहेको पेश्की रु.६३,८१,०००/- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ अनुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

५. **राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण** : विभिन्न ४ कर्मचारी तथा निर्माण व्यवसायीको नाउँमा रहेको पेश्की रु.४९,४६,०००।- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ अनुसार फछ्र्यौट गरी गराई सोको प्रमाण पेश हुनुपर्दछ ।

६. **धरौटी जफत रकम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६ मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानून बमोजिम वा करारको शर्तनामा बमोजिम धरौटी रकम सदरस्याहा गरी सम्बन्धित निकायको कोष तथा राजस्वमा दाखिला गर्नुपर्नेमा कार्यालयले २०६६।६७ सम्मका ३ फर्मको नाउँमा रहेको धरौटी रु.७७,७९८।- हालसम्म फरफारक नगरेकोले नियमको पालना गरी फरफारक गर्नुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **बैंक मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार बैंक समायोजन हिसाब तयार गरी मौज्दात रकम यकिन गरे तापनि म्याद नाघेको चेक रकम रु.१३,०००।- आम्दानी जनाएको छैन ।

२. **गत वर्षको जिम्मेवारी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम आगामी वर्ष जिम्मेवारी सार्नुपर्नेमा यो वर्ष कार्यालयले कोषतर्फ गत वर्षको रु.६२,१०३/५० घटी जिम्मेवारी सारेकोले छानविन गरी यकिन गर्नुपर्ने देखिएको छ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली** : सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आफ्नो कामको प्रकृति अनुसारको उपयुक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्दछ । अनुसूची-३० को चेकलिष्ट समेतबाट कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा मूल्य नखुलेका पूराना सामानको मूल्य कायम गराई नराखेको, जिन्सी निरिक्षण गरी गराई प्रतिवेदन लिएको र सो माथी कारवाही नगरेको, कार्य विवरण तयार गरी कर्मचारीलाई अधिकार र जिम्मेवारी नदिएको, समयमै पेश्की फछर्यौट हुने नगरेको, योजनाहरुको प्रभावकारी अनुगमन मूल्यांकन नगरिएको, भ्रमण अभिलेख खाता नराखेको, बिल बिजकमा भुक्तानीको छाप नलगाएको देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गराउने तर्फ कार्यालयले सम्बन्धित कार्यक्षेत्रका पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४. **निर्णय कार्यान्वयन** : आठौं जिल्ला परिषदको निर्णयवाट राजस्व असुली सम्बन्धी र यस कार्यालय अन्तर्गत जिल्ला प्राविधिक कार्यालयमा स्थापना गरिएको प्रयोगशालामा निर्माण कार्यको गुणस्तर परीक्षण गर्दा विभिन्न दरमा परीक्षण शुल्क लिने गरी गरेको निर्णयहरु कार्यान्वयन भएको पाइएन ।

५. **स्थलगत निरीक्षण अनुगमन** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि निर्देशिका, २०६९ को ६(ख) अनुसार कार्ययोजना तयार गरी निरीक्षण तथा अनुगमनलाई व्यवस्थित गराउनु पर्ने र जिल्लाका प्रत्येक गाउँ विकास समिति तथा वडामा कम्तीमा वर्षको एक पटक आफैँ वा जिल्ला विकास समितिका कर्मचारी मार्फ स्थलगत निरीक्षण अनुगमन गर्ने व्यवस्थाको पालना हुनु पर्दछ ।

६. **योजना हस्तान्तरण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(ज) को प्रावधान अनुरुप उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भए पछि सो को रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा यो वर्ष सम्पन्न ३४८ आयोजनामध्ये ३०० हस्तान्तरण गरेको उल्लेख गरे तापनि हस्तान्तरण गरेको प्रमाण पेश भएको छैन । योजनाको अभिलेख राखी हस्तान्तरण पश्चात् सम्बन्धित लाभग्राहीलाई लिखित रुपमै योजनाप्रति जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

७. **आन्तरिक लेखापरीक्षण** : जिल्ला विकास समिति र गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण मासिक रुपमा गर्ने व्यवस्था भए पनि कारोबारको नियमित रुपमा आन्तरिक लेखापरीक्षण नगरी चौमासिक रुपमा मात्र गर्ने गरेको पाइयो । आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराई आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनु पर्दछ ।

८. **बेरुजू लगत र सम्परीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८ (ज) अनुसार गाउँ विकास समितिको बेरुजू लगत राखी सम्परीक्षण र प्रतिवेदनको अनुगमन गर्नु पर्नेमा गरेको छैन ।

९. **एकल बोर्डको निर्णय** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था विपरीत एकल बोर्डको निर्णयको आधारमा खण्डीकरण गरी परिषद्ले पारित नगरेका बिभिन्न १० योजनामा ४०,६४,४३२।- खर्च गरेको छ । एकल बोर्डको पटके निर्णयका आधारमा योजना बाँडफाँड गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्दछ ।

१०. **बोलपत्रमा सहमागिता तथा लागत** : कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष कूल ६३ बोलपत्र आह्वान गरिएकोमा १९ बोलपत्रमा १५ देखि ४५ प्रतिशतसम्म घटीमा स्वीकार गरिएकोले लागत अनुमानमा यर्थाथपरक विश्लेषण भएको छैन । न्यून कबोलबाट सम्पादित कामको गुणस्तरीयतालाई कार्यालयले अनुगमन गर्नुपर्दछ ।

११. **निर्णयमा सहभागिता** : कार्यालयबाट भएका अधिकांश निर्णयहरुमा सम्बन्धित शाखाको प्रमुख लगायत तीन तहबाट निर्णयमा पुग्नु पर्नेमा कर्मचारी कार्यालयमा हुँदा हुँदै पनि दुई तहबाट निर्णय गरेकोले सहभागितामूलक व्यावस्थापनको सिद्धान्त विपरीतका निर्णय प्रक्रियाले निर्णयको पारदर्शिता सम्बन्धमा यकिन हुन नसकिने र जिम्मेवारी वहन गराउने गर्ने पक्षमा समेत असर पर्ने देखिएकोले कार्यालयले यस्ता निर्णय प्रक्रियामा ध्यान दिनुपर्दछ ।

१२. **असम्बन्धित खर्च** : अन्य निकाय र जिविस क्वार्टरको नाममा जारी बिलबाट कार्यालयले विद्युत महसुल रु.२,३४,९८२/- भुक्तानी गरेको देखियो । कार्यालयले कर्मचारी आवास गृहमा प्रयोग हुने विद्युतको प्रयोग मितव्ययी तरीकाले गर्नु पर्दछ ।

१३. **निर्देशिकाको पालना** : अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७० को परिच्छेद ७ मा भएको व्यवस्था अनुसार बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाइने र विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था विपरीत थप ३ विज्ञ सहित आवश्यक १०८ मा १६६ जनामा सदस्य कायम गरी ५८ जनाको बढी बैठक भत्ता खर्च रु.१४,५००/- असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

१४. **कोष पूँजीगत** : यस सम्बन्धमा देहाय बमोजिम देखिएको छ :

१४.१ एक छापाखानाबाट ६५० थान जिल्ला विकास समिति योजना, २०७३।७४ छपाइको प्रतिथान रु.३९५। ले रु.२,९०,१२७- सोझै खरिद गरी भुक्तानी गरेको नियमित देखिएन ।

१४.२ विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको २०७०।११।०२ को पत्रानुसार एउटा नदीको एक आ.ई.ई. गर्ने व्यवस्था विपरित कार्यालयले महाकाली नदीको भुजेला चौकी सोता खण्ड र ऐरी पिपरिया खण्डको छुट्टाछुट्टै आ.ई.ई. गराई इन्भाईरोमेन्टल भिजन कन्सल्टेन्सीलाई रु.९,८८,७५०।- भुक्तानी गरेकोमा उक्त खर्च परिपत्र पिरीतको देखियो ।

१४.३ अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७० को परिच्छेद ७ मा भएको व्यवस्था अनुसार बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाइने र विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था विपरीत २ बैठकमा ११ जनाको बढी बैठक भत्ता रु.११,०००। असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

**१५.** **आन्तरिक आयतर्फ** : यस सम्बन्धमा देहाय बमोजिम देखिएको छ :

१५.१ कार्यालयले विगत वर्षको आय ठेक्काका ४३ व्यवसायीहरुबाट गत वर्षसम्मको रु.८१,८९७७३।८२ सेवा शुल्क, कर दस्तुर र बिक्री वापतको रकम असुल गर्न पहल नगरेकोले असुल गर्नेतर्फ तदारुकता देखाउनु पर्दछ ।

१५.२ स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१८ मा जिल्ला विकास समितिले आफ्नो क्षेत्रभित्रका नदी, नालाको बालुवा, गिट्टी, ढुंगा, स्लेट, माटो, दहत्तर, बहत्तर आदि तोकिए बमोजिम बिक्री गर्न सक्ने व्यवस्था छ । यस वर्ष पनि कार्यालयले परिमाण नियन्त्रण नगरी ढुंगा, बालुवा, गिट्टी, ग्राभेल आदिका ३ वटा ठेक्काबाट रु.३,३७,७६,४७६। असुल गरेको छ । परिमाण यकिन नगरिँदा प्राकृतिक स्रोत सम्पदाको अत्यधिक दोहन भई वातावरणमा नकारात्मक असर पर्नुका साथै जिल्ला विकास समितिलाई प्राप्त हुनुपर्ने आम्दानीमा समेत असर परेको छ । ऐन अनुसार निकासी परिमाण नियन्त्रण गरेर मात्र आफ्नो क्षेत्र अन्तर्गतका प्राकृतिक स्रोत बिक्रीको व्यवस्था मिलाउनु पर्दछ ।

**१५.३** बोलपत्रदाताले कवोल गरे अनुसार सम्झौता गरी कार्य सम्पादन गर्नुपर्नेमा भारतबाट आयात हुने माछामा दस्तुर शुल्क उठाउन २०७२।२।३० मा न्यूनतम कबोल अंक रु २० लाख ५० हजार कायम गरी आह्वान गरिएको ठेक्कामा पर्न आएका ५ बोलपत्र दातामध्ये सबैभन्दा बढी कबोल गर्ने एक निर्माण व्यवसायीको रु.४७,३२,११०। स्वीकृत भएको र २०७३।३।२० मा ७ दिनको म्याद दिई संझौताको लागि पत्राचार गर्दा निजले घरायसी र व्यक्तिगत कारण जनाई उक्त ठेक्का नलिने जानकारी २०७३।३।२७ मा दिएको छ । सोही दिन सोही कारण जनाई अन्य दुई समेतले निवेदन

दिई ठेक्का नलिएको कारण चौथोमा रहेको अर्को एक व्यवसायीले रु.२३,५१,१०१ । मा ठेक्का लिई कार्यान्वयन गर्नु पर्दा कार्यालयलाई मुल्य अभिबृद्धि कर सहित रु.२६,६०,५३०। नोक्सान भएकोमा परिषद्‌बाट आवश्यक निर्णय हुनुपर्दछ ।

**१५.४** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७५ मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पुरा भई प्रचलित कानून बमोजिम वा करारको शर्तनामा बमोजिम धरौटी रकम सम्बन्धित निकायको आय तथा राजस्वमा दाखिला गर्नुपर्नेमा कार्यालयले २०६९।७० सम्मको १० फर्मको धरौटी रु.२१३,१४६।- हिसाब मिलान गरी केन्द्र तथा आन्तरिक कोषमा दाखिला गरेको छैन ।

**१५.५** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा जिल्ला विकास समितिको कार्यालयले योजना छनौट गर्दा लागत, समय, स्रोत र त्यसबाट प्राप्त हुने प्रतिफल समेतको पूर्व अनुमान गरेर योजना छनौट गरी सञ्चालन गर्नुपर्ने व्यवस्था भए तापनि कार्यालयले २ वटा योजनाको लागत अनुमान रु.७,७१,४४,१३३/५१ भएका गत विगत वर्ष देखि सञ्चालित योजनामा यो वर्ष रु.३,८५,१४,०६५/७४ खर्च गरे तापनि सम्पन्न भएका छैनन् ।

**१५.६** सिद्धनाथ उच्च माद्यामिक विद्यालय भवन निर्माणका संयुक्त उपक्रमका एक निर्माण व्यवसायीलाई दोश्रो रनिङ्ग बिल वापत रु.१,०५,१८,५८५।९१ मा मूल्य अभिबृद्धिकर रकम रु.१३,६७,४१६।१७ समेत रु.१,१८,८६,००२।०८ भुक्तानी भएकोमा ५ प्रतिशत धरौटी वापत हुने रकम रु.५,२५,५२९।२९ कट्टा नगरी भुक्तानी दिएको नियम सम्मत नदेखिएकोले नियमको पालना हुनुपर्दछ ।

**१५.७** **वैदेशिक ऋण अनुदान** : यस कार्यक्रम तर्फ पर्यटन बोर्ड नेपालबाट २०७१।७२ मा रु.२० लाख प्राप्त भई ७ गैर सरकारी संस्थालाई रु.१९,९६,८९०।- अनुदान भुक्तानी दिएको छ । गैर सरकारी संस्था मार्फत् वर्षान्तमा मात्र कार्य सम्पादन भएको र संस्था छनौटका आधार स्पष्ट उल्लेख नगरी प्रतिस्पर्धा बेगर नै भुक्तानी गरकोले कार्यक्रमको उपादेयता सुनिश्चित गरी पारदर्शी तवरले खर्च गर्नु पर्ने देखिएको छ ।

**१५.८** **कन्टिन्जेन्सी** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को नं. १४ मा जिल्ला विकास समितिले आफ्नो स्रोतबाट सञ्चालित वा अन्य निकायको कार्यक्रमलाई पूँजीगत लगानीको रकमबाट (क) (ख) र (ग) वर्गका जिल्लामा क्रमशः ५, ४ र ३ प्रतिशत रकम छुट्याई पूँजीगत खर्चको अनुपातमा खर्च गर्न सकिने व्यवस्था छ । ग वर्गमा रहेको यस कार्यालयले ५ विभिन्न बजेट शीर्षकहरुमा शीर्षकगत रुपमा नियमले तोकेभन्दा रु.१,९४,३६५/- बढी कन्टिन्जेन्सी खर्च लेखेको छ । समग्रमा बढी खर्च नगरे तापनि कार्यक्रम स्वीकृत गराई कार्य विधिको पालना गर्नुपर्नेमा सो भएको नदेखिएकोले नियमसंगत देखिएन ।

**१५.९** **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२(३) अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ। कार्यालयले पूँजीगत कोष, मर्मत सम्भार कोष र वातावरण विकास कोषमा विभिन्न कामको लागि गत वर्षसम्म दिएको पेश्की रु.३,२८,९६,५१०।- र चालु आर्थिक वर्षको पेश्की रु.६८८,५००/- आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट भएको नपाइएकोले आवश्यक कारवाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ ।

**१६.** **अनुदान चालु** : यसमा देहायका व्यहोरा देखिएका छन् :

१६.१ कृष्णपुर नगरपालिकालाई बाल बालिकाहरुका लागि खेलकुद सामग्री खरिद गरी रु.६०,०००।- भुक्तानी खर्च जनाएकोमा भरपाई पेश नभएकाले भरपाई पेश हुनुपर्दछ ।

१६.२ झलारी पिपलाडी नगरपालिकामा २०७३।१।२० देखि २०७३।३।१९ सम्म सञ्चालित कमैया र वादी महिला ३० जनाको लागि बेत, बाँस तालिम वापत रु.१,६९,०००।- खर्च लेखेकोमा सहभागीको उपस्थिति, खरिद सामान हस्तान्तरण नदेखिएको र २३ प्रमाण पत्र मात्र छपाएको देखिएकोले खर्चको वास्तविकता एकिन हुन सकेन ।

१७. **निर्देशिकाको पालना** : स्थानीय निकाय वित्तीय आयोग कार्यक्रममा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७० को परिच्छेद ७ मा भएको व्यवस्था अनुसार २ बजेट उप शीर्षकबाट २० जनालाई बढी प्रशिक्षक भत्ता खर्च लेखेको रु.१७,६००/- असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

१८. **भ्कोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम** : जोगबुढा नदीको वरको रुख सस्पेनसन वृज निर्माणको लागि एक संयुक्त उपक्रमका निर्माण व्यवसायीलाई रु.२१ लाख पेश्की दिएको छ । निज व्यावसायीले १५ महिनामा सम्पन्न गर्ने र सम्झौता साथ पेश गरेको कार्यतालिका अनुसार Piling work र walk way deck fitting सम्मको कार्य २०७३ आषाढसम्म सम्पन्न हुनुपर्नेमा काम भर्खर शुरुवात गरेको देखिएकोले समयमै कार्य सम्पन्न गर्ने गराउने तर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।

१९. **साना सिंचाई तथा नदी नियन्त्रण** : जनता माध्यमिक विद्यालय नजिक त्रिशुली खोलामा नदी नियन्त्रण कार्य गर्नका लागि एक निर्माण सेवाले लागत अनुमानभन्दा ३८.३५ प्रतिशत घटी दररेटमा सम्झौता गरेको, खरिद सम्झौतामा भएको दररेट अनुसार रु.५९३,९७४।- भ्याट सहित भुक्तानी हुनुपर्नेमा रु.५९७,३४५।- भुक्तानी दिई बजेट खर्च जनाएकाले वढी भुक्तानी भएको रकम रु.३३७१।- असुल उपर गरी दाखिला हुनुपर्दछ ।

२०. **ग्रामीण खानेपानी तथा सरसफाई** : आर्थिक वर्ष २०७२।७३ का लागि ग्रामिण खानेपानी तथा सरसफाइ पूंजीगत शीर्षक अन्तर्गत जिल्ला परिषदबाट स्वीकृत भएका कार्यक्रम तथा योजनाहरु बाहेक २०७३।३।२० मा प्राविधिकबाट उठाइएको टिप्पणी तथा आदेशबाट गेटदेखि भित्र आर.सि.सि. गर्ने कार्य गर्न भनी २०७३।२।२३ मा रु.४,९९,९९१।९३ को लागत अनुमान तयार गरी एक निर्माण सेवालाई सोझै कार्य आदेश दिई रु.४९९,९६१।- भुक्तानी दिई बजेट खर्च जनाएकाले जिल्ला परिषदबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरुमा सम्बन्धित बजेट शीर्षकबाट खर्च गर्ने गरी नियमानुसार कार्यक्रम स्वीकृत गरेर मात्र बजेट खर्च गरिनु पर्दछ ।

२१. **स्थानीय यातायात पूर्वाधार विकास** : जिल्ला परिषदबाट स्वीकृत भएका कार्यक्रम तथा योजनाहरुमा अख्तियारी प्राप्त बजेटको सीमाभित्र रही वार्षिक कार्यक्रम स्वीकृत गरी बजेट खर्च गर्नुपर्नेमा परिषदको स्वीकृति विना नयाँ गाउँ - हरपाल - नवदुर्गा निम्न माद्यामिक विद्यालय. सडक खण्डमा ह्यूमपाइप तथा ग्राभेल गर्ने कार्यका लागि भनी रु.४,१९,२७०।४७ को लागत अनुमान तयार गरी एक निर्माण सेवालाई सोझै कार्य आदेश दिई रु.४,१७,४८७।- खर्च लेखेको पाइएकाले परिषद्बाट स्वीकृत योजना तथा कार्यक्रममा मात्र बजेट खर्च हुनुपर्दछ ।

२२. **सामुदायिक पहुँच सुधार कार्यक्रम** : यस कार्यक्रम तर्फ देहायका व्यहोरा देखिएका छन् :

२२.१ वैशाखा नालामा मोटरेबल पक्की पुल निर्माणका एक संयुक्त उपक्रमका निर्माण व्यवसायीलाई आठौं रनिङ्ग बिलको रु.६६,०१,७१२।७० बजेट खर्च जनाई भुक्तानी दिँदा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२१(५) अनुसार पेश्की भुक्तानी र फछ्र्यौट गर्ने व्यवस्था बमोजिम ८० प्रतिशत भुक्तानी हुँदासम्म पुरै पेश्की फछ्र्यौट हुनुपर्नेमा रु.३८,६४,०००।- पेश्की फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा मात्र भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था गरेको छ । टोटी नाला पक्की पुलको लागत अनुमान मूल्य अभिबृद्धिक. बाहेक रु.३,८४,१२,७६०।०८ भएकोमा संयुक्त उपक्रमका एक निर्माण व्यवसायीको रु.३,१३,२४,०८३।२० को बोलपत्र स्वीकार गरी २०७२।३।२१ मा २०७३।३।३१ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सम्झौता भएको ८ महिना पश्चात् ड्रइङ्ग, डिजाइन मा समावेश भएको ६०० मि.मी. का ४८ थान पाइल बि.ओ.क्यू. मा छुट हुन गएको उल्लेख गरी २१७.०४ घन मिटर आर.सि.सि.कार्य थप गरी २०७२।११।२८ को निर्णयबाट भेरिएशन आदेश जारी गरी रु.३०,३८,५१५.२० लागत बढाएको छ । बोलपत्र मूल्याङ्कनदेखि स्वीकृति सम्मका पदाधिकारीवाट उचित सावधानी नअपनाएका कारण

यसो हुन गएको देखिए तापनि यस्तो अवस्थामा सम्बन्धित पक्षलाई सामान्य सचेतसम्म गराएको छैन ।

२२.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा सम्झौता पश्चात् निर्माण व्यवसायीलाई पेश्की दिँदा सम्झौता कार्यको लागि छुट्टै खोलिएका बैंक खाता मार्फत् मात्र भुक्तानी गर्नु पर्ने व्यावस्था छ। कार्यालयले यो वर्ष टोटी नाला पक्की पुल, श्रीपुरका संयुक्त उपक्रमका एक निर्माण व्यवसायीको बोलपत्र स्वीकार गरी आ.व.को अन्तमा उल्लेखित व्यवस्था विपरीत रु.२८,००,०००।- पेश्की उपलब्ध गराएकोले उक्त कार्य सम्मत देखिएन ।

**२३. दुई जिल्ला जोड्ने सडक** : यस कार्यक्रममा देहायका व्यहोरा देखिएका छन् :

२३.१ कलुवापुर : बेलौरी सडक कालोपत्रे कार्य गर्नका लागि एक निर्माण व्यवसायीसँग स्वीकृत लागत अनुमानभन्दा ३७.७४ प्रतिशत घटी दररेटमा सम्झौता भएकोमा कार्य सम्पादन मूल्याङ्कनका आधारमा खरिद सम्झौतामा भएको दररेट अनुसार रु.२३,९५,४४२।८५ भ्याट सहित भुक्तानी हुनुपर्नेमा रु.२४,०४,३८९।४२ भुक्तानी दिई बजेट खर्च जनाएकाले बढी भुक्तानी भएको रकम रु.८,९४६।५६ असुल गर्नुपर्दछ ।

२३.२ बह्मदेव–पञ्चेश्वर–दार्चुला बाटो ग्राभेल उपभोक्ता समितिबाट बहाल रु.२,३६,८३६।- मा रु.१७,२५०।- बहालकर कम असुल गरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

**२४. पिछिडिएको समुदाय उत्थान** : एक ट्रेडर्सको ४० थान पानी फिल्टर खरिदमा रु.७९,९४७- को बिल पेश भई खर्च जनाएकोमा खरिद भएका पानी फिल्टर सम्बन्धित व्यक्तिहरुले बुझेका भरपाई पेश नभएकाले भरपाई पेश हुनुपर्दछ ।

**२५. निर्वाचन क्षेत्र विकास कार्यक्रम** : यसमा देहायका व्यहोरा देखिएका छन् :

२५.१ निर्वाचन क्षेत्र नं.२ को स्वीकृत कार्यक्रम अनुसार विभिन्न क्लब तथा संस्थाहरुलाई वितरण गर्नका लागि खेलकुद सामग्री खरिदका बिल पेश गरी एक कर्मचारीलाई रु.४,१५,०००।- भुक्तानी दिई बजेट खर्च जनाएकोमा खरिद भएका विभिन्न खेलकुद सामग्री सम्बन्धित क्लब तथा संस्थाहरुले बुझेका भरपाई पेश नभएकाले भरपाई पेश पेश हुनुपर्दछ ।

२५.२ निर्वाचन क्षेत्र नं. ४ को स्वीकृत कार्यक्रम अनुसार अम्बिका निम्न माद्यामिक विद्यालय. दोधारा चाँदनी न.पा.९ को गेट तथा पर्खाल निर्माणको उपभोक्ता समितिलाई कार्य सम्पादन मूल्याङ्कन अनुसार बढी भुक्तानी भएको रु.१९,२२०।- असुल उपर गरी दाखिला गर्नुपर्दछ ।

२५.३ निर्वाचन क्षेत्र नं. ४ को स्वीकृत कार्यक्रम अनुसार पशुपति निम्न माद्यामिक विद्यालय. दोधारा चाँदनीको न.पा. भवन निर्माणको उपभोक्ता समितिको कार्यसपन्न प्रतिवेदन अनुसार रु.७,४६,०७०।५० को काम मात्र गरेकाले सम्झौता बमोजिम रु.६,७१,०८०।- भुक्तानी दिनुपर्नेमा रु.६,९२,२८१।- भुक्तानी गरेकोले रु.२१,२०१/- बढी भुक्तानी रकम असुल गर्नुपर्दछ ।

२५.४ एक सभासद्को निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमबाट २०७२।७३ को लागि छनौटमा परेका योजनाहरुमध्ये सि.नं. ११ मा छनौट भएको विभिन्न विद्यालयमा माग भए बमोजिम कम्प्युटर तथा फर्निचर वितरण कार्यक्रमको लागि रु.२०,७५,०००।- बजेट बाँडफाँड भएकोमा खर्च भएको देखिएन । यसका लागि कार्यालयले २०७३।१।२९ मा मूल्य अभिबृद्धिकर बाहेक रु.१८,३४,६००।- को बोलपत्र अन्तर्राष्ट्रिय पत्रिकामा आह्वान गरेको व्यहोरा उक्त ठेक्काको पूर्णता परीक्षणको निर्णयबाट देखियो । उक्त ठेक्कामा एक मात्र बोलपत्रदाता महेन्द्रनगरका एक सप्लायर्सलाई विस्तृत परीक्षणमा लैजाने निर्णय भए तापनि उक्त कार्यक्रम कार्यान्वयन नभएको र तत्पश्चात्को अभिलेख पेश नभएकोले यसमा यथार्थ व्यहोरा प्रमाण सहित पेश हुनुपर्दछ ।

२५.५ निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०५८ को नियम ३ को उपनियम ६(ग) मा संविधान सभा सदस्यले छनौट गरेका कार्यक्रममा कम्तिमा २० प्रतिशत जनसहभागिता हुनुपर्ने व्यवस्था छ । कार्यालयले जिल्लाबाट निर्वाचित तथा मनोनित ११ संविधानसभा सदस्यबाट छनौट

भएका ११९ वटा कार्यक्रम कार्यान्वयन गराउँदा २० प्रतिशतले हुने रु.४६,१९,१३२।- जनसहभागिताबाट कार्य गराउनु पर्नेमा रु.३२,००,८६१।- को मात्र जनसहभागिताबाट कार्य गराउने गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोले रु.१४,१८,२७२।- बढी खर्च भएको छ । कार्यविधि विपरीत खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

२६. **आषाढ महिनाको खर्च** : कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयको बिभिन्न पूँजीगत तथा कार्यक्रमगत बजेट शीर्षकतर्फको तेस्रो चौमासिक खर्च र आषाढ महिनाको खर्च परीक्षण गर्दा बार्षिक खर्च रु.७६,५००।– हजारमध्ये तेस्रो चौमासिकमा रु.७१,४१४। खर्च भएको छ भने आषाढ महिनामा मात्र रु.३६,४९०। खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमशः ९३ र ५१ प्रतिशत रहेको छ। वर्षान्तमा खर्च गर्ने पद्धतिमा नियन्त्रण गरी योजनाको गुणस्तरमा ध्यान दिनुपर्दछ ।

२७. **सामाजिक सुरक्षा कार्यक्रम** : यस कार्यक्रममा यो वर्ष रु.१७ करोड ६८ लाख ६३ हजार खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२७.१ रैकवार विचवा गाउ विकास समिति को दोस्रो र तेस्रो किस्ताको समाजिक सुरक्षा भत्ता पेश्की रु.६७,०२,०००।- फछ्र्यौट गर्दा विभिन्न ६ बालबालिकाको लागि कार्यविधि विपरीत खर्च जनाएको रु.७,२००। असुल गरी दाखिला गर्नुपर्दछ ।

२७.२ बेल्डाँडी नगरपालिकाको दोस्रो र तेस्रो किस्ताको सामाजिक सुरक्षा भत्ता पेश्की रु.९७,२२,८००।- फछ्र्यौट गर्दा कार्यविधि विपरीत ९ बाल बालिकाको लागि रु.८४,००।- खर्च जनाएकोले असुल गर्नुपर्दछ ।

२७.३ देखत भुली गाउ विकास समति को प्रथम चौमासिक ०७२।७३ प्रथम किस्ता वापतको रकम रु.२२,८७,६००।- तथा दोश्रो र तेश्रो किस्ता वापतको रु.४४,१६,८००।- खर्च देखाएकोमा व्यवस्थापकीय सूचना प्रणालीमा अभिलेख अद्यावधिक नगरी २२ व्यक्तिलाई भुक्तानी गरेकोले यकिन गरी प्रमाण पेश हुनुपर्दछ ।

२८. **गाउँ विकास समिति अनुदान** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७ मा गाउँ विकास समितिमा अनुदान गएको रकममध्ये बचत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा २०७२।७३ को आन्तरिक लेखापरीक्षण भएका पाँच गाउँ विकास समितिले प्राप्त गरेको निकासामध्ये रु.१५,८२,०५५।- मौज्दात राखेको देखिएको छ । उक्त रकममध्ये गाउँ विकास समितिमा गएको अनुदानबाट खर्च भई बाँकी रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

२९. **अधुरा योजना** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा जिल्ला विकास समितिले योजना छनौट गर्दा लागत, समय, स्रोत र त्यसबाट प्राप्त हुने प्रतिफल समेतको पूर्वअनुमान गरेर योजना छनौट गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । कार्यालयलेरु.११,६५,३३,६६२।– लागत अनुमान भएका गत विगत वर्षदेखि सञ्चालित ३ वटा योजनामा यो वर्ष रु.४,२५,८१,६२३।– खर्च गरेकोमा ती योजनाहरु सम्पन्न भएका छैनन् ।

३०. **निर्माण सामग्री मौज्दात** : कार्यालयले आवश्यक पर्ने सामग्रीको मात्र सर्वेक्षण गरी अत्यधिक मौज्दात नरहने ढङ्गले मालसामान खरिद गर्ने पद्धति अवलम्बन गर्नुपर्दछ । कार्यालयले रु.१६,६७,४३२।- मूल्यका विभिन्न साइजका एच.डि.पी. पाइप लगायतका मालसामान मौज्दात रहने गरी खरिद गरेकोमा हालसम्म भण्डारमै रहेको देखियो । यस्तो खरिद कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३१. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावलीको नियम २०(३) लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ। कार्यालयले गरेका १० ठेक्का संझौताको परीक्षण गर्दा ७ वटा ठेक्का तोकिएको चौमासिक अवधिभित्र ठेक्का व्यवस्थापन गरेको देखिएन । तोकिएको अवधिभित्र ठेक्का व्यवस्थापन नहुंदा कार्य प्रगतिमा असर

भई तोकिएको समयमा योजना सम्पन्न गर्न कठिन हुने भएकोले नियमको परिपालनामा ध्यान दिनुपर्दछ ।

३२. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२(३) अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ । कार्यालयले ७ शिर्षकबाट यो वर्ष विभिन्न कामको लागि दिएको पेश्की रु.१,२६,८६२५०/- आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट गरेको नदेखिँदा नियमानुसार आवश्यक कारवाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

३३. **स्थानीय निकायको लेखापरीक्षण** : स्थानीय स्वायत शासन ऐन, २०५५, को दफा ६९ र १३५ बमोजिम स्थानीय निकायको लेखापरीक्षण गर्नु पर्दछ । आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षण सम्बन्धमा देहाय बमोजिम देखिएको छः

३३.१ प्राप्त विवरण अनुसार लेखापरीक्षण गर्नुपर्ने ८ नगरपालिका र ४ गाउँ विकास समितिको लागि लेखापरीक्षक नियुक्त भइसकेको देखिन्छ । लेखापरीक्षक नियुक्त भएका मध्ये ४ नगरपालिका १ गाउँ विकास समितिको लेखापरीक्षण प्रतिवेदन प्राप्त भइसकेको छ ।

३३.२ नगरपालिका ८ को लेखापरीक्षण गर्न ८ लेखापरीक्षक नियुक्त गरी २०७३।४।१ देखि २०७३।१०।२५ सम्म समय दिएको पाइयो ।

३३.३ ४ गाउँ विकास समितिको लेखापरीक्षण गर्न ४ लेखापरीक्षक नियुक्त गरी २०७३।८।२२ देखि. ०७३।१२।३० सम्म समय दिएको पाइयो ।

३३.४ ४ नगरपालिकाको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.६१,७३,९७,९८१।६६ को लेखापरीक्षण सम्पन्न भएको छ ।

३३.५ गाउँ विकास समितिको लेखापरीक्षणबाट १ निकायको रु.१,१४,२६,१३७।२९ को लेखापरीक्षण सम्पन्न भएको छ ।

३३.६ १ गा.वि.स. ४ न.पा.को कुल लेखापरक्षिण अङ्क रु.६२,८८,२४,११८।९५ मा असुल गर्नुपर्ने बेरुजू रु.५९,११,६९४।- र अनियमित बेरुजू रु.५७,४५,५४६।५० गरी जम्मा रु.१,१६,५७,२४०।५० बेरुजू कायम गरेको छ ।

३३.७ नगरपालिका र गाउँ विकास समितिको लेखापरीक्षक नियुक्त गर्ने समय निर्धारण गर्ने कुनै मापदण्ड स्वीकृत गरेको भने पाइएन ।

३४. **आन्तरिक लेखापरीक्षण बेरुजुको अवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावलीको नियम २०२ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अधिकार प्राप्त अधिकारीले नियमित गर्नुपर्ने भए नियमित गराई, प्रमाण पेश गर्नुपर्ने प्रमाण पेश गरी र असुल गर्नुपर्ने भए असुल गरेको प्रमाण संलग्न गरी अन्तिम लेखापरक्षिण हुनु अगावै लेखा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। विगत ३ आर्थिक वर्षको आ.ले.प. बेरुजू फछ्र्यौटको स्थिति अध्ययन गर्दा १३४ दफा बेरुजुमध्ये ४३ सैद्धान्तिक र ९१ लगती दफा रहेका तथा रु.१० करोड १२ लाख ८५ हजार लगती बेरुजु अन्तिम लेखापरीक्षण अवधिसम्म फछ्र्यौट गरेको देखिएन ।

नियमावलीको व्यवस्था अनुसार मासिक रुपमा आन्तरिक लेखापरक्षिण गरी प्रतिवेदन नगर्ने, प्रतिवेदन उपर कर्यालयले समयमा ध्यान दिई बेरुजू फछ्र्यौट गर्ने नगरेका कारण आन्तरिक लेखा परीक्षण प्रभावकारी भएको देखिएन । अतः आन्तरिक लेखापरीक्षण पदाधिकारी, सम्बन्धित अधिकार प्राप्त अधिकारी र तालुक निकायले नियमावलीको व्यवस्था अनुसार मासिक रुपमा प्रतिवेदन गर्ने र औंल्याईएको आन्तरिक लेखापरीक्षण बेरुजू समयमै फछ्र्यौट गरी आर्थिक कारोबार स्वच्छ र पारदर्शी गराउन सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ ।

## जिल्ला वन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा

सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मरर्मत नगरेको, घरजग्गाको लगत तोकिएको ढाँचामा मुल्य खुलाई नराखेको, निजामती सेवा ऐन अनुसार प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, पेश्की समयमा फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, तालुक निकायबाट हुने निरीक्षणको अभिलेख नराखेको, मर्मत अभिलेख नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **भेरिएसन आदेश** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिमको कार्य शुरु भइसकेपछि प्राविधिक कारणबाट यस्तो कार्यको परिमाण थपघट भएमा वा नयाँ आईटम थप गर्न आवश्यक देखिएमा नयाँ आईटमको लागत अनुमान तयार गरी ऐनको दफा ५४ को अधीनमा रही भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । विभिन्न नौ वटा भवनहरुको शुरु लागत अनुमान ४७,६८,४४६।२१ रहेकोमा २०७३/०१/१६ को भेरिएसन आदेशबाट १४.८१ प्रतिशत थप भएको देखियो । शुरु कार्य आदेश तथा सम्झौताको बी.ओ.क्यू. भन्दा बढीको कार्य गरी अन्तिम बिल पेश भएपछि मात्र भेरिएसन आदेश स्वीकृत भएको देखिएकोले भेरिएसन आदेश स्वीकृत गर्ने कार्य नियम विपरित देखिएको छ । नियमको पालना गरी निर्णय हुनु पर्दछ ।

३. **थप कार्य** : नौ वटा भवनहरुको सुरु सम्झौता रकम मध्ये जिल्ला वन कार्यालय कञ्चनपुरको भवन निर्माण समेत रहेको छ । शुरु सम्झौताको रकममा १४.८१ प्रतिशत भेरिएसन आदेश भएकोमा कार्यालय भवनमा थप कार्य गरेको भनी व्यवसायीको २०७३/०३/३० को निवेदन अनुसार ४,९०,२२८।७९ भूक्तानी भएको छ । शुरु सम्झौता रकममा भेरिएसन भइसकेपछि पुनः थप कार्य भनी भूक्तानी हुनुको कारण स्पष्ट हुनु पर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम कार्यालयले प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपयुक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने सन्दर्भमा अनुसूची-३० अनुसारको परीक्षण सूची समेतबाट परीक्षण गर्दा वार्षिक खरिद योजना नबनाएको, जिन्सी निरिक्षण गरी गराई प्रतिवेदन लिएको र सो माथि कारवाही नगरेको, कार्यविवरण तयार गरी कर्मचारीलाई अधिकार र जिम्मेवारी नदिएको, आयोजनाको अनुगमन मूल्याङ्कन आंशिक गरिएको, बिल बिजकमा भुक्तानीको छाप नलगाएको, म.ले.प.फा.नं २ नराखेको, बजेट शीट नराखेको, तेस्रो चौमासिकमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य नगरेको, लक्षित समूहका विज्ञानतर्फका विद्यार्थीको छात्रवृत्ति बैंक मार्फत् नदिएको, दरबन्दी मिलान र व्यवस्थापन समिति गठन नगरेको लगायतका व्यहोरा देखिएकोले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य तथा प्रगति** : कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२।७३ मा सबै कार्यक्रमहरुको कार्यान्वयनको अवस्था सम्बन्धी अनुगमनलाई नतिजामा आधारित बनाउँदै प्रभावकारी रुपमा सञ्चालन गरी लक्षित उपलब्धिहरु समयमै प्राप्त गराउने व्यहोरा उल्लेख भए तापनि यो वर्ष सञ्चालन गरेका कार्यक्रमहरुमध्ये ७५ प्रतिशतभन्दा घटी प्रगति भएका १० कार्यक्रमहरुको कारण समयमै पहिचान गरी लक्षित उपलब्धिहरु प्राप्त गर्नेतर्फ स्पष्ट पार्दै सुधारतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

३. **शैक्षिक गुणस्तरमा सुधार** : कार्यालयले पेश गरेको शैक्षिक स्थिति प्रतिवेदन, २०७२।७३ अनुसार प्राथमिक तह (कक्षा १-८) मा ६८,८८१ जना, माध्यमिक तहमा १७४१४ जना र उच्च माध्यमिक तहमा २८५२ जना विद्यार्थीहरु रहेको देखिन्छ । कक्षागत सिकाइ उपलब्धि ज्यादै न्यून रहेकोले गुणस्तरीय शिक्षा प्राप्तिमा असर गरेको, शिक्षक दरबन्दी मिलान हुन नसकेको कारण विद्यालयको

आवश्यकताका आधारमा PCF salary वितरण न्यायिक हुन नसकेको र शिक्षक दरबन्दी एकातिर र विद्यार्थी अन्यत्रै थुपारिएका कारण समस्या उत्पन्न भएको तथा विषयगत शिक्षकको अभावले गुणस्तरीय शिक्षा प्राप्तिमा चुनौती रहेको देखिएकोले सम्बद्ध पक्षको ध्यान जानुपर्दछ ।

४. **प्राविधिक धारका विद्यालयहरु** : वैजनाथ उच्च माध्यमिक विद्यालय, महेन्द्रनगरमा कृषि कार्यक्रम अन्तर्गत कक्षा ९, १०, ११ मा क्रमशः ४४, २७ र ४० विद्यार्थीले अध्ययन गरेको तथा भानु उच्च माध्यमिक विद्यालय, दोधारामा कम्प्यूटरमा कक्षा ९, १० र ११ मा क्रमशः ३९, ३१ र ३३ जना, वैजनाथ जडेमा कम्प्युटरतर्फ ४६ जना, शान्ति मा. वि. शान्तिपुरमा कृषितर्फ ४८ जना अध्ययन गरेको देखिन्छ । व्यावसायिक शिक्षा तथा तालिम सञ्चालन गर्ने दक्ष प्रशिक्षकको अभाव रहेकोले प्राविधिक धारका विद्यालयहरुमा देखिएका समस्या एवं चुनौतीको सामना गर्ने गरी कार्यक्रम तर्जुमा तथा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

५. **छात्रवृत्ति व्यवस्थापन समिति** : कार्यक्रम कार्यान्वयन पुस्तकाले जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति अनिवार्य रुपले गठन गर्ने, जिल्लामा प्राप्त कोटा र रकमलाई ध्यानमा राखी छात्रवृत्ति वितरण सम्बन्धी नीतिगत आधारहरु तयार गर्ने सबैले पाउने गरी वितरण गर्न विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने, छात्रवृत्ति पाउनेको नाम सूचना पाटीमा अनिवार्य रुपमा टाँस्ने, दोहोरो नपर्ने गरी अभिभावको रोहवरमा बाँड्ने गरी व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । यस वर्ष कक्षा १ देखि ८ मा अध्ययनरत १७,९९८ जना दलित, २८,६०६ जना छात्रा, ४६३ मुक्त कमलहरी छात्रा, तीनै तहमा ६४ जना द्वन्द पीडित विद्यार्थीहरुलाई तथा माध्यमिक तहमा अध्ययनरत ९४६ जना गरीब तथा जेहेन्दार, २७५१ जना दलित, १२९ जना अपाङ्गलाई छात्रवृत्ति वितरण गरिएको छ । अपाङ्ग छात्रवृत्ति वितरण गर्नका लागि अपाङ्गता सर्वेक्षण नभएकोले विद्यालयले भरेको तथ्याङ्कका आधारमा छात्रवृत्ति वितरण हुने गरेको कार्यालयले जनाएको छ । व्यवस्थापन समिति गठन नभएकोले कार्यक्रम कार्यान्वयन निर्देशिकाको पालना भएको देखिएन । यसमा सुधार हुनुपर्ने देखिन्छ ।

६. **छात्रवृत्ति वितरण** : सबै किसिमका छात्रवृत्ति वितरण गर्दा जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति गठन गरी जिल्लामा प्राप्त कोटा र रकम समेतलाई ध्यानमा राखी छात्रवृत्ति वितरण सम्बन्धी नीतिगत आधार तय गर्नु पर्नेमा सो अनुसार गरेको पाइएन । अख्तियारी प्राप्त रकमलाई फ्याल्स रिपोर्ट को कूल संख्याले भाग गरी दामासाही हिसाबले वितरण गर्ने गरेको कार्यालयको भनाइ रहेको छ । यसरी वितरण गर्दा छात्रवृत्ति पाउने सबै छात्रछात्राले पाए भनी यकिन गर्ने आधार भएन ।

७. **अनुगमन** : कार्यक्रम कार्यान्वयन पुस्तिका आर्थिक वर्ष २०७२।७३ को कार्यक्रम अनुरुप कुनैपनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्न व्यवस्थाका लागि जिल्ला शिक्षा कार्यालयले अनुगमन गर्नुपर्ने व्यवस्था भए तापनि यस आर्थिक वर्ष मा छात्रवृत्ति वापत निकासा भएको रु.२,६२,५७,७००।- सम्बन्धमा कार्यालयले अनुगमन गरी सोको प्रतिवेदन गरेको पाइएन । जसबाट छात्रवृत्ति रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन ।

८. **अनुदान** : शिक्षा विभाग, सानोठिमी, भक्तपुरको २०७२।७३ को खर्च गर्ने अख्तियारी सम्बन्धी निर्देशिकामा सामुदायिक विद्यालयको स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरुको तलब, भत्ता निकासा दिंदा स्वीकृत दरबन्दी र कार्यरत शिक्षकको संख्या, तलब, भत्ता, ग्रेड रकम यकिन गरेर मात्र निकासा छाड्ने व्यवस्था मिलाउनु पर्दछ । कार्यालय अन्तर्गतका प्रा.वि., निम्न माद्यामिक विद्यालय र मा.वि. तहका विद्यालयलाई अनुदान निकासा हुने २६१ विद्यालयमध्ये ४२ विद्यालयको नमूना छनौट गरी परीक्षण गर्दा देहाय अनुसार देखियो :

८.१. कञ्चन माध्यामिक विद्यालय, शान्तिपुरको प्रथम चौमासिकमा जम्मा दरबन्दी ४ को लागि विद्यालयबाट रु.४,१६,१५८।- माग भएकोमा थप १ जना शिक्षकको रु.१,१४,०९६।- समेत रु.५३,००,२५४।- निकासा भएकोले बढी निकासा भएको रु.१,१४,०९६।- असुल हुनुपर्दछ ।

८.२. दोश्रो चौमासिक रकम निकासा हुँदा झिलमिला प्राथमिक विद्यालय, तिलाचौरका एक शिक्षक २०७२।१०।१२ देखि अवकाश भएकोमा दोश्रो चौमासिकको लागि पुरै रकम रु.९३,८५६।- निकासा भएकोले अवकाश पछिको १ महिना १८ दिनको हुने बढी निकासा रु.३७,५४२।३९ असुल हुनुपर्दछ ।

८.३. मिति २०७२।११।२ देखि अवकाश प्राप्त गरेका वैज निम्न माद्यामिक विद्यालय का एक शिक्षकलाई दोश्रो चौमासिकको २९ दिनको तलब रु.२८,४६६।४८ बढी भुक्तानी भएको रकम असुल गरिनुपर्दछ ।

८.४. श्री पुनर्वास जनता उच्च माध्यामिक विद्यालय को तेश्रो चौमासिक निकासा हुँदा प्राथामिक विद्यालय द्वितीयका एक शिक्षकको तेश्रो चौमासिक निकासा भएको रु.९४,६४८।- मा ७२ दिनको बढी तलब रु.५६,७८९।- असुल गरिनुपर्दछ ।

८.५. महाकाली उच्च माद्यामिक विद्यालय, बेलौरीका एक शिक्षकबाट २०७३ अषाढ महिनाको बढी दिन १६ को रु.१७,८४१।१३ असुल उपर गरिनुपर्दछ ।

८.६. राष्ट्रिय उच्च माद्यामिक विद्यालय पिपलाडीका एक शिक्षकबाट २०७३ अषाढ महिनाको बढी दिन १९ को रु.१५,३६२।१३ असुल उपर गरिनुपर्दछ ।

८.७. सिद्धनाथ उच्च माद्यामिक विद्यालय, गड्डाचौकीका एक शिक्षकबाट २०७३ आषाढ महिनाको ४ दिनको बढी निकासा रु.३,९२६।- असुल उपर गरिनुपर्दछ ।

८.८. शान्ति उच्च माद्यामिक विद्यालय, शान्तिपुरको दोश्रो चौमासिकमा पाउनेभन्दा रु.७५,४००।- बढी निकासा भएको र तेश्रो चौमासिकमा रु.५०,०००।- मात्र कट्टा भई रु.२४,४००।- बाँकी रहेकोले असुल उपर गर्नुपर्दछ ।

८.९. कृष्ण निम्न माद्यामिक विद्यालय., रिछाहा श्रीपुरलाई स्वीकृत दुई राहत दरबन्दीको प्रथम चौमासिक तलब भत्ता र चाडपर्व खर्चको रकम समेत गरी रु.१,८५,३००।- निकासा दिई बजेट खर्च गर्नुपर्नेमा रु.३,८१,३००।- निकासा दिई स्वीकृत दरवन्दीको तलब भत्ताभन्दा बढी निकासा रु.१,९६,०००।- दिएकोमा निम्न माद्यामिक विद्यालय.को राहत दरबन्दीको २ जना शिक्षकको तलब यस शीर्षकबाट खर्च भएको भन्ने कार्यालयको भनाइ रहे तापनि सम्बन्धित निकायबाट खर्च सर्मथन गरी मात्र बजेट खर्च कायम गर्नुपर्ने अन्यथा असुल उपर गरी दाखिला गर्नुपर्दछ ।

८.१०. सिद्धेश्वर प्राथमिक विद्यालय., हल्दुखाललाई ४ जना स्वीकृत राहत दरबन्दीको दोस्रो चौमासिक तलब, भत्ताको रु.२,९९,६८०।- र कार्तिक महिनाको एक जना शिक्षकको १९ दिनको तलब भत्ता रु.११,८६५।- गरी जम्मा रु.३,११,५४५।- निकासा गर्नुपर्नेमा रु.३,४६,५०५।- निकासा दिएकाले स्वीकृत दरबन्दीको तलब भत्ता भन्दा बढी निकासा खर्च रु.३४,९६०।- असुल गर्नुपर्दछ ।

८.११. गणेश माद्यामिक विद्यालय, गणेशपुरको एक शिक्षकको दोस्रो चौमासिक निकासा छुट भएको भनी रु.१,६७,५७०। निकासा दिएकोमा शिक्षकको पदस्थापन सम्बन्धी विवरण र सम्बन्धित विद्यालयको माग फाराम समेत पेश नभएकाले खर्च प्रमाणित हुने कागजातहरु पेश हुनुपर्दछ ।

८.१२. स्थायी दरबन्दी र राहत दरबन्दीका शिक्षकहरुको छुट तलब निकासा भनी पूर्णा माद्यामिक विद्यालय, ऐरीको रु.२,२१३।- र त्रिभुवन उच्च माद्यामिक विद्यालय रामपुरको रु.२२,८६०।- निकासा दिई खर्च जनाएकाले प्राथामिक विद्यालयशिक्षकको तलब, भत्तामा निकासा छुट भएको आधार पेश नभएकाले रु.२५,०७३।- को खर्च पुष्टि हुने आधार पेश हुनुपर्दछ ।

८.१३. कालिका प्रा.वि., चन्दन वस्तीको हिसाब नं.३१५३ मा रिक्त रहेको राहत दरबन्दीको तीन चौमासिकको निकासा भनी रु.२,४२,४९०।- एकमुष्ठट निकासा दिई बजेट खर्च जनाएकाले रिक्त दरबन्दीमा तलब भत्ता खर्च लेखेको रकम दाखिला गर्नुपर्दछ ।

८.१४. वैजनाथ प्राथमिक विद्यालय, भेटघाट फाँटाको स्वीकृत राहत दरवन्दी दुई जनाको तेस्रो चौमासिक निकासा रु.१,४९,८४०।- दिई बजेट खर्च जनाएकोमा बढी निकासा रु.९७,६५०। असुल हुनुपर्दछ ।

८.१५. राष्ट्रिय उच्च माद्यामिक विद्यालय पहरियालाई एक प्राथमिक विद्यालयशिक्षकको १२ महिनाको तलब, भत्ता र चाडपर्व खर्च समेत गरी रु.३,०९,३०८।- निकासा दिई बजेट खर्च जनाएकोमा विद्यालयबाट सम्बन्धित शिक्षकको हाजिरी प्रमाणित सहित माग फाराम पेश नभएकाले खर्च प्रमाणित कागजात पेश हुनुपर्दछ ।

८.१६. विद्यालयहरुमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी तथा राहत दरबन्दीका शिक्षकहरुको तलब भत्ता प्रत्येक चौमासिकमा सम्बन्धित विद्यालयको खातामा निकासा भएको रकम देखिने गरी विद्यालयगत सहायक खातामा चौमासिक रुपमा निकासा भएको रकमको अभिलेख व्यवस्थित हुनु पर्दछ ।

९. **कार्य सम्पन्न प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिकबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष भवन निर्माण तर्फ ८ कोठे भवन ५ वटा, ६ कोठे भवन ५, ४ कोठे भवन ९ वटा, २ कोठे भवन ३ वटा, सामान्य मर्मत ७, छात्र शौचालय २, शौचालय मर्मत २, बाह्य वातावरण १, रेक्टो मर्मत १, कम्प्युटर ल्याब ३, भवन मर्मत १, ल्याब भवन १ समेतको भौतिक निर्माणका लागि रु.४ करोड ५६ लाख रकम निकासा गरेकोमा सोको सार्वजनिक लेखापरीक्षण सहितको कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन ।

१०. **सामाजिक लेखापरीक्षण** : कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२।७३ अनुसार कार्यालयले विद्यालयको आर्थिक लेखापरीक्षणका साथै सामाजिक परीक्षण समेत भए नभएको यकिन गरी आवश्यक पहल गर्नु पर्ने उल्लेख छ। कार्यालयले यस आ.व. को लेखापरीक्षणको लागि हालसम्म लेखापरीक्षक नियुक्ति गरेको छैन । गत विगत वर्षमा सम्पन्न भएको लेखापरीक्षण लगायत सामाजिक लेखापरीक्षणको तथ्यांक प्रस्तुत हुन नआएकोले विद्यालयहरुको आर्थिक तथा सामाजिक लेखापरीक्षण समयमै गराउने तर्फ आवश्यक पहल हुनु पर्दछ ।

११. **निर्देशनको पालना** : कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७२।७३ मा २०६८।६९ भन्दा अगाडिका निर्माण कार्य सम्पन्न हुन नसकेका विद्यालयको भवन निर्माणको कार्य सम्पन्न गरी तोकिएको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन तयार गरी जिल्ला शिक्षा कार्यालय र स्रोत केन्द्रमा १।१ प्रति राख्ने व्यवस्था मिलाउनु पर्ने र कार्य सम्पन्न गरी प्रतिवेदन उपलब्ध नगराउन्जेल आगामी आर्थिक वर्षमा विद्यालयलाई निकासा दिँदा प्रधानाध्यापकको तलब, भत्ता रोक्नुपर्ने व्यवस्था भए तापनि उक्त अवधिको रु.२६,५५,०००/- को कार्यसम्पन्न नभए तापनि सो बमोजिमको प्रक्रिया पूरा नगर्ने २०६५।६६ को १, २०६६।६७ को १, २०६८।६९ का ४ समेत ६ विद्यालयका प्रधानाध्यापकको तलब, भत्ता रोक्का गरेको देखिएन ।

१२. **धरौटी सम्वन्धमा** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६६(३) अनुसार कार्यालयमा गत विगत देखिको जिम्मेवारी सारिएको रु.१३,२२६।- नाम नामेसी नखुलेको धरौटी रकम आवश्यक प्रकृया पूरा गरी सदरस्याहा गर्नुपर्नेमा गरेको देखिएन ।

१३. **स्थलगत निरीक्षण** : लेखापरीक्षणको सिलसिलामा जिल्ला शिक्षा अधिकारी सहितको रोहवरमा विभिन्न तीन विद्यालयको स्थलगत निरीक्षण गर्दा निम्न व्यहोरा देखिएकोले यस तर्फ सुधार हुनु पर्दछ ।

- श्री कल्याण माद्यामिक विद्यालय, पौलाहा, बेलौरी : विज्ञान प्रयोगशालाको आवश्यकता देखिएको छ ।

- श्री राष्ट्रिय माध्यामिक विद्यालय, पुनर्वास-१ बीचफाँट विद्यालयको नाउँमा जग्गा धनीपूर्जा नभएको, विगत २ वर्षको लेखापरीक्षण नगराएको, अभिभावक शुल्कको रुपमा विभिन्न दरले शुल्क लिई निजी श्रोतबाट शिक्षक राखेको, जिल्ला शिक्षा कार्यालयबाट वर्षमा १ पटक पनि अनुगमन नभएको । छात्रवृत्ति र पाठ्यपुस्तक अभिलेख व्यवस्थित गरेको छैन ।
- नवदुर्गा प्राथामिक विद्यालयपुनर्वास न.पा : २ कोठे भवन सम्पन्न भएको तर फर्निसिङ्गको काम नभएकोले विद्यार्थी भुइँमा वस्नुपर्ने अवस्था रहेको । छात्रवृत्ति र पाठ्यपुस्तक वितरणको अभिलेख व्यवस्थित गरी जिल्ला शिक्षा कार्यालयमा पठाएको देखिएन ।

## डिभिजन सडक कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आर्थिक कार्यविधि नियमावली अनुसार जिन्सी मालसामानको लिलाम तथा मर्मत नगरेको, घरजग्गाको लगत तोकिएको ढाचांमा नराखेको, निजामती सेवा ऐन अनुसार प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, तालुक निकायबाट निरीक्षणको अभिलेख नराखेको, म.ले.प.फा.न १०८ र २३ अद्यावधिक नगरेको जस्ता व्यहोरा देखिएकोले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **खरिद व्यवस्थापन** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा खरिद विधि निर्धारण गर्नु पर्ने तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तथा ठेक्का व्यवस्था प्रथम चौमासिक अवधिभित्रै गरिसक्नु पपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष सडक निर्माण सम्बन्धी कार्य गर्न ७३ वटा सिलबन्दी दरभाउपत्र र १८ वटा बोलपत्र आहवान गरी रु.२० करोड ८८ लाख ३९ हजारको खरिद सम्झौता गरेको मध्ये पहिलो चौमासिकमा रु.१ करोड २९ लाख ५२ हजारका ९ वटा, दोस्रोमा रु ५ करोड ५२ लाख ५१ हजारका ४४ वटा, तेश्रोमा रु.१४ करोड ६ लाख ३६ हजारका ३८ वटा खरिद सम्झौता गरेको छ । आषाढ महिनामा मात्र रु ६ करोड ९ लाख ८९ हजारका ११ वटा सम्झौता गरेकोले गुणस्तरमा कमी नहुन निर्माण कार्य ऐनमा तोकिए अनुसार हुनु पर्दछ ।

३. **कन्टिन्जेन्सी खर्च** : कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची १ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिँदैन । उक्त अनुसूची १ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख भएता पनि के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको तथा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको छैन । कार्यालयले भ्रमण भत्ता, इन्धन खर्च, गाडी, मोटरसाइकल, कार्यालय तथा आवास भवन मर्मत, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यमा खर्च गरेको रु.१,११,८४,५९७- समेत खर्च संकेत नं.२९६११ (सार्वजनिक निर्माण) शीर्षकबाट खर्च लेखेको देखिएको छ । कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि ब.उ.शि.न. ३३७०१४३ मा समेत बजेट व्यवस्था भएको देखिन्छ। त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही ब.उ.शि.न.मा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन । खरिद ऐन, नियमावलीले व्यवस्था गरे अनुरुप नै पूँजीगत खर्चको ५ प्रतिशत सम्म कन्टिजेन्सी खर्च गर्न व्यवस्था अनुरुप नै नियम प्रक्रिया पुऱ्याई खर्च भएको, यसबाट सरकारी कार्य संचालन र योजना अनुगमन तथा व्यवस्थापनमा अत्यावश्यक खर्च मात्र गरिएको कार्यालयको भनाइ रहेको छ ।

४. **निर्णण प्रकृयामा ढिलाइ** : कैलाली जिल्लाको हसुलिया गदरिया खण्डमा धुराह नदीमा पुल निर्माण कार्यको लागि शुरु लागत १०,८२,०५,९९१। भएकोमा २०७१/०८/२३ मा सार्वजनिक खरिद

नियमावली,२०६४ को नियम ११८ बमोजिम विभागीय प्रमुखबाट १२.१० प्रतिशत (रु.१,१८,५७८३८) को भेरिएसन स्वीकृत गरी रु.११,००,६३,८२९ पुऱ्याएको देखिन्छ । उक्त कार्य २०७१/०३/३१ गते भित्र सम्पन्न गर्न २०६८/०३/२२ मा एक निर्माण व्यवसायीसँग रु.९,८०,३५,०१९।९५ को ठेक्का सम्झौता भएकोमा नदीको धार परिवर्तन भई १ (स्पान) पायर थप गर्न डिभिजन सडकबाट भेरिएसन स्वीकृतको लागि २०६९/११/०६ मा विभागमा फाइल पेश भएकोमा २२.५ महिना पछि २०७१/०८/२३ मा मात्र स्वीकृत भएको देखिन्छ । निर्णय प्रकृयमा लामो समय लागेका कारण पुल निर्माणको लागत बढ्न गएको देखियो । यसमा सुधार हुनु पर्दछ ।

५. **बढी मूल्य समायोजन** : ठेक्का शर्तको व्यवस्था अनुसार मूल्य समायोजन भूक्तानी गर्नुपर्नेमा गौरा खोला पुल निर्माणका निर्माण व्यवसायीलाई संझौता विपरित बढी मूल्य समायोजन दिएको देखियो । संझौताको स्पेशल कन्डीसन अफ कन्ट्राक्टको बुँदा ४६.३ अनुसार श्रमिक, सिमेण्ट, डण्डी, ग्याबियन वायर, डिजेलको आधार मूल्य बोलपत्र पेश गर्ने मिति भन्दा ३० दिन अगावैको निर्माण व्यवसायीले पेश गरेको स्रोतको कारखाना मूल्यबाट र विविध आइटमको नेपाल राष्ट्र बैंकको कन्जुमर प्राइस इन्डेक्सको आधारमा मूल्य समायोजन हुने उल्लेख छ । निर्माण व्यवसायीले कुनै आधार मूल्य पेश नगरेको र संझौता हुँदा ती आइटमहरु खाली नै राखेकाले संझौताको शर्त अनुसार देखिँदैन । नेपाल राष्ट्र बैंकबाट प्रकाशित इन्डेक्सको आधारमा भुक्तानी गर्दा बोलपत्र पेश गर्ने मिति भन्दा ३० दिन अघिको राष्ट्र बैंकको इन्डेक्स र निर्माण अवधिको इन्डेक्सबाट मूल्य समायोजन गणना गर्दा रु.१,१३,२४,६०६। हुनेमा १ देखि १० सम्मका आइ.पि.सी. बाट रु १५३,५६,६१०। को गणना गरी यो वर्ष रु.५९,५२,७५६। भूक्तानी दिएकोले बढी भुक्तानी भएको रु.४०,३२,००४। मा मूल्य अभिवृद्धि कर समेत असुल गर्नुपर्ने देखिएको छ ।

६ **सम्झौताको कार्य नगरेको :** गजुवा नाला पुल, निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७३/११/२० भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७२/०८/२२ मा ठेक्का सम्झौता भएकोमा कार्यतालिका अनुसार कार्य नगरेकोले सो सम्बनधमा स्पष्ट गर्न कार्यालयले व्यवसायीलाई ३ पटक पत्राचार गरेको, पटक पटक ताकेता गर्दा समेत कार्य नगर्ने व्यवसायीलाई २०७२/०९/१३ मा रु.१९ लाख मोबिलाइजेशन पेश्की दिएकोमा कृषि बिकास बैंक, अछाम शाखाको २०७३/०६/२० को जमानतको म्याद २०७३/०८/३० मा समाप्त भइसकेको देखिएकोले पेश्की रकम समेत जोखिममा परेको छ । सम्झौता अवधिको १४ महिना २३ दिन बितिसक्दा पनि कार्य शुरु नगरेको र पेश्की रकम निर्माण कार्यमा लगाएको अवस्था देखिँदैन । अतः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ११३ (६) बमोजिम १० प्रतिशत ब्याज समेत असुल गर्नुपर्ने देखिएको छ ।

७ **कार्यमा ढिलाइ** : निर्वाचन क्षेत्र सडक कार्यक्रम अन्तर्गत गत वर्ष २०७१/०७२ मा १० वटा योजना छनौट गरी १५ महिनाको अवधि तोकी सडक निर्माण ठेक्का सम्झौता भई २०७३/०६/३० सम्म निर्माण कार्य सम्पन्न गर्ने भनिएकोमा सम्झौता अनुसार संचालनमा रहेका ६ वटा सम्झौताको नमूना छनौट गरी लेखा परिक्षण गरिएकोमा ५ वटा ठेक्काहरुमा ५ देखि ४८ प्रतिशत मात्र कार्य प्रगति भएको पाइयो । कार्यतालिका अनुसार कार्य नहुँदा योजनाहरुको समय तथा लागत वृद्धि हुने अवस्था रहेकोले स्वीकृत कार्य तालिका बमोजिम कार्य गराउने तर्फ ध्यान दिनु पर्दछ ।

८ **गुणस्तर परीक्षण** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा सम्झौतामा उल्लिखितप्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको सम्बन्धमा परीक्षण गर्नु, गराउनु पर्ने व्यवस्था भएकोमा पुल निर्माणको अन्तिम बिल साथ प्रयोग भएका डन्डी, सिमेन्ट लगायतका निर्माण सामग्रीको गुणस्तर परिक्षण भएको र निर्मित संरचानको कम्प्रेसिभ स्ट्रेन्थ टेष्ट भएको प्रतिवेदनहरु फायल साथ संलग्न गरेको पाइएन । अतः गुणस्तरयुक्त सामाग्री प्रयोग भई

स्पेसिफिकेसन बमोजिम निर्माण भएको सम्बन्धमा आश्वस्त हुन सम्झौता तथा नियमानुसार गुणस्तर परीक्षण हुनु पर्दछ ।

## भवानीबक्स गण

१. **प्रतिवेदन कार्यान्वयन** : जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित फ्याक्स मेशिन, सर्च लाइट, एम्प्लीफायर लगायत मालसामानहरु चालु अवस्थामा रहेको नदेखिएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को ५० (३) अनुसार जिन्सी निरीक्षण सम्पन्न भई देखिएका व्यहोराहरुको आवश्यक पहल गरी कार्यान्वयन गरिनु पर्दछ ।

## महाकाली अञ्चल अस्पताल

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आयोजनाले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **दरबन्दी सम्बन्धमा :** स्वीकृत अधिकृत स्तर चिकित्सक र नर्सिङ् प्रशासक समेतको दरबन्दी २२ मध्ये १८ पद रिक्त रहेका छन् । उपचारमा संलग्न हुने १८ चिकित्सक पदहरु पदपूर्ति नहुँदा स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन । अस्पतालको अवस्था दिनप्रतिदिन खस्कँदै गएको र जनताले सरकारबाट गरेको लगानीबाट समेत सुविधा पाउन नसकेको अवस्था छ । यसमा व्यवस्थापन पक्ष गंभीर भई अस्पताल सुधार योजना बनाई कार्यान्वयन गर्न सक्रिय हुनुपर्ने र तालुक निकायबाट समेत रिक्त पदहरु पदपूर्तिको  व्यवस्था हुनपर्ने देखियो ।

३. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समीक्षा गर्नुपर्ने र तोकिएको समयमा तोकिएको प्रगति हासिल नगर्ने र विवरण नपठाउनेलाई कारवाही गर्न सकिने व्यवस्था छ । यो वर्ष संचालित ३९ कार्यक्रमा रु.२६,१०८।- हजार खर्च गरेको छ । ती कार्यक्रमहरु मध्ये २९ कार्यक्रमको ५० देखि ७५ प्रतिशत प्रगति गरेको देखाई रु.१६,९००।- खर्च गरेकोमा लक्ष्य अनुसार प्रगति कम देखिएको सम्बन्धमा स्पष्ट पारिनु पर्दछ ।

४. **क्षेत्रीय तथा अञ्चल अस्पताल** : यस कार्यक्रममा निम्न व्यहोरा देखिएका छन् :

४.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ वमोजिम सम्झौता वमोजिम कार्य शुरु भै सकेपछि प्राविधिक कारणवाट त्यस्तो कार्यको परिमाणमा थप गर्नु परेमा मालसामान खरिदको हकमा सम्झौता मूल्यको १५ प्रतिशतसम्म पुष्ट्याइँ गरी सार्वजनिक निकायको प्रमुखले भेरिएसन स्वीकृत गर्न सक्ने व्यवस्था रहेको छ । अस्पतालले २०७२।७३ को लागि आवश्यक पर्ने औषधी उपकरण र केमिकलको परिमाण खुलाई तयार गरेको लागत अनुमान रु.६५,००,०१५।६५ रहेकोमा बोलपत्र आह्वान गर्दा उक्त लागतमा ६४.४५ प्रतिशतले न्यून रु.२३,१०,९०१।९३ एक मेडिसिन डिष्ट्रिब्युटरको बोलपत्र स्वीकार गरी २०७२।७।२२ मा सम्झौता गरी सोही दिन कार्यादेश दिएको पाइयो । अस्पतालले रु.२३,१०,९०१।९३ को बोलपत्र स्वीकारी कार्यदेश दिएकोमा उक्त बिक्रेताबाट सो आ.व मा रु.४१,७२,६४२। को औषधि खरिदगरी भुक्तानी गरेको छ । अस्पताल विकास समितिको २०७३।३।२६ को नियर्ण नं २ ले अस्पतालको आवश्यकता अनुसार खरिद गरिएकोले उक्त बोलपत्र र खरिदको फरकको भेरिएसन स्वीकृत गर्ने निर्यण गरेको देखियो । आर.एल.इन्जेक्सन ५०० एम.एल.तथा डी.एन.एस.इन्जेक्सनको अनुमान ८००, ८०० गोटा गरिएकोमा २८०० र १७४२ थानसम्म प्रतिथान

रु.५२। ले हुने मूल्यमा खरिद गरेको र अन्य कम मूल्यका औषधि अनुमान भन्दा पनि कम मात्रामा खरिद गरेको देखियो । भेरिएसनको पर्याप्त पुष्टयाइँका प्रमाण स्रेस्तासाथ नरहेकोले उक्त खरिद नियमसम्मत मान्न सकिएन । अतः रु.१८,६१,७४०.०७ (८०.५६ प्रतिशत) को भेरिएसन स्वीकृत गर्ने निर्यणको आधार सहितको आवश्यकता भएको पुष्ट्याइँ प्रमाण पेश हुनुपर्दछ ।

४.२. अस्पतालको मूल गेटदेखि ओ. पी. डी. भवन अगाडि हुँदै क्वाटरसम्म सडक ढलान तथा गोलघर निर्माणमा एक निर्माण सेवालाई मूल्य अभिबृद्धिकर सहित रु.११,५३,९४८।- भुक्तानी गरेकोमा स्थलगत निरीक्षणको क्रममा प्रशासनिक भवन अगाडि हुँदै क्वाटरसम्मको ढलान कार्यमा बिच बिचमा टुटफुट भएको समेत देखिएकोले मर्मत सम्भार अवधिमा पुऱ्याउनु पर्ने दायित्व पुरा गराएर मात्र धरौटी फिर्ता गर्नुपर्ने देखियो ।

४.३. ओभरहेड टंकीको पाइप बोरिङ् गर्ने यस कार्यक्रमको लागि रु.१ करोड ५० लाख बजेट माग गर्ने निर्णय भई माग गरिएकोमा रु.१५ लाख मात्रको अख्तियारी प्राप्त भएको कारण कार्यान्वयन हुन सकेको देखिएन । आवश्यक पर्ने न्यूनतम बजेटको अभावमा कार्यक्रम कार्यान्वयन गर्न नसकिएको जानकारी स्थलगत छलफलमा गराएकोले कार्य सञ्चालन र सम्पन्न गर्ने सुनिश्चितता गरी मात्र बजेटको ब्यबस्था र कार्यान्वन हुनुपर्ने देखियो ।

५. **अस्पताल विकास समिति :** यसमा निम्न व्यहोरा देखिएका छन् :

५.१. अस्पताल विकास समितिको २०७२।६।१८ को निर्णयानुसार २०७२।७३ को बजेट रु.१,३६,२२,५००।- अनुमान गरिएकोमा यथार्थ आय रु.१,२७,४२,४९३।२३ हुन गई अनुमानभन्दा रु.८,८०,००६।७७ ले घटन गएको छ । अनुमानभन्दा घटी आय ब्ययको सम्बन्धमा समितिले समिक्षा गर्नुपर्ने देखियो ।

५.२. समितिको २०७२।६।१८ को निर्णयानुसार साझा सेवाबाट प्राप्त हुनुपर्ने भाडा रु.३,००,०००।- अनुमान गरिएको छ । विगतमा औषधी बिक्रीको २ प्रतिशतले हुने रकम भाडा वापत लिने गरेको र सोही अनुसार अनुमान गरिएको लेखापरीक्षणमा जानकारी गराए तापनि २०७२।७३ को भाडा वापतको अनुमानित रकम २०७३ माघ २१ सम्म दाखिला भएको देखिएन । साझा सेवासंग भएको सम्झौता र उक्त बहाल रकम असुल गरी प्रमाण पेश गर्नुपर्दछ ।

५.३. ओ.जे.टी.तर्फ यो बर्ष रु.१५ लाख आम्दानीको अनुमान गरिएकोमा रु.१२,२३,६५०।- आम्दानी भई रु.२,७६,३५०।- घटी आम्दानी देखिन्छ । ओ.जे.टि.तर्फको आयको अद्यावधिक अभिलेख नराखेको अवस्थामा उक्त आयलाई यकिन गर्न सक्ने अवस्था रहँदैन । अतः ओ.जे.टिको अद्यावधिक अभिलेख पेश गर्नुपर्दछ ।

५.४. अस्पतालले यो वर्ष एम्बुलेन्स सेवाबाट रु.४,५५,१५५।- आम्दानी गरी रु.४५५१६।- कमिशन खर्च लेखेकोमा उक्त कमिशन खर्चमा आयकर ऐन, २०५८ अनुसार १५ प्रतिशतले करकट्टी गरी रु.६,८२७ दाखिला गर्नुपर्दछ ।

५.५. रु.२५,०००।- भन्दा बढीको सामग्री खरिद गर्दा सूचीकृतमध्ये तीन फर्मबाट दरभाउपत्र लिई खरिद गर्नुपर्नेमा विभिन्न ५ औषधी पसलबाट रु.९,३१,६४७/- औषधी सोझै खरिद गरेको नियमसम्मत् देखिएन ।

६. **अनुगमन तथा मूल्याङ्कन** : यसमा निम्न व्यहोरा देखिएका छन् :

६.१. खरिद भएका मेशिनरी तथा सामानहरु पूर्णरुपमा उपयोग हुनुपर्दछ । अस्पतालले गत वर्ष ४ बेडको आई.सी.यू. कक्ष निर्माणको लागि रु ६१,५९,५००। को उपकरण खरिद गरेको र प्रयोगमा नल्याएको व्यहोरा औंल्याइएकोमा अवस्था यथावत छ । त्यसै गरी विगत ६ वर्षदेखि एक एक्स-रे मेशिन प्रयोग विहीन अवस्थामा देखियो । दिन प्रतिदिन खरिद भएका उपकरणको गुणस्तरमा ह्रास आएको, अञ्चल स्तरको अस्पतालमा आई.सी.यू.कक्ष सञ्चालन हुन नसकेको, मन्त्री स्तरको निरीक्षण भइसककेको अवस्थामा पनि समस्याको समाधान भएको नदेखिएबाट अस्पतालको सञ्चालन र सेवा स्तरमा दिन प्रतिदिन ह्रास आएको देखियो । अस्पताल प्रति बिरामीको आर्कषण तथा गुणस्तरीय सेवाको लागि

आवश्यक दरबन्दीमा पदपूर्ति गरी सेवाग्राहीलाई सेवा दिन र सरकारी खर्चको सदुपयोग गर्न सम्बन्धित निकायले यस्ता उपकरणको सन्चालनका लागि तत्काल व्यवस्था मिलाउनु पर्ने देखिएको छ ।

६.२. आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४६(२) मा जिम्मामा रहेका सरकारी सम्पतिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । नेपाल सरकारले अस्पतालमा आउने सेवाग्राहीलाई नि:शुल्क वितरण गर्न खरिद गरिएका औषधीहरु मूल भण्डारको जिन्सी खातामा दाखिला गर्ने गरिएको र सेवाग्राहीलाई वितरणको लागि अस्पतालको इण्डोर, ओ.पि.डी. जनरल, इमरजेन्सी र प्रसुति वार्डमा माग गरिए अनुसार मूल भण्डारबाट दिने गरिएको छ । मूल भण्डारबाट यस प्रकार सेवाग्राहीलाई नि:शुल्क औषधी वितरण गर्ने इण्डोर, ओ.पि.डी, इमरजेन्सी र प्रसुति वार्डले के, कति कहिले माग फारामबाट प्राप्त गरे उक्त औषधीहरु के, कति परिमाणमा वितरण गरी बाँकी रहेको छ । सोको अभिलेख स्पष्ट रुपमा राख्ने गरेको छैन । यस सम्बन्धमा विगतदेखि औंल्याउँदै आएता पनि सुधार भएको देखिएन ।

## महाकाली अंचल प्रहरी कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा, जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## महेन्द्रनगर नगर विकास समिति

१. **आन्तरिक नियन्त्रण प्रणाली** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत नगरेको, घरजग्गाको लगत तोकिएको ढाँचामा मुल्य खुलाई नराखेको, निजामती सेवा ऐन अनुसार प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, पेश्की समयमा फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, तालुक निकायबाट हुने निरीक्षणको अभिलेख नराखेको, मर्मत अभिलेख नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **आन्तरिक लेखापरीण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(१) मा प्रचलित कानुल वमोजिम लेखापरीक्षण सम्वन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्ने व्यवस्था भएकोमा समितिको आन्तरिक लेखापरीक्षण गराएको छैन । गत विगतको प्रतिवेदनमा समेत औंल्याइकोमा नियमको पालना गरेको छैन ।

३. **पसल बहाल कर** : समितिबाट प्राप्त विवरण अनुसार ९४ जनलाई पसल बहाल दिएकोमा यो वर्ष प्राप्त हुनपर्ने रु ३२४४४४३।६० मध्ये रु.२५८५७।- छुट दिइ ३२१८५८६।६० मध्ये रु २७४४०११।०२ असुली भइ रु ४७४५७५।५८ उठन बाकी रहेको छ । असुली हुन बाकी र यस वर्षको व्याज रकम रु ५७४६७२।- समेत जम्मा रु १०४९२४७।५८ तथा जग्गा भाडा कर यो वर्ष रु ४७४२६८३।- प्राप्त हुनपर्नेमा रु ३३१२४३९।- मात्र असुली भइ रु ११२४५८८ ।- बाँकी रकम असुल हुनुपर्दछ ।

४ **पेश्की बाकी** : आर्थिक वर्षको अन्तमा फछ्र्यौट नभइ वाकी रहेको तीन कर्मचारीको पेश्कि रु.६७०१२।- सार्वजनिक खरिद नियमावली २०६४को नियम ११३ असुल फछ्र्यौट हुनु पर्दछ ।

## महेन्द्रनगर भन्सार कार्यालय

१. **लक्ष्य प्रगति :** यो वर्ष कार्यालयलाई रु.२० करोड ४४ लाख ५१ हजार राजस्व असुल गर्ने लक्ष्य तोकिएकोमा रु.२२ करोड ८६ लाख ४८ हजार असुल गरी लक्ष्यको तुलनामा १११.८४ प्रतिशत प्रगति गरेको छ । यो वर्ष कार्यालयले इनहाउस निकासी पैठारीतर्फ ७६८७ र यात्रु शाखातर्फ ६८,०५३ गरी जम्मा ७५७४० प्रज्ञापन पत्रको कारोबार लेखापरीक्षणमा पेश गरेको छ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक कार्यालयले कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफनो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा अनुसूची-३० को परीक्षण सूची समेतबाट बार्षिक खरिद योजना नबनाएको, मूल्य नखुलेका पुराना माल सामानको मूल्य कायम गराई नराखेको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको र सो माथि कारबाही नगरेको, कार्य विवरण तयार गरी कर्मचारीलाई अधिकार र जिम्मेवारी नतोकिएको जस्ता व्यहोरा देखिएकोले नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नु पर्दछ ।

३. **सूचना मूल्य सूची** : कार्यालयले यो वर्ष २०७२।६।१ भन्दा पहिला एक र तत्पश्चात् एक गरी दुईवटा सूचना मूल्य सूचीलाई आधार लिई मालवस्तुको जाँचपास गरेको छ। यसरी जाँचपास गर्दा बिलको स्तर समेतलाई ध्यान दिई कारोबार मूल्यलाई मान्यता दिएता पनि केही सामानको जाँचपासमा सामानको स्पष्ट स्पेसिफिकेशन नखुलाई न्यून दरको मूल्य सूची प्रयोग गरेको छ । उदाहरणको लागि नफड्केको कपासको सूचना मुल्य प्रति के.जी. भा.रु ३५ भएको र फड्केको कपासको सूचना मुल्य प्रति के.जी. भा.रु.४० भएकोमा कपास मात्र उल्लेख गरी भा.रु ३५ मा जाँचपास भएको छ । यसै गरी प्रेशर कूकर, चुल्हो, विभिन्न कपडा लगायतका मालवस्तुमा समेत स्पष्ट स्पेसिफिकेशन नखुलाई जाँचपास गरेको देखिएकोले घोषणाकर्ता तथा जाँचकीले मालवस्तुको स्पष्ट स्पेसिफिकेशन खुलाई पेश गर्ने तथा जाँचपास गर्ने व्यवस्था गर्नुपर्दछ ।

४. **जाँचपास पछिको लेखापरीक्षण** : भन्सार ऐन, २०६४ को दफा ३४ ले जाँचपास पछिको लेखापरीक्षणको व्यवस्था गरेको छ । यो वर्ष कार्यालयले ३० कारोबारको जाँचपास पछिको लेखापरीक्षण (PCA) गर्ने लक्ष्य लिएकोमा ३३ कारोबारको परीक्षण गरेको पाइयो। यसरी परीक्षणको लीग छनौट गर्दा वस्तुको कारोबार तथा बजार मूल्य समेतलाई ध्यान दिनु पर्ने भए तापनि यो वर्ष विभिन्न मितिमा पैठारी भएका १४३३५ थान इन्डक्शन कूकर को सूचना मूल्य भा.रु.७००।- रहेकोमा भा.रु.७००।- देखि भा.रु.७५०।- सम्ममा पैठारी भई जाँचपास भएको छ । यी सामानहरुको तत्कालीन कारोबार रु.७५००।- सम्म भएको धेरैले प्रत्यक्ष अनुभव गरेको अवस्थामा पनि त्यस्तो मालवस्तु जाँचपास पछिको लेखापरीक्षणमा समावेश गरेको पाइएन ।

## महाकाली पथरैया सिंचाइ व्यवस्थापन डिभिजन नं. ८

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आयोजनाले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन्। अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार समयमै निर्धारित कार्यक्रम अनुसार मालसामानको उपलब्धि तथा प्राविधिक एवं प्रशासकीय व्यवस्था मिलाई कार्य सम्पादन गर्नु सम्बन्धित कार्यालय प्रमुख  प्रमुखको कर्तव्य हुने उल्लेख छ । यस वर्षको पूँजीगत खर्च रु.६

करोड ४० लाख १० हजार मध्ये प्रथम चौमासिक ५.०३ प्रतिशत, दोस्रोमा १०.५५ प्रतिशत, तेस्रो चौमासिकमा ८४.४ प्रतिशत तथा आषाढ महिनामा मात्र ३१.५७ प्रतिशत खर्च गरेको छ । वर्षान्तमा मात्र खर्च गर्ने परीपाटीको अन्त गरी तोकिएको कार्यक्रम समयमा सम्पन्न गर्नु पर्दछ ।

३. **न्यून प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्र रद्द हुने उल्लेख छ । यस वर्ष रु.२९,१९,९३,४३२।- लागत अनुमान रहेका ६ ठेक्काका लागि ७८ वटा बोलपत्र बिक्री भएकोमा २८ वटा अर्थात् ३५.८९ प्रतिशत मात्र दर्ता भएका छन । सो मध्ये छनौट भएका ६ निर्माण व्यवसायीहरुसंग रु.२२,६६,१०,०१८।- को सम्झौता गरेकामा लागत अनुमानको तुलनामा २२ प्रतिशत घटी ठेक्का सम्झौता भएको देखिन्छ । बोलपत्रदाताहरु बीच पर्याप्त प्रतिस्पर्धाको स्थिति कायम राख्न कार्यालयले थप पहल गर्नु पर्ने देखिन्छ ।

६ **पूर्व निर्धारित क्षतिपूर्ति :** अत्यावश्यक संरचना सुधार कार्य गर्नको लागि रु.४,९४,४०,९००।- को लागत स्वीकृत भएकोमा एक निर्माण व्यवसायीले लागत अनुमानभन्दा ७० प्रतिशत घटी रु.१,४९,६१,८४५।५६ कबोल गरी २०७२ आषाढ मसान्त भित्र कार्य सक्ने गरी २०७०।७१ मा संझौता भएकोमा वर्षाको कारण कार्य हुन नसकेको भनी म्याद थप माग गरेकोमा १० महिना भन्दा बढी अवधिमा मात्र कारवाहीको टुंगो लगाई ०७३।२।५ को विभागीय निर्णयले ०७३।२।३० सम्म थप गरेको देखिन्छ । माग निवेदनमा कुनै विशेष परिस्थिति उल्लेख नभएकोमा एक वर्ष म्याद थप गरेको तर थप अवधिमा पनि कार्य सम्पन्न हुन नसकेको देखियो । सम्झौता अनुसार कार्य नगरेको र म्याद थपको मनासिब कारण नभएकोले संझौता रकमको अधिकतम १० प्रतिशतले हुने रु.१४,९६,१८५।- हर्जाना लिएको पाइएन । निर्धारित समयमा कार्य सम्पन्न नगराई विषेश परिस्थिति बेगर पटक पटक म्याद थप गर्दै जाँदा निर्माण कार्यको नियन्त्रण व्यवस्था कमजोर हुने हुँदा यसमा नियन्त्रण हुनु पर्दछ ।

७. **बढी भुक्तानी** : पथरैया सिंचाइ प्रणाली जल उपभोक्ता संस्थासँग पथरैया सिंचाइ प्रणाली अन्तर्गत नहर संचालन तथा मर्मत कार्य मिति २०७३।३।३० भित्र सम्पन्न गर्ने गरी २०७२।१०।७ मा रु १६,००,०००। को सम्झौता भएकोमा सम्झौता अनुसार मर्मत कार्य सम्पन्न गरेको भनी उपभोक्ता समितिलाई रु १६,४३,३३८। भुक्तानी दिई सम्झौता भन्दा रु ४३,३३८। बढी भुक्तानी दिएको पाइयो । बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुल गर्नु पर्दछ। सम्भौता हुँदा मूल्य अभिबृद्धिकर रकम छुट भएकोमा निर्माण सामग्री खरिद वाफत उपभोक्ता समितिले पेश गरेको मूल्य अभिबृद्धिकर बिलको रकम भुक्तानी गरेको कार्यालयको भनाइ रहेता पनि समितिलाई मूल्य अभिबृद्धिकर भुक्तानी मिल्ने देखिँदैन ।

८. **मूल्य अभिबृद्धिकर कर समायोजन** : एक निर्माण व्यवसायीसँग विभिन्न नहर निर्माण संरचना र सर्भिस रोड मर्मत गर्न रु.४८६,२२,३६९। को सम्झौता भएकोमा यस वर्ष रु १२५,४४,७५७ भुक्तानी भएकोमा छ । निर्माण व्यवसायी आन्तरिक राजश्व कार्यालय, काठमाण्डौमा दर्ता भएको देखिन्छ मूल्य अभिबृद्धिकर वापत रु.१४,४३,२०२। भुक्तानीको जानकारी २०७३।४।१६ मा आन्तरिक राजश्व कार्यालय, महेन्दनगरलाई दिएको देखिएकोले मूल्य अभिबृद्धिकर समायोजन पत्र पेश हुनु पर्दछ ।

## महाकाली सिंचाइ आयोजना (तेश्रो चरण)

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आयोजनाले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको

प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **गुरुयोजना बमोजिम नभएको :** आयोजनाको गुरु योजनामा कूल लागत १२ अर्ब उल्लेख भए तापनि लागत संशोधन गरी २७ अर्ब पुऱ्याइएको छ । शुरुमा २०६८।६९ मा सम्पन्न गर्ने लक्ष्य रहेको आयोजना २०८०।८१ मा मात्र सम्पन्न हुने उल्लेख छ । यस आर्थिक वर्ष सम्ममा १ अर्ब १२ करोड अर्थात ९ प्रतिशत मात्र खर्च भएको छ । हाल सम्म ६२ हेक्टर जमिनको मुवाब्जा वितरण, ६ कि.मी. मूलनहरको कार्य, १० वटा ग्रामीण सडक पुलहरुको कार्य मात्र भएको देखिन्छ । यस तथ्यांकले आयोजनाको कार्य प्रगति सन्तोषजनक रहेको देखिँदैन । समयमा आयोजना पुरा नहुने देखिन्छ ।

३. **मुआब्जा वितरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) अनुसार सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था गरेर मात्र खरिद कार्य अगाडि बढाउनु पर्ने व्यवस्था छ । आयोजनाले २०६४।६५ मा ५७१,०३६ वर्ग मीटर जग्गाको मुआब्जा दिनुपर्ने उल्लेख गरेकोमा यस वर्ष सम्म १६४,६९३ वर्ग मीटरको मुआब्जा वितरण भइसकेको पाइयो । मुआब्जा वापत यस वर्ष रु.१२०,५४,०००।- समेत हाल सम्म रु.३९,५३,३४,०००।- खर्च भएको देखिन्छ । अधिग्रहण गर्नुपर्ने जग्गा र मुआब्जा वितरणको लगत अद्यावधिक नगरेको, मुआब्जा वितरणको लागि जग्गाको दर यकिन नभएका कारण आयोजनाको लागत अस्वाभाविक बढ्न गएको छ । अधिग्रहण गरेको जग्गाको स्वामित्व आयोजनाको नाममा प्राप्त भए पछि मात्र मुआब्जा वितरण गर्नु पर्नेमा ऐलानी जग्गा भोग चलन गरेको उल्लेख गरी मुआब्जा दाबी गरेका २४ व्यक्तिलाई १९४१३ वर्ग मीटर जग्गको क्षतिपूर्ति वापत मन्त्री परिषदको मिति २०७३।१।३० को निर्णयानुसार रु.८३,१८,६३६।- भुक्तानी गरेको छ । ऐलानी जग्गाको जग्गाधनी पुर्जा समेत प्राप्त नभएको अवस्थामा यस्तो जग्गाको क्षतिपूर्ति गर्ने पटके निर्णयले प्रचलित कानुनको पालना भएको छैन । प्रचलित कानूनको पालना गरी कार्य हुनु पर्दछ ।

४. **कन्टिन्जेन्सी खर्च :** आर्थिक कार्यविधि नियमावी, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा निर्माण कार्य संग सम्वन्धित वर्क स्टाफ खर्च २.५ प्रतिशत र सानतिना अन्य खर्च २.५ प्रतिशतले लागत अनुमानमा समावेश गर्ने व्यवस्था छ । आयोजनाले निर्माण कार्यको सुपरभिजन र रेखदेख, सवारी चालक, कार्यालय सहयोगी आदि ३२ जना कर्मचारीको पारीश्रमिकमा रु.६८९५६२० । खर्च लेखेको, निर्माण कार्यको सुपरभिजन तथा सर्वेक्षणमा विभिन्न परामर्शदातसंग रु.१२ करोड ९१ लाखको सम्झौता गरेको मध्ये यो वर्ष रु.१ करोड ४८ लाख खर्च गरेको छ । आयोजनाको सुपरभिजनका लागि निर्माण व्यवसायीको विलअफ क्वान्टीटीमा इन्जिनियरलाइ मोटर सुविधा वापत एक ठेक्कामा रु ६० लाख समावेश गरेकोमा यो वर्ष रु १४लाख भुक्तानी गरेको छ । कार्यालय संचालनका लागि लाइन आइटममा बजेट समेत व्यवस्थापन भएको अवस्थामा कन्टेन्जेन्सीबाट थप रकम खर्च गर्न नमिल्नेमा स्टेस्नरी, इन्धन, दैनिक भ्रमण भत्ता, ज्याला सहित रु.१ करोड ६२ लाख ३६ हजार खर्च लेखेको देखियो । निर्माण कार्यको सुपरभिजनमा र परामर्शदातालाई यस प्रकारको कन्टेन्जेन्सी खर्च गरेबाट दोहोरो व्ययभार पारेको देखिदा खर्चमा मितव्ययीता ल्याउनु पर्ने देखिएको ।

५. **मूल्य अभिबृद्धिकर बीजक :** ठे.नं. एम.आइ.पी. ३-२०६९।७० का निर्माण व्यवसायीले पाँचौ रनिङ बिलको भुक्तानीका लागि पेश गरेको मूल्य अभिबृद्धिकर बीजकको नम्बर केरमेट गरेको पाइयो । उक्त बीजकबाट रु.१६,५१,७९५।७६ मूल्य अभिबृद्धिकर भूक्तानी गरेकोले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।

५.१ आन्तरिक राजश्व कार्यालय, ललितपुरमा दर्ता भएका एक निर्माण व्यवसायीलाइ वीजक नं. समेत नखुलाई आन्तरिक राजश्व कार्यालय, कन्चनपुरलाई कर भुक्तानीको जानकारी दिएको छ । मु.अ.कर

ऐन, २०५२ अनुसार कर भुक्तानी भएको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई दिनुपर्ने व्यवस्था भएकोले निजलाई भुक्तानी भएको मूल्य अभिबृद्धिकर रु.२३,५२,९८२। सम्बन्धित राजस्व खातामा दाखीला भएको यकिन नभएकोले कर समायोजन पत्र पेश हुनु पर्दछ ।

५.२ एक निर्माण व्यवसायीलाई २०७२।११।२ को बीजक नं. ३ बाट रु.२५८,०५८। मूल्य अभिबृद्धि कर भुक्तानी भएकोमा सोको जानकारी दिँदा बीजक नं. र कारोबार मिति उल्लेख नगरेकोले सो कर दाखिला भए नभएको यकिन हुन सकेन । अतः कर समायोजन पत्र पेश हुनु पर्दछ ।

६. **म्याद थप:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा ऐनको दफा ५६ मा काबुबवाहिरको परिस्थितिमा निर्माण व्यवसायीले रीत पूर्वक म्याद थप माग गरेकोमा कारण मनासिब देखिएमा थप गर्न सक्ने व्यवस्था छ । आयोजनाल वर्षात्, मुआब्जा विवाद, नाकाबन्दी, बन्द हड्ताल, चाडपर्व लगायतका कारण जनाई विभिन्न ३ ठेक्का सम्झौताको पटक पटक गरी शुरु सम्झौताको १३३ प्रतिशतसम्म म्याद थप गरे तापनि थपिएको म्याद भित्र पनि उक्त ठेक्का कार्यहरु सम्पन्न भएका छैनन् । पटक पटक म्याद थप गर्नु पर्ने अवस्था आउनुमा निर्माण व्यवसायीले समयमा काम नगर्नु र कार्यालयले पनि सो सम्बन्धमा आवश्यक विश्लेषण नगरी म्याद थप गर्ने प्रवृत्ति रहेको देखिन्छ । पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्दै जाने र आयोजना अवधि लम्ब्याउने परिपाटीको अन्त्य गर्दै तोकिएको समयमा आयोजनाहरु सम्पन्न गर्ने, गराउने तर्फ पर्याप्त ध्यान दिनु पर्दछ ।

७. **निर्माण ठेक्काबाट सवारी साधन :** आयोजनाले ठेक्का प्याकेजको बि.ओ.क्यू. मा प्राविधिक कर्मचारीका लागि सवारी साधन जनरल आइटममा राखी ५ गाडी तथा आवास भाडा समेत उपलब्ध गराउन भाडा वापत रु.६० लाख व्यवस्था गरी यस वर्ष १४ लाख भुक्तानी दिएको छ । आयोजनालाई चाहिने यस्ता सवारी साधन तथा उपकरण खरिद गर्न वा भाडामा लिनुपर्ने भए सम्बन्धित खर्च शीर्षकमा बजेट विनियोजन गर्नु पर्नेमा निर्माण ठेक्का सम्पन्न भएपछि उक्त गाडी फिर्ता दिन पर्ने गरी ठेक्कामा समावेश गरी खर्च गर्ने गरेको पाइयो । यस सम्बन्धमा नियन्त्रण गर्न विगत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा नियन्त्रण तथा सुधार भएको छैन । यसबाट शिरोभार खर्च समेत बढ्न गई पूर्वाधार आयोजनाहरुको लागत बढ्न जाने देखिन्छ । यस्तो खरिद प्रक्रिया सम्बन्धमा सम्बन्धित निकायबाट नियन्त्रण गरी स्पष्ट रुपमा नीति बनाउन सार्वजनिक लेखा समितिले २०६९।१।८ मा निर्देशन दिएकोले सो को पालना गरी खर्च नियन्त्रणमा ध्यान दिनुपर्ने देखिन्छ ।

८. **मूल्य समायोजन** : एक निर्माण व्ययसायीसँग टनकपुरको मुख्य नहरमा संरचना निर्माणको कार्य गर्न १९ नोभम्बर २०१४ मा सझौता भएकोमा यस वर्ष चौथो बिल रकममा मूल्य समायोजन समेत रु.५,१६,८०,७७७- भूक्तानी गर्दा यस बिलबाट रु.१,२५,००,०००।- पेश्की फछ्यौट गरेकोमा मूल्य समायोजन गणना गर्दा सो रकम घटाएको पाइएन । अतः मूल्य समायोजन गणना फ्याक्टर ०.०५ ले हुने रु.६२,५००।- मा मूल्य अभिबृद्धिकर समेत रु.७०,६२५।- सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनु पर्दछ ।

८.१ निर्माण व्यवसायीको शुरु मोबिलाइजेसन पेश्की रु.४,९९,८०,०००।- मध्ये चौथो बिलबाट २५ प्रतिशतले हुन रु.१,२५,००,०००।- कट्टी गरी रु.३,७४,८०,०००।- बाँकी भै पाँचौ बिल रकम रु.४,१७,०७,१२२।- को २५ प्रतिशतले रु.९३,७०,०००।- पेश्की कट्टी गर्नु पर्नेमा रु.५,००,०००।- मात्र कट्टी गरेको कारण रु.८८,७०,०००।- सम्झौता अनुसारको अनुपातमा बिलबाट कट्टी नगरी मूल्य समायोजन गणना गर्दा ३५,४८०।- बढी मूल्य वृद्धि भुक्तानी हुन गएकोले मूल्य अभिबृद्धिकर समेत रु.४०,०९२।४० सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनु पर्दछ ।

९. **बढी दरमा लागत अनुमान** : आयोजनाको निर्माणका लागि प्रयोग हुने नर्म्समा एक रुपता हुनुपर्दछ । सडक विभागले समसामयिक रुपमा नर्म्स संसोधन गरे पनि यस आयोजनाले सिंचाइ विभागको

सन् २००२ को मेनुयल पद्धतिको नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरेको छ । मेनुयल पद्धतिबाट श्रमिकले कंक्रिट बनाउने कार्यमा परिवर्तन भई कंक्रिट मिक्स्चरको प्रयोग हुँदै हाल ब्याचिङ् प्लाण्टको प्रविधिबाट कंक्रिट निर्माण कार्य भइरहेको र उपकरणको प्रयोगले निर्माण लागत घट्दै जाने अवस्था रहेकोमा मेनुयल नर्म्स प्रयोग गरी बढी श्रमशक्तिको खपत देखाएर आयोजनाको लागत बढाउँदै गएको देखियो । यस प्रकार दुई निकायले स्वीकृत गरेको नर्म्सको मेनुयल पद्धतिमा पनि एकरुपता आएको छैन । सडक विभागको स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको बि.ओ.क्यू.मा समावेश भएको एम. २० शक्तिको कंक्रिटको मात्र गणना गर्दा यस आयोजनामा यो वर्ष चालु रहेका २ ठेक्काको लागत अनुमानमा रु.२ करोड ९९ लाख ६६ हजार थप लागत समावेश भएको लागत अनुमान स्वीकृत भएको छ ।

उल्लेखित २ प्रकारका कंक्रिट आइटममा सडक विभागको नर्म्स भन्दा फरक नर्म्सको कारणले प्रति ठेक्कामा रु १ करोड ५३ लाख सम्म बढीको लागत अनुमान स्वीकृत भएको छ । नर्म्सलाई समय सापेक्ष नबनाइँदा यथार्थभन्दा बढीको लागत अनुमान स्वीकृत भएको छ । फरक नर्म्स प्रयोग गरेर लागत अनुमान गणना गरेको कारणले बढी रकमको २ ठेक्का स्वीकृत गरी आयोजनालाई क्रमशः रु.५२,३९,४७०। र रु.१,५१,३८,५०४। समेत २०३,७७,९७४। नोक्सान परेको देखिएको छ । लागत अनुमान स्वीकृत विभागीय नम्स) प्रयोग गरी तयार गर्नुपर्ने र सोही अनुसार भएको, नम्स) परिवर्तन वा अपडट□ गर्ने कार्य आयोजनाको कार्यक्षत्र□भन्दा बाहिर भएको, संरचना निर्माणको क्रममा उपलब्ध प्रविधीको उपयोग गर्दा यदि कम समयमा उच्च गुणस्तरको कार्यसम्पादन हुन□अवस्था छ भन□असलाइ) अन्यथा लिन नहुन□भनाइ कार्यालयको रहेको छ ।

## मालपोत कार्यालय, बेलौरी

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक कार्यालयले कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा अनुसूची-३० को परीक्षण सूची समेतबाट वार्षिक खरिद योजना नबनाएको, कार्य विवरण तयार गरी कर्मचारीलाई अधिकार र जिम्मेवारी नदिएको, बिल बीजकमा भुक्तानीको छाप नलगाएको लगायतका व्यहोरा देखिएकोले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नु पर्दछ ।

२. **भ्रमण प्रतिवेदन** : भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र नियम १८ अनुसार भ्रमण गर्ने कर्मचारीबाट भ्रमण प्रतिवेदन पेश नगरेकोमा समेत भुक्तानी खर्च लेखेको पाइयो ।

३. **कार्य सम्पादन नभएको** : ऐन नियम र निर्देशनबाट कार्यालयले गर्नुपर्ने गरी तोकिएका सार्वजनिक एवं गुठी जग्गाको लगत राख्ने, एकीकृत भू-सूचना प्रणालीको विकास गर्ने, एकीकृत जग्गा धनी पूर्जा तयार गरी वितरण गर्ने जस्ता कार्यहरुको सम्पादन कार्यालयबाट भएको नदेखिएकोले सोको कार्यान्वयन हुनुपर्दछ ।

## मालपोत कार्यालय, महेन्द्रनगर

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक कार्यालयले कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा अनुसूची-३० को परीक्षण सूची समेतबाट वार्षिक खरिद योजना नबनाएको, मूल्य नखुलेका पूराना सामानको मूल्य कायम गराई नराखेको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको र सो माथि आवश्यक कारवाही नगरेको, कार्यविवरण तयार गरी कर्मचारीलाई अधिकार र जिम्मेवारी नदिएको, बिल बिजकमा

भुक्तानीको छाप नलगाएको, मर्मत अभिलेख नराखेको लगायतका व्यहोरा देखिएकोले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नु पर्दछ ।

२. **कार्य सम्पादन नभएको** : ऐन, नियम र निर्देशनबाट कार्यालयले गर्नु पर्ने गरी तोकिएका सार्वजनिक एवं गुठी जग्गाको लगत राख्ने, एकीकृत भू-सूचना प्रणालीको विकास गर्ने, एकीकृत जग्गा धनी पूर्जा तयार गरी वितरण गर्ने जस्ता कार्यहरुको सम्पादन कार्यालयबाट भएको नदेखिएकोले सोको कार्यान्वयन हुनुपर्दछ ।

३. **कार्यालयको भवन निर्माण** : कार्यालय भवन निर्माणको लागि २०७०।३।५ मा संयुक्त उपक्रमका एक निर्माण व्यवसायीसँग सम्झौता भई २०७२।३।३० सम्म कार्यसम्पन्न गरिसक्ने गरी काम शुरु भए तापनि विभिन्न कारणले कार्यसम्पन्न हुन नसकेकोले २०७३ असाढ मसान्तसम्म म्याद थपका लागि विभागमा पठाएकोमा स्वीकृत भई आएको देखिएन । भवन निर्माणको लागि कबोल अङ्क मूल्य अभिबृद्धिकर सहित रु.३,१८,१०,५६०।१७ रहेकोमा यस वर्षको आठौं रनिङ्ग बिलको रु.२१,०४,१३६।५० समेत हालसम्म रु.२,२५,९९,७२३।३६ भुक्तानी भए तापनि कार्यसम्पन्न भएको छैन । निर्माण व्यावसायीलाई भवन निर्माणको लागि आठौं रनिङ्ग बिलको हातले सच्याएको कर वीजक ००१ मिति २०७३।३।३१ बाट रु.२१,०४,१३६।५० मा मूल्य अभिबृद्धिकर वापत रु.२,७३,५३७।७४ भुक्तानी भएको छ । सम्झौताको पूर्ण पालना गरी म्याद थप नभएको अवधिको छानविन गरी जरिवाना यकिन गरी मूल्य अभिबृद्धिकर समायोजन प्रमाण पेश हुनुपर्दछ ।

## यातायात व्यवस्था कार्यालय

१. **अनियमित खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यमद्वारा गराउनुपर्ने व्यवस्था भएकोमा कार्यालयले मूल्य अभिबृद्धिकर समेत रु.३१,८२,५४१२।- को कार्य ७ टुक्रा गरी विभिन्न सात निर्माण व्यवसायीबाट सोझै गराई मूल्य अभिबृद्धिकर समेत रु.३१२००१६।५२ भुक्तानी दिएकाले अनियमित देखिएको छ । नियमको पालना गरी प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गर्नुपर्दछ ।

२. **भवन निर्माण** : कार्यालय भवन निर्माणको लागि रु.३,११,१४,६०९।७० को लागत अनुमान स्वीकृत गरी उक्त कार्य २०७३।०१।०१ भित्र सम्पन्न गर्ने गरी २०७१।१।५ मा एक निर्माण व्यवसायीसँग रु.२,३०,९४,५७६।६३ को सम्झौता भएको थियो । उक्त कार्य २०७२।०७।१८ मा सम्पन्न भएको उल्लेख छ । अन्तिम बिलसम्म रु.रु.१,७५,३९,६००।५७ भुक्तानी भएकोमा अन्तिम बिलको प्रतिलिपी मात्र पेश भएकोले सो बिल अन्तिम वा रनिङ् बिल के हो स्पष्ट नखुलेको, निर्माण व्यवसायी र भुक्तानी दिने अधिकार प्राप्त अधिकारीबाट प्रमाणित नभएको, व्यवसायीले २०७२।०५।११ मा रकम उल्लेख नै नगरी अन्तिम बिल भुक्तानी माग गरेको तर कतिको कार्य गरेको रकम उल्लेख छैन । नापी किताबमा नापजाँच गर्ने अधिकारी नखुलाएको भुक्तानी भौचर नम्बर, मिति र भुक्तानी भएको छाप नलगाएको, अन्तिम बिलको रकम उल्लेख गर्दा केरमेट भएको छ । यसमा स्पष्ट हुनु पर्दछ ।

३ **केरमेट** : पेश भएको नापी किताबमा रकम केरमेट गरी शुरुको जम्मा रकम रु.१,७४,९५,३३०।५७ लाई १,७५,३९,६००।५७ गरेको, ठेक्का बिलमा पनि सोही अंक उल्लेख भएको तर कार्य सम्पन्न प्रतिवेदनमा भने रु.१,७४,९५,३३०।५७ को मात्र कार्य भएको उल्लेख भएबाट बिलमा रु.४४२७०।- बढी उल्लेख गरेको, सम्झौताको कार्यतालिका अनुसार झ्याल ढोका, फिटिङस, रङ, रोगन र प्लाष्टर कार्य २०७२ फागुन चैत्रमा गर्ने उल्लेख छ तर अन्तिम बिल भुक्तानीको निवेदन २०७२।०५।११ मा नै पेश गरेको देखिएबाट २९ प्रतिशत समय अगाडि १४.१८ प्रतिशत घटीको कार्य गरी भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा यथार्थता यकिन हुनु पर्दछ ।

४ **अनियमित भुक्तानी** : शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयले भवन निर्माण कार्य २०७३।१।१ सम्ममा सम्पन्न गर्नुपर्नेमा २०७२।७।१८ भित्रै सम्पन्न गरेको, कार्य सन्तोषजनक भएको र सम्झौता अनुसार बोनस दिन सकिने व्यवस्था भएको भनी पत्राचार गरेकोमा उक्त पत्र कार्यालयमा दर्ता भएको देखिँदैन । २०७२।११।२३ को कार्यालय प्रमुखको निर्णयबाट १६१ दिन अघि कार्य सम्पन्न गरेको भनी सम्झौता रकम २,०४,३७,६७८।४४ को प्रतिदिन ०.०५ प्रतिशतका दरले हुने रु.१६,४५,०९८ बोनस रकम भुक्तानी गरेको पाइयो । निर्माण व्यवासायीसँग भएको सम्झौतामा कुनै पनि दफामा यस्तो बोनस पाउने उल्लेख गरिएको छैन । सम्झौता रकम भन्दा १४.१८ प्रतिशत घटी कार्य भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको २०६४, को नियम ११८ बमोजिम अधिकार प्राप्त अधिकारीबाट भेरिएसन आदेश स्वीकृत गर्नुपर्नेमा सो नगरी सम्झौताको बि.ओ.क्यु. मा पूर्वानुमान भएका आइटमहरुमा नै घटी कार्य गरी १६१ दिन अघि कार्य सम्पन्न भएको देखाई बोनस दिने निर्णय कानून विपरीत भएको देखिएकोले सो भुक्तानी फिर्ता असुल हुनुपर्दछ ।

५ **मूल्य अभिवृद्धि कर :** मुल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम ६(क) अनुसार मूल्य अभिवृद्धि कर भुक्तानी गरेको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई दिनुपर्ने व्यवस्था भएकोमा विभिन्न फर्मलाई रु.५,४०,७३५।- मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई जानकारी दिएको नपाइएकोले कर समायोजन पत्र पेशहुनु पर्दछ ।

## स्थानीय विकास कोषको सचिवालय

१. **जिम्मेवारी** : गत आर्थिक वर्षको मौज्दात बढी जिम्मेवारी सारिएको रकम रु.१,१७,५६७।८३ को बैंक हिसाब मिलान विवरण तयार गरी हिसाब मिलान गर्नु पर्नु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण व्यवस्था** : स्थानीय निकायको ग समूह खाता सम्बन्धी व्यवस्था बमोजिम स्थानीय विकास कोषको प्रशासनिक खर्च गर्नका लागि तोकिएको बैंकमा ग २.३ र कार्यक्रम सञ्चालनका लागि ग ५.९ खाता खोली कारोबार गर्नुपर्नेमा विभिन्न बैंकहरुमा स्थानीय विकास कोषको नाममा चल्ती र वचत खाता मार्फत कारोवार गरिएकाले तोकिए बमोजिम खाता खोली कारोबार गरिनुपर्दछ ।

३. **गरिबसँग विश्वेश्वर कार्यक्रम** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (१) बमोजिम जिल्ला परिषदबाट योजना तथा कार्यक्रम स्वीकृत गराई स्वीकृत कार्यक्रम तथा योजना अनुसार सोझै वा सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट गर्नुपर्नेमा विभिन्न ५ बजेट उपशीर्षकहरुबाट रु.१२,२६,९२७- को काम गराउँदा वार्षिक कार्यक्रम स्वीकृत नगरी सप्लायर्सलाई सोझै कार्यादेश दिई मालसमान खरिद गरिएको र खरिद भएका मालसमानहरु जिन्सी खातामा दाखिला नगरी सम्बन्धित व्यक्ति तथा समूहलाई गाविस र समाजिक परिचालकको रोहवरमा जाँच गरी हस्तान्तरण हुनु पर्नेमा सो अनुसार भएको नदेखिएकोले खर्च नियमित देखिएन । साथै गत विगत वर्षमा यस कार्यक्रम अर्न्तगत समूहमा आवद्ध सदस्यहरुलाई ऋण लगानी भएको रकम रु.३,७४,६००।- को ऋण सहितको लगानीको हिसाब अद्यावधिक नदेखिएकोले अद्यावधिक अभिलेख पेश हुनुपर्दछ ।

४. **पूँजीगत अनुदान** : जिल्ला विकास समितिको कार्यालयबाट प्राप्त पूँजीगत अनुदान रु.११,६०,०००।- बजेट खर्च जनाउँदा तलव भत्ता, कार्यालय समान विविध र दैनिक भ्रमण भत्ता लगायतका चालु प्रकृतिका शीर्षकमा खर्च जनाएकाले पूँजीगत अनुदानको रकम सम्बन्धित कार्यक्रम तथा शीर्षकहरुमा मात्र खर्च गर्नुपर्दछ ।

## ससस्त्र प्रहरी वल सीमा सुरक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## शुक्लाफांटा वन्यजन्तु आरक्ष कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आयोजनाले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, पेश्की समयमा फछ्र्यौट नगरेको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **पूँजिगत खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० अनुसार ठेक्का व्यवस्थापन गर्ने कार्य प्रथम चौमासीक अवधीमा सम्पन्न गरी स्वीकृत कार्यक्रममा अनुरुप समयमै निर्धारित कार्यक्रम अनुसार मालसामानको उपलब्धि तथा प्राविधिक एवं प्रशासकीय व्यवस्था मिलाइ कार्य सम्पादन गर्नु पर्दछ। कुल खर्च ९४ लाख ४ हजार भएकोमा पहिलो चौमासीकमा ०.२१ प्रतिशत दोश्रोमा ७.४१ , तेश्रो चौमासीकमा ९२.३८ प्रतिशत र अषाढमा मात्र ४७.०२ प्रतिशत खर्च भएको छ। आर्थिक वर्षको अन्त्यमा हतारमा काम गर्दा कामको गुणस्तरमा कमी आउन नदिन र अनुगमन कार्यमा प्रभावकारी ल्याउन तोकिए वमोजिम खर्च हुनु पर्दछ ।

३ **हेभि मेसिन प्रयोग :** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा उपभोक्ता समितिले संचालन गरेको निर्माण कार्यमा निर्माण व्यवसायिबाट हेभि मेसिन प्रयोग गर्न नपाउने उल्लेख भएकोमा शुक्लाफाँटा मध्यवर्ती उपभोक्ता समितिले मझगाउँ एयसपोर्टको क्षेत्रदेखि पलियासम्म र अनाथालय क्षेत्रमा काँडेतार निर्माण तथा मर्मत कार्य सम्पन्न पेश हुँदा जम्मा कार्य गरेको रु ५,३५,२४६।२४ मध्ये ट्रेन्च सफाई गर्ने तथा नयाँ ट्रेन्च खनेको रु.३७४८७७५ भुक्तानी गरेकोले हेभि मेसिन प्रयोग गरी भूक्तानी गरेको देखिएकोले नियमको पालना हुनु पर्दछ ।

## सिद्धनाथ विज्ञान क्याम्पस

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** क्याम्पसबाट प्राप्त अनुसूची-३० को विवरण अनुसार वार्षिक खरीद योजना नबनाएको, जिन्सी निरीक्षण नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, बेरुजूको लगत तयार गरी नराखेको र स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नभएकोले आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखिएको छ। अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **प्रतिवेदन कार्यान्वयन** : आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका निम्न व्यहोराको कार्यान्वयन भएको नदेखिएकोले असुल फछ्र्यौट गरी पेश हुनुपर्दछ :

२.१. एक शिक्षण सहायक शैक्षिक भ्रमणका लागि मनाङ्ग, मुस्ताङ्ग र पोखरा जाँदा रु.१०,६००।- भुक्तानी लिएकोमा भ्रमण प्रतिवेदन पेश नभएको, क्याम्पसले मर्मत गर्दा रु.३९,१३०/- नियमअनुसार खर्च गरेकोछैन ।

२.२. दोश्रो उच्च शिक्षा परियोजनाको बांकी रहेको रु.२,२२,१९६।- मध्ये यस आ.व.मा रु.२,१४,४७५।३५ खर्च भई रु.७,७२१।- मौज्दात रहेको देखिन्छ । सो मध्ये रु.२७,५००।- धरौटीमा रहेको रकम एक शिक्षण सहायकलाई फिर्ता गरी हिसाब मिलान नगरेको र धरौटी तथा दायित्व विवरणमा देखाएको रु.६५,९०,८३८।८४ को धरौटी फिर्ता गरी आर्थिक वर्षको अन्तमा फिर्ता गर्नु नपर्ने धरौटीलाई आम्दानी बाँधी हिसाब फरफारक गर्नुपर्नेमा गरेको छैन ।

## सुदूर पश्चिमाञ्चल विश्वविद्यालय, केन्द्रीय कार्यालय

१. **एकीकृत हिसाब** : विश्वविद्यालयको एकीकृत वासलात अनुसार २०७३ आषाढ मसान्तमा रु.६७ करोड ५५ लाख ८८ हजारको सम्पत्ति रहेको छ भने सञ्चालन तर्फ रु.१५ करोड ६३ लाख ४२ हजार र पूँजीगत तर्फ रु.७ करोड १८ लाख ४८ हजार समेत रु.२२ करोड ८१ लाख ९० हजार बजेट निकासा भएको छ । एकीकृत आय-व्यय विवरण अनुसार यो वर्षको आय रु.२१ करोड ९३ लाख ७४ हजारमध्ये रु.१० करोड १६ लाख ३१ हजार वचत भई रु.११ करोड ७७ लाख ४३ हजार खर्च भएको देखियो ।

२. **विश्वविद्यालयको लेखा प्रणाली** : नेपाल लेखामान अनुसार विश्वविद्यालयले प्रोदभावी आधारमा वासलात, आय व्यय विवरण, नगद प्रवाह विवरण र त्यस सम्बधी अनूसूचीका साथै महत्वपूर्ण लेखा नीति तथा लेखा टिप्पणी सहितको विवरण बनाउनु पर्नेमा नगद प्रणालीमा राखेको पाइयो ।

३. **समायोजन** : सुदूर पश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ को परिच्छेद-२ अनुसार ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट अनुदान प्राप्त गरी त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा सञ्चालित सिद्धनाथ विज्ञान क्याम्पस र सम्बन्धन प्राप्त सिद्धनाथ वहुमुखी क्याम्पसलाई संयुक्त रुपमा समाहित गरी सोही परिसरमा यो विश्वविद्यालय स्थापना गर्ने उल्लेख भए तापनि हालसम्म कार्यान्वयन भएको छैन ।

४. **सम्पत्तिको लगत** : समाहित क्याम्पसको सम्पत्तिको लगत अद्यावधिक हुनुपर्ने गरी आन्तरिकक लेखा परीक्षकले औंल्याए तापनि सिद्धनाथ बहुमुखी क्याम्पसको सम्पत्तिको मूल्याङ्कन गराई अभिलेख अद्यावधिक नगरेकोले सुझावलाई कार्यान्वयन गरिनु पर्दछ

५. **संगठनात्मक ढाँचा** : सुदूरपश्चिमाञ्चल विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०६९ को परिच्छेद-२ मा भएको संगठनात्मक ढाँचा अनुसारका योजना परिषद् लगायतका निकाय तथा समितिहरु हालसम्म स्थापना तथा गठन नभएकोले विश्वविद्यालय सञ्चालनमा असर परेको देखियो । सो सम्बन्धमा कार्यकारी परिषद्ले ध्यान दिनुपर्ने देखिन्छ ।

६. **शैक्षिक तथा प्राज्ञिक पात्रो** : विश्वविद्यालयले हालसम्म शैक्षिक तथा प्राज्ञिक पात्रो तयार गरेको नदेखिएकोले सो तयार गरी शैक्षिक गतिबिधिहरु सञ्चालन गर्नुपर्ने देखियो ।

७. **बैठक** : सुदूरपश्चिमाञ्चल विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली २०६९, परिच्छेद–४ को नियम ३९ बमोजिम प्राज्ञिक परिषदको बैठक वर्षमा कम्तीमा ४ पटक बस्ने भनिए तापनि नियमित रुपमा बैठक बस्ने गरेको पाइएन । विश्वविद्यालय सभाको बैठक वर्षको कम्तीमा २ पटक अनिवार्य रुपमा बस्नुपर्ने व्यवस्था भए तापनि २०७२।७।१७ मा एक पटक मात्र बसेको पाइयो । ऐनमा भएको अनिवार्य व्यवस्थाको कार्यान्वयन नहुँदा विश्वविद्यालयसँग सम्बन्धित सबै विषय वस्तुमा सभाको ध्यान पुग्न नसकिने देखिँदा त्यसतर्फ विश्वविद्यालयले ध्यान दिनुपर्दछ ।

८. **कर्मचारी बिदा तथा उपदान कोष** : सुदूरपश्चिमाञ्चल विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली, २०६९ को परिच्छेद-५ बमोजिम कार्यकारी परिषद्ले तोकेबमोजिम विदाको अभिलेख

अद्यावधिक नगरेको र उपदान कोषमा रहेको द्विविधाको समाधानका लागि विश्वविद्यालयले स्पष्ट नीति नियम बनाई कार्यान्वयन गर्नुपर्दछ ।

९. **बार्षिक कार्ययोजना तथा बजेट** : सुदूरपश्चिमाञ्चल विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ परिच्छेद-३ नियम १२, १३ र १४ मा भएको व्यवस्था अनुसार बजेटको स्वीकृति तथा कार्यान्वयन भएको पाइएन ।

१०. **पेश्की र फछ्र्यौट** : सुदूर पश्चिमाञ्चल विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ परिच्छेद-७ नियम ३० उपनियम १ बमोजिम विश्वविद्यालयको भैपरी आउने कार्य सञ्चालन गर्न बाधा पुग्ने अवस्था भएमा बाहेक पेश्की नदिने, उप नियम २ मा पेश्कीको सम्बन्धमा विश्वविद्यालयको सम्झौता वा करारमा व्यवस्था भए सोही बमोजिम हुने, उपनियम ३ मा आवश्यकताको आधारमा पेश्की फछ्र्यौट हुन सक्ने गरी पेश्की दिन सकिने र पेश्की फछ्र्यौट नभएसम्म पुनः पेश्की नदिने साथै नियमावलीमा कार्यालय प्रयोजनका लागि दिइएको पेश्की तोकिएको समयमा (कार्य सकिएको ७ दिनभित्र) फछ्र्यौट गर्नुपर्ने व्यवस्था भएकोमा धेरैजसो पेश्की समयमै फछ्र्यौट भएको नपाइएकोले यसमा सुधार हुनुपर्दछ ।

११. **जिन्सी व्यवस्थापनन** : विश्वविद्यालयले जिन्सी सामानको आम्दानी एवं खर्चलाई वैज्ञानिक तवरबाट व्यवस्थित गर्न बिन कार्ड तथा विद्युतीय अभिलेखको व्यवस्था लागू नगरी पुरानै ढाँचाबाट अभिलेख राख्दै आएको पाइयो । विनियममा लगत खडा गरी राखेको जिन्सी सामानको अधिकार प्राप्त अधिकारीले वर्षमा कम्तीमा एक पटक स्वयं वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गराएर प्रतिवेदन तयार गर्नुपर्ने ब्यवस्था भए तापनि नियम पालना गर्नेतर्फ संस्थाले प्रभावकारी कदम चालेको देखिएन । त्यसै गरी संस्थाले सामान खरिद गर्दा वर्षभरी आवश्यक पर्ने मालसामानको लागत अनुमान बनाई खरिद गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

१२. **बीमा** : सुदूर पश्चिमाञ्चल विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ परिच्छेद-२० नियम ९५ अनुसार विश्वविद्यालयको स्वामित्व वा जिम्मामा रहेका सामान र सम्पत्तिको आवश्यकता अनुसार बीमा गराउन सकिने व्यवस्था भए तापनि सवारी साधन बाहेक अन्य सामान र सम्पत्तिको बीमा गरेको पाइएन ।

१३. **भ्रमण खर्च** : भ्रमण खर्च नियमावलीमा कार्यालयको कामको सिलसिलामा नेपालभित्र वा विदेश भ्रमणमा जाने कर्मचारीले अख्तियार प्राप्त अधिकारीबाट भ्रमण स्वीकृत गर्नुपर्ने र भ्रमण पेश्की लिन पाउने तथा भ्रमण सकेको २१ दिनभित्र भ्रमण प्रतिवेदनसहित पेश्की फछ्र्यौट गर्नुपर्ने ब्यवस्था छ । विश्वविद्यालयले भ्रमण अभिलेख राखेको पाइएन । जसले गर्दा कुन कर्मचारी, कहिले र कहाँकहाँ भ्रमण गए, भ्रमण गर्नुको उद्देश्य के थियो, जानकारी हुन नसक्ने हुँदा अभिलेख राखिनु पर्दछ ।

१४. **खाता सञ्चालन** : सुदूर पश्चिमाञ्चल विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ परिच्छेद-२ मा भएको व्यवस्था अनुसार विश्वविद्यालयको मूल खातामा सम्पूर्ण आय सङ्कलन गरी बजेट बाँडफाँड गर्दा निकायगत खातामा निकासा दिई आम्दानी खर्च गर्नुपर्नेमा विश्वविद्यालयले केन्द्रीय कार्यालयतर्फ सीधै मूल खाताबाट खर्च गर्ने गरेकोले यसमा सुधार हुनुपर्दछ ।

१५. **विशेष लगानी** : सुदूर पश्चिमाञ्चल विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ परिच्छेद-२ को नियम ७ उपनियम १, २ र ३ अनुसार विश्वविद्यालयले पछि फिर्ता गर्नुपर्ने वा तोकिएका शर्तहरु पूरा नगरे वाफत जफत हुने कुनै रकम धरौटीमा रहन आएमा सो धरौटीको रकम सुरक्षित रुपमा लगानी गरी सम्बन्धित पक्षलाई फिर्ता गर्नु पर्ने अवधिसम्मका लागि मात्र लगानी गर्न सकिने

र उक्त लगानीबाट आर्जित आय विश्वविद्यालयको आय हुने व्यवस्था भए तापनि त्यस्तो रकमलाई लगानी गरेको पाइएन ।

१६. **इन्धन खपत** : विश्वविद्यालयले सवारी साधनलाई ईन्धन उपलब्ध गराउंदा लगवुक अनुसारको खपत नहेरी प्रति महिना निश्चत परिमाणमा ईन्धन उपलब्ध गराईएको पाईयो । यसरी सवारी साधनलाई ईन्धन उपलब्ध गराउदा लगवुक नभएको कारणले सो ईन्धन वास्तवमै कार्यालय प्रयोजनका लागि खपत भएको हो या होईन सो पुष्टि हुन सक्ने अवस्था देखिएन ।

१७. **खरिद व्यवस्था** : सुदूर पश्चिमाञ्चल विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ परिच्छेद-१२ को नियम ५५ उपनियम १ अनसार अधिकारप्राप्त अधिकारीको लिखित निर्णय वा आदेश विना कुनै खरिद नगर्ने उपनियम २ अनुसार साधारणतया ४ महिनाको लागि आवश्यक पर्ने एकै प्रकृतिको सामान यथाशक्य एकै पटक खरिद गर्ने तथा उपनियम ३ मा सामान खरिद गर्दा गराउँदा सो मालसामानको मौज्दात र त्यस आर्थिक वर्षमा हुने उपभोग समेतको अनुमानलाई मूल्याङ्कन गरी खरिद गरिने उल्लेख भएकोमा सो प्रावधानको पालना भएको छैन ।

१८. **भवन निर्माण** : यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

१८.१. विश्वविद्यालयको निर्माणाधीन प्रशासनिक भवनको कूल सम्झौता रकम रु.१२,०७,००,८६०।९५ को ७५ प्रतिशतले हुने रु.९,०५,२५,६४५।७१ बराबर कार्य सम्पन्न गर्नु पर्ने भए तापनि हालसम्म रु.२,०१,१८,७३८।९१ को मात्र कार्य भएको पाइयो । कार्यकारी परिषद्को निर्णय अनुसार डिसेम्बर २०१७ सम्ममा कार्य सम्पन्न गर्ने गरी म्याद थप गरेको भए तापनि कार्य प्रगति न्यून देखिएकोले समयमै सम्पन्न गराउनेतर्फ पहल हुनुपर्दछ ।

१८.२. विश्वविद्यालयको निर्माणाधीन शैक्षिक भवनको कूल सम्झौता रकम रु.७,०३,९६,९४४।- को ७५ प्रतिशत जम्मा रु.५,२७,९७,७०८।- बराबर कार्य सम्पन्न गर्नुपर्ने भए तापनि हालसम्म रु.१,४५,९४,५५७।- को मात्र कार्य भएको पाईयो । कार्यकारी परिषद्को निर्णय अनुसार डिसेम्बर २०१७ सम्ममा कार्य सम्पन्न गर्ने गरी म्याद थप गरेको भए तापनि कार्य प्रगति न्यून देखिएकोले समयमै सम्पन्न गराउनेतर्फ पहल हुनुपर्दछ ।

१९. **बैंक मौज्दात** : आर्थिक वर्ष २०७२।७३ को अन्तमा वि.वि.संग रु.३२,७३,८८,९३७।- बैंक मौज्दात रहेको छ । मौज्दात रकमलाई सदुपयोग गरी विश्वविद्यालयको नियमानुसार सञ्चालन गर्नुपर्दछ ।

२०. **कर कट्टी** : वेब डिजाइन वापत एक व्यक्तिलाई गरिएको भुक्तानी रकम रु.१५,०००।- मा १५ प्रतिशत कर कट्टी नगरिएकोले कर वापतको रु.२,२५०।-असुल गरी दाखिला गरिनु पर्दछ ।

२१. **गत वर्षको भुक्तानी** : विश्वविद्यालयले नगदमा आधारित लेखा प्रणली कार्यान्वयमा ल्याएको अवस्थामा विगतका २ कारोबारको भुक्तानी वापत रु.८२,४२३।- खर्च लेखेकोमा भुक्तानी दिन बाँकीको प्रमाण बेगर खर्च लेखेकोले कार्यकारी परीषद्बाट समर्थन भई पेश हुनुपर्दछ ।

२२. **शीर्षकगत लेखाङ्कन** : विश्वविद्यालयले पूँजीगत तथा चालु खर्चका शीर्षकहरु वर्गीकरण स्पष्ट रुपमा पहिचान हुने गरी विनियम नबनाएका कारण यो वर्ष १३ खर्च कारोबारमा रु.२,०२,६०९।९५ फरक फरक शीर्षकबाट खर्च लेखेको पाइयो विनियममा व्यवस्था गरी आइन्दा यस्ता खर्चलाई नियन्त्रण गर्नुपर्ने र यो आ.व.को खर्च परिषद्बाट अनुमोदन गराई पेश गर्नुपर्दछ ।

२३. **ढिला दाखिला** : आयकर ऐन, २०५८ अनुसार कर कट्टी गरिएको रकमलाई समयमै कर कार्यालयमा दाखिला गर्नुपर्ने साथै सञ्चय कोष र नागरिक लगानी कोष समेत समयमै दाखिला गर्ने नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

२४. **पुस्तक हस्तान्तरण** : विभिन्न निकायलाई पुस्तक खरिद गरी खर्च लेखाङ्कन गरिएकोमा केन्द्रीय कार्यालयमा हाल पुस्तकहरु मौज्दात भएको नदेखिएकोले सम्बन्धित निकायमा हस्तान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ

## सुदूर पश्चिमाञ्चल क्षेत्रिय दंगा नियन्त्रण प्रहरी गण

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## सुदूर पश्चिम विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय

१. **परीक्षा सम्बन्धी नियमावली** : परीक्षा नियन्त्रण कार्यालयको सञ्चालन सम्बन्धी नियमावली तर्जुमा भएको नपाइएकोले परीक्षा सम्बन्धी कार्यक्रम सञ्चालनमा समस्या रहेको छ । यस सम्बन्धमा परिषद्को ध्यान जानुपर्दछ ।

२. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावलीको नियम ८५(४) मा सार्वजनिक निकायले रु.२५ हजारभन्दा बढी रकमको खरिद गर्दा मौजूदा सूचीमा रहेका कम्तीमा ३ आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, सेवा प्रदायकबाट लिखित रुपमा दरभाउ पत्रबाट प्रस्ताव माग गरी (निर्माण कार्यका हकमा ५ लाख रुपैयाँसम्मको र मालसामान र परामर्श सेवाको हकमा ३ लाख रुपैयाँसम्म) सोझै खरिद गर्न सक्ने व्यवस्था भएतापनि विभिन्न ५ खरिदमा रु.३,४४,७३८।- को खरिद नियम विपरीत गरेको पाइयो ।

३. **ढिला दाखिला** : आयकर ऐन, २०५८ को अनुसार कर कट्टी गरिएको रकमलाई अर्को महिनाको २५ गतेभित्र कर कार्यालयमा दाखिला गर्नुपर्ने साथै सञ्चय कोष र नागरिक लगानी कोष अर्को महिनाको १५ गतेभित्र दाखिला गर्नुपर्नेमा यस आ.व.मा आयकर ऐन अनुसार दाखिला गरेको पाइएन ।

## सुदूर पश्चिम विश्वविद्यालय, व्यवस्थापन संकाय, डिनको कार्यालय

१. **खर्चको प्रमाण** : एक कर्मचारीको प्लेन टिकट भनी रू.५,५७०।- को भुक्तानी गरेको तर भौचर साथ भ्रमण आदेश नभएको र सवारी साधन मर्मत वापत भएको भुक्तानी रू.२२,३००।- को माग फारम, खरिद आदेश र दाखिला रिपोर्ट नभएकाले नियमित देखिएन ।

## सुदूर पश्चिम सिंचाई विकास डिभिजन

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आयोजनाले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी मालसामनको लिलाम तथा मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घरजग्गाको लगत मूल्य खुलाई तोकिएको ढाँचामा नराखेको, तालुक निकायबाट निरीक्षण भएको प्रतिवेदन नभएको, मर्मत अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **कन्टिन्जेन्सी खर्च** : कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची १ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिँदैन । उक्त अनुसूची १ मा वर्क चार्ज खर्च २.५ प्रतिशत र साना तिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख भए तापनि के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको तथा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको छैन । दैनिक भ्रमण

भत्ता, इन्धन खर्च, गाडी, मोटरसाइकल, कार्यालय तथा आवास भवन मर्मत, सूचना प्रकाशन जस्ता कार्यमा खर्च गरेको रु.४७ लाख ४२ हजार खर्च संकेत नं. २९६११ सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि अलगै बजेट उप शीर्षकमा समेत बजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट उप शीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन । ऐन नियम अनुसार ५ प्रतिशत कण्टिन्जेन्सी रकम दायरा भित्र रहेर निर्माण कार्यसंग सम्बन्धीत  खर्च भएको र चालु खर्च शिर्षकमा कार्यालय संचालन खर्च न्यून बजेट मात्र भएको भन्ने कार्यालयको भनाइ रहेको छ ।

३. **सीमा भन्दा बढीको कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा साठी लाख रुपैयाँ सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । कार्यालयले साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएका २ उपभोक्ता समितिबाट रु.१,५९,८३,६७१।- को सम्झौता गरी कार्य गराएको छ । तोकिएको रकम भन्दा बढीको कार्य उपभोक्ता मार्फत गराउँदा नियममा भएको व्यवस्थाको कार्यान्वयनमा असर पर्ने र सार्वजनिक खरिदमा प्रतिस्पर्धा नहुने देखिन्छ । यसमा सुधार हुनु पर्दछ ।

४. **जनसहभागिता** : सिंचाइ नियमावली २०५६, को नियम, ४२ (६) मा उपभोक्ताले व्यहोर्नुपर्ने लगानीको रकम उठ्ने निश्चित नभए सम्म निर्माण कार्य शुरु नगरिने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । धारापानी सिंचाइ योजनामा वातावरण संरक्षण सम्बन्धी कार्य जल उपभोक्ता समिति, कृष्णपुर–१ सँग २०७४।७।३० सम्म सक्ने गरी २०७३।१।७ मारु.९,११,६८९।४५ को सम्झौता भएकोमा उपभोक्ता समितिले गर्नुपर्ने श्रमदान उल्लेख नगरी पुरै भुक्तानी गरेको छ । समितिले २०७३।२।७ मा साधारण माटो खन्ने कार्यको रु.३,९८,८४९।१४, खाल्डो खन्ने कार्यको रु.२१,९००।- र बिरुवा रोप्ने कार्यको १७,१०९।३८ समेत रु.४३७८५८।५२ को कार्य गरी बिल पेश गर्दा सामान्य कार्यमा समेत भुक्तानी भएको पाइकोले भुक्तानी गर्न मिल्ने देखिएन । उपभोक्ता समितिले वातावरण संरक्षण कार्यको लागी कार्यादेश दिइएकोमा सम्झौतामा जन श्रमदानको अंश नभएकोले सम्बन्धित श्रमदान नगराइएको कार्यालयको भनाइ रहेको छ ।

५. **प्रतिस्पर्धा बेगर खरिद** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही सामुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य रोजगारीको अवसर सिर्जना गर्ने र लाभग्राही सामुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही सामुदायलाई तोकिए बमोजिमको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था छ । दुइ उपभोक्ता समिति मार्फत भएको  कार्यहरुमा सामान खरीदको कार्य समेत भएकोमा उक्त कार्यमा प्रतिस्पर्धा नभई रु.१२,४०,९२१।- को निर्माण सामग्री सोझै खरिद भएको देखिएकोले अनियमित देखिएको छ ।

६. **कार्य अधुरो** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा निर्माण व्यवसायीको निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा म्याद थप गर्न सक्ने व्यवस्था छ । धारापानी सिंचाइ योजना अन्तर्गत प्याकेज नं. २ को नहरको स्ट्रक्चर, लाइनिङ्ग प्रोटेक्सन को कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७३।६।२८ भित्र सम्पन्न गर्ने गरी २०७२।३।२३ मा रु.१,३२,९८,६६५।६५ को सम्झौता भएकोमा यो वर्ष रु.६४,१२,६४३।- को अर्थात् ४८ प्रतिशत मात्र कार्य गरेको देखिन्छ । सम्झौताको म्याद समाप्त भएकोमा म्याद थप नभएको तथा कार्य सम्पन्न पनि नभएको र अधुरो अवस्थमा रहेको देखिन्छ । सार्वजनिक खरिद नियमावलीको नियम १२१(क) बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिई समयमा आयोजना सम्पन्न गर्ने गराउने तर्फ कार्यालयले ध्यान दिएको  देखिएन ।

७. **घटी श्रमदान :** पालुङ्ग स्वाडी सिंचाइ आयोजनाको मुख्य नहरमा स्ट्रक्चर बनाउने, नहर खन्ने, नहरको लाइनिङ्ग गर्ने कामको लागि रु १,१२,८८,८२२।५५ को लागत अनुमान स्वीकृत गरी निर्माण व्यवसीबाट रु.५२,८२,३०६।०७ र उपभोक्ताबाट रु.६००६५१६।४८ को कार्य गर्ने गरी स्वीकृत भएको र सो मध्ये उपभोक्ताले रु.७,२४,४००।६९ श्रमदान गर्ने लागत अनुमान तथा प्रोजेक्ट एप्राइजलमा उल्लेख छ । सम्पन्न कामको अनुपात अनुसार उपभोक्ता समितिबाट कम्तीमा रु.६९७,२८३।९७ जनसहभागिता जुटाउनु पर्नेमा रु.४,४६,५३१।०६ मात्र जनसहभागिता कट्टा गरेको पाइएकोले घटी श्रमदान गरेको रकम रु.२५०,७५३।- असुल हुनुपर्दछ ।

७.१ बगुन सिंचाइ योजना, दैजीको संरक्षण तथा मर्मत सम्भार कार्यको लागत रु.४९,४८,०४१।- मध्ये श्रमदानबाट रु.२४,०५,६९१।८६ र रु.२५,८२,३४९।९८ कार्यालयबाट व्यहोरिने गरी उपभोक्ता समितिसंग २०७२।१।३० मा २०७३।३।२५ भित्र कार्य सक्ने गरी सम्झौता भएकोमा २०७३।३।२४ मा अन्तिम बिल पेश गर्दा कार्यालयबाट व्यहोरिने तर्फको कार्य ९६ प्रतिशत गरेको र श्रमदान तर्फको कार्य भने ७५ प्रतिशत मात्र गरी सम्पन्न गरेको पाइयो । सम्झौताको बि.ओ.क्यू. मा उल्लेख भएको नरम प्रकारको माटो खन्ने कार्य १७९१.२२ घ. मी. रहेकोमा ११५९.२० घ.मी.मात्र गरी दर २९०.२० ले १८३,४१२।२०, ढुंगा संकलन र तार जालीमा भने कार्य १०९६.८८ घ.मी गर्नुपर्नेमा ५७४.४७ मात्र गरी ५२२.४१ घ.मी. कार्य नगरेकोले रु.१३३५।५१ का दरले रु.६९७,४९०।३७ समेत जम्मा रु.८८०,७७६।६१ को श्रमदान गरेको देखिएन । भुक्तानी पाउने तर्फ भने नरम माटो काट्ने कार्यमा ८०,८८८। र जालीमा ढुंगा भर्ने कार्यमा ४५४,५३१।५० भुक्तानी भएको छ । अतः श्रमदानको कार्य नगरेकोले भुक्तानी पाउने रकमबाट रु.८८०,७७६।६१ असुल हुनु पर्दछ ।

८. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवद्धिकर ऐन, २०५२ को दफा १४(१) अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्था वाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनु पर्ने र दफा १५ अनुसार दर्ता नभएको व्यक्तिले कर उठाउन नहुने उल्लेख भएकोमा कार्यालयले आन्तरिक राजश्व कार्यालयमा दर्ता नभएका र कर बीजक जारी नगरेका उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर वापत रु.७००,६३५। समेत भुक्तानी गरेकोले सम्बन्धितबाट असुल हुनुपर्दछ ।

९. **सम्झौता भन्दा बढी भूक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । चुनेपानी मुसेपानी सिंचाइ प्रणालीको मुख्य नहरको लाइनिङ्ग र मर्मतको लागि उपभोक्ता समितिसंग रु.१७,९०,९४९।०३ व्यहोर्ने गरी २०७३।३।२५ मा सम्पन्न गर्ने गरी २०७२।१०।१० मा सम्झौता भएको छ । सम्झौता अनुसार कार्य सम्पन्न भएको उल्लेख गरी उपभोक्ता समितिलाई रु.१८,०६,५४२।५७ को भुक्तानी भएको छ । यसरी सम्झौता रकम भन्दा रु.१५५३९।५४ बढी भुक्तानी भएकोले सम्बन्धित बढी भुक्तानी भएको रकम असुल गर्नु पर्दछ ।

१० **बिल बेगर भूक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा बिल, भरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । कार्यालयले एक निर्माण व्यवसायीलाई कालापानी सिंचाइ योजना, झलारी पिपलाको निर्माण कार्यको बि.ओ.क्यू. मा भएको बिमा रकम रु.२९६,४७६ को मूल्य अभिबृद्धि कर समेत रु ३३५,०१७।८८ र ल्याब टेष्टको रु ११,३०० (मु.अ.कर समेत) समेत रु ३४६,३१७। भुक्तानी दिएकोमा निर्माण कार्यको बिमा र ल्याब टेष्ट गरेको प्रमाण संलग्न भएको देखिएन । निर्माण व्यवसायीलाई प्रमाण बेगर भुक्तानी भएको रकम असुल गर्नु पर्दछ ।

११ **पूर्व निर्धारित क्षतिपूर्ति :** धारापानी सिंचाइ योजना, कृष्णपुर १ का निर्माण व्यवसायीलाई यस वर्ष ३ वटा बिलबाट रु ८५,२१,४३१।- भुक्तानी भएको छ । निजले गत वर्ष लिएको मोबिलाइजेशन पेश्की रु.३९,९२,०००।- यस वर्ष विल भुक्तानी गर्दा फछ्र्यौट गरेको छैन । सम्झौता अवधिको ५०

प्रतिशत समय व्यतित भै सक्दा ठेक अंकको १९ प्रतिशत मात्र काम गरेको देखिन्छ। कार्य तालिका अनुसार कार्य नगरेको अवस्थामा विशेष परिस्थिति प्रमाणित हुने कुनै प्रमाण, कागजात बेगर २०७४।३।३१ सम्म विभागीय प्रमुखबाट म्याद थप भएको छ । मोबिलाइजेशन पेश्की फछ्र्यौट समेत नगरिकन म्याद थप गरेको र थप भएको अवधिमा समेत कुनै कार्य नगरेकोले २०७३।७।३० मा व्यवसायीलाई कार्यालयमा बोलाइ काम शुरु गर्न निर्देशन दिएकोमा २०७३।८।५ सम्म कार्य शुरु नगरेको भनी पुनः २०७३।८।५ पत्र लेखेको देखिन्छ । पेश्की पनि फछ्र्यौट नगर्ने र कार्य तालिका अनुासर कार्य पनि नगर्नेलाई पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्यादथप गर्ने कार्य मनासिब नदेखिएकोले सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमाजिमको २७४ दिनको प्रति दिन ०.०५ प्रतिशतका दरले रु.६१८१५३०।४२ पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने कार्य अनियमित देखियो ।

१३ **जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क बमोजिम ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिनुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण एवं खरिद कार्यको मूल्य अभिवृद्धि कर रु.४५,५१,५०७९० भुक्तानी गरेकोमा आन्तरिक राजश्व कार्यालयलाई ढिला गरी कारोबार मिति र बिजक नम्बर उल्लेख नगरी दिएकोले मूल्य अभिबृद्धिकर समायोजन भएको प्रमाण पेश हुनु पर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला स्थित ७२ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र १६ कार्यालयको सम्बन्धीत संस्थाको आन्तरिक लेखापरीक्षणबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार ३३ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस वर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका ४७ मध्ये निम्न १४ कार्यालयको रु.१ करोड ६१ लख ७२ हजार बेरुजू बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औँल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

(रु.हजारमा)

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | लोक सेवा आयोग, महाकाली अञ्चल कार्यालय | २१००१२३ | परामर्श तथा अन्य सेवा खर्चबाट लेख्नु पर्नेमा कार्यायले तलब खर्च लेखेको | ७९ |
| २ | पुनरावेदन सरकारी वकील कार्यालय | २१६०१२३ | सिटरोलमा अभिलेख राखी चाडपर्व खर्च भुक्तानी गर्नुपर्नेमा नगरेको र प्रोत्साहन भत्ताको खर्च तलब बाट लेखेको | ६७ |
| ३ | सु.प.विश्वविद्यालय, व्यवस्थापन विभाग | आय-व्यय | बिल भरपाई नभएको तथा प्रक्रिया पुरा नगरको | १३९ |
| ४ | सु.प. विश्वविद्यालय, विद्यार्थी कल्याण समिति | आय-व्यय | बिल भरपाई नभएको तथा खरिद प्रक्रिया पुरा नगरको, शीर्षकगत लेखाकंन नभएको | ५५२ |
| ५ | सु.प.वि.मानविकी तथा सामाजिक शास्त्र विभाग | आय-व्यय | अग्रिम कर कट्टी नगरेको, बिल भरपाई नभएको तथा खरिद प्रक्रिया पुरा नगरको, | ८ |
| ६ | सु.प.वि. मानविकी तथा समाजिक शास्त्र संकाय | आय-व्यय | जिन्सी, विदा, भ्रमण प्रतिवेदन लगायतमा सुधार गर्नुपर्ने | सैद्धान्तिक |
| ७ | सु.प. विश्वविद्यालय, विज्ञान तथा प्रविधि संकाय | आय-व्यय | अग्रिम कर कट्टी नगरेको, सोझै सरद,तथा खरिद प्रक्रिया पुरा नगरको | २७७३ |

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम |
|---|---|---|---|---|
| ८ | सु.प. विश्वविद्यालय, सेवा आयोगको कार्यालय | आय-व्यय | स्वीकृती विना विगतको भुक्तानी गरेको | १२ |
| ९ | सु.प.विश्वविद्यालय, शिक्षाशास्त्र विभाग | आय-व्यय | अग्रिम कर कट्टी नगरेको, सोझै खरिद गरको | ५९८ |
| १० | सु.प.विश्वविद्यालय, शिक्षाशास्त्र संकाय | आय-व्यय | जिन्सी, विदा, भ्रमण प्रतिवेदन लगायतमा सुधार गर्नु पर्ने | सैद्धान्तिक |
| ११ | नेपाल संस्कृत विश्वद्यिालय शारदा विद्यापीठ २०७१।७२ | आय-व्यय | स्वीकृति बेगर विनियोजित रकमभन्दा बढी खर्च | ५९१४ |
| १२ | नेपाल संस्कृत बिश्वद्यिालय शारदा विद्यापीठ २०७२।७३ | आय-व्यय | विनियोजित रकमभन्दा बढी खर्च | ५९२४ |
| १३ | डिभिजन सहकारी कार्यालय | ३५१२९४३ | पेश्की बाँकी | १०० |
| १४ | क्षेत्रीय बाली संरक्षण प्रयोशाला | ३१२११२३ | कर दाखिला नभएको | ६ |
| | | | **जम्मा** | **१,६१,७२** |

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

अनुसूची-१

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क

**लेखापरीक्षण विधिः विस्तृत** (रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला विकास समितिको कार्यालय | ० | ० | ० | १०५९५ | १०५९५ |
| २ | जिल्ला प्राविधिक कार्यालय | १००४ | ४ | ४४ | ० | १०५२ |
| ३ | स्थानीय विकास कोषको सचिवालय | ० | ० | ० | ११० | ११० |
| ४ | कोष तथा लेखा नियन्त्रक कार्यालय | १०४ | २ | २० | ० | १२६ |
| ५ | आन्तरिक राजस्व कार्यालय | ११६ | ६६०६ | ६ | २५ | ६७५३ |
| ६ | महेन्द्रनगर भन्सार कार्यालय | १५८ | २२८६ | ४०१ | ११ | २८५६ |
| ७ | जिल्ला जनस्वास्थ कार्यालय | १३५६ | ६ | १० | १३१ | १५०३ |
| ८ | महाकाली अञ्चल अस्पताल | ५१३ | १ | १३ | ० | ५२७ |
| ९ | महाकाली अञ्चल अस्पताल विकास समिति | ० | ० | ० | १२७ | १२७ |
| १० | जिल्ला शिक्षा कार्यालय | ९३०२ | १६३ | ० | २० | ९४८५ |
| ११ | मालपोत कार्यालय  महेन्द्रनगर | १५२ | ६९० | १४ | ८९२ | १७४८ |
| १२ | मालपोत कार्यालय, बेलौरी | ४९ | १०५ | ० | २७८ | ४३२ |
| १३ | भवानीबक्स गण | २५५५ | ० | ३५ | ० | २५९० |
| १४ | सिंह शार्दुल गुल्म | १०१९ | १ | २२ | ० | १०४२ |
| १५ | घरेलु तथा साना उद्योग कार्यालय | १२२ | ९८ | ८ | ० | २२८ |
| १६ | त्रि.वि. शिद्धनाथ विज्ञान क्याम्पस | ० | ० | ० | २६७ | २६७ |
| १७ | सु.प. विश्वविद्यालय के.का. | ० | ० | ० | १२३५ | १२३५ |
| १८ | सु.प.वि.व्यवस्थापन संकाय, डिनको कार्यालय | ० | ० | ० | १६ | १६ |
| १९ | सु.प.वि. परीक्षा नियन्त्रण कार्यालय | ० | ० | ० | ५४ | ५४ |
| २० | जिल्ला कृषि विकास कार्यालय | ५५४ | १ | १३ | . | ५६८ |
| २१ | जिल्ला पशु सेवा कार्यालय | ४०४ | १ | ५ | ३ | ४१३ |
| २२ | जिल्ला प्रशासन कार्यालय | ३४८ | २५२ | ४९ | ७६ | ७२५ |
| २३ | जिल्ला प्रहरी कार्यालय | १४९२ | २ | २१ | २६६ | १७८१ |
| २४ | अध्यागमन कार्यालय | २१ | ५४ | . | . | ७५ |
| २५ | कारागार कार्यालय | १०७ | .. | . | ४ | १११ |
| २६ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ७९ | . | ५ | . | ८४ |
| २७ | अञ्चल प्रहरी कार्यालय | ३१६ | १ | . | . | ३१७ |
| २८ | सशस्त्र प्रहरी बल, शैलेश्वरी गण | २२५३ | . | . | . | २२५३ |
| २९ | सशस्त्र प्रहरी बल, सीमा सुरक्षा कार्यालय | ९७२ | . | . | . | ९७२ |
| ३० | सु.प.क्षे.दंगा नियन्त्रण प्रहरी गण | १७३२ | . | १७ | . | १७४९ |
| ३१ | वडा प्रहरी कार्यालय, महेन्द्रनगर | २४८ | . | . | . | २४८ |
| ३२ | जिल्ला वन कार्यालय | ६२२ | ११८ | ८३ | १२२ | ९४५ |
| ३३ | शुक्लाफाँटा वन्यजन्तु आरक्ष कार्यालय | ४१५ | ९४ | ३७ | १४५ | ६९१ |
| ३४ | महाकाली सिंचाई आयोजना, तेस्रो चरण | ३२४६ | ६ | २५१ | . | ३५०३ |
| ३५ | महाकाली पथरैया मोहना सिं. व्य. डिभिजन | १६६५ | ४ | ११५ | . | १७८४ |
| ३६ | जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय | २१७० | २ | २६४ | . | २४३६ |
| ३७ | सुदूर पश्चिमाञ्चल सिंचाइ विकास डि. नं. १ | ६७३ | ७ | १८४ | . | ८६४ |
| ३८ | सु.प. डिभिजन सडक कार्यालय | ६२६८ | २६ | ५९० | ९८० | ७८६४ |
| ३९ | अञ्चल यातायात व्यवस्था कार्यालय | १६३ | ७०५ | ११ | . | ८७९ |
| ४० | खानेपानी तथा  सरसफाई स. डि. कार्यालय | ७७३ | १ | ९२ | ३० | ८९६ |
| ४१ | नगर विकास समिति महेन्द्रनगर कन्चनपुर | . | . | . | ५५० | ५५० |
| | जम्मा : | ४१०७१ | ११२३६ | २३१० | १५९३७ | ७०५५४ |

**लेखापरीक्षण विधि : आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | भूमिसुधार कार्यालय, महेन्द्रनगर | ४९१ | ० | ० | ११ | ५०२ |
| २ | महाकाली अञ्चल आयुर्वेद औषधालय | ५१ | ० | १ | ० | ५२ |
| ३ | श्री नं.२५ बाहिनी अड्डा, भगतपुर ब्यारेक | ९३६ | २ | १९ | ० | ९५७ |
| ४ | श्री कञ्चनपुर जिल्ला अदालत | २२१ | ६४ | २२५ | ५ | ५१५ |
| ५ | श्री शाखा तथयांक कार्यालय, | ५२ | ० | ० | ० | ५२ |
| ६ | श्री जिल्ला निर्वाचन कार्यालय, | ४५ | ० | ० | ० | ४५ |
| ७ | श्री शैक्षीक तालिम केन्द्र, | ५१ | ० | ० | ० | ५१ |
| ८ | श्री जिल्ला सरकारी वकिल कार्यालय, | ४७ | ० | ० | ० | ४७ |
| ९ | श्री हनुमानध्वज गुल्म, भगतपुर ब्यारेक | ६४२ | ० | ६ | ० | ६४८ |
| १० | श्री नं २५ फि.ए. गुल्म, भगतपुर ब्यारेक | १५५ | ० | ० | ० | १५५ |
| ११ | श्री अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय | ४४३ | ० | १९ | ० | ४६२ |
| १२ | नापी कार्यालय, महेन्द्रनगर | १३२ | १७ | १ | ४ | १५४ |
| १३ | श्री नापी कार्यालय, बेलौरी | ३१ | ९ | ० | २ | ४२ |
| १४ | श्री व्यावसायिक तथा सीप विकास तालिम केन्द्र | १४५ | ० | १ | ० | १४६ |
| १५ | लोक सेवा आयोग, महाकाली अञ्चल कार्यालय | ९९ | ८७ | १ | ० | १८७ |
| १६ | पुनरावेदन अदालत | २९९ | २ | २१ | ० | ३२२ |
| १७ | पुनरावेदन सरकारी वकील कार्यालय | ६३ | ० | ० | ० | ६३ |
| १८ | सु.प.विश्वविद्यालय, व्यवस्थापन बिभाग,महेन्द्रनगर, | ० | ० | ० | २०४ | २०४ |
| १९ | सु.प.विश्वविद्यालय, विद्यार्थी कल्याण समिति, महेन्द्रनगर, | ० | ० | ० | ७३ | ७३ |
| २० | सु.प.वि.मानविकी तथा सामाजिकशास्त्र विभाग, महेन्द्रनगर, | ० | ० | ० | १४९ | १४९ |
| २१ | सु.प.वि. मानविकी तथा समाजिक शास्त्र संकाय, महेन्द्रनगर, | ० | ० | ० | १४ | १४ |
| २२ | सु.प.विश्वविद्यालय, विज्ञान तथा प्रविधि संकाय, महेन्द्रनगर | ० | ० | ० | १७१ | १७१ |
| २३ | सु.प.विश्वविद्यालय, सेवा आयोगको कार्यालय, महेन्द्रनगर, | ० | ० | ० | ५५ | ५५ |
| २४ | सु.प.विश्वविद्यालय, शिक्षाशास्त्र विभाग, महेन्द्रनगर, | ० | ० | ० | १५३ | १५३ |
| २५ | सु.प.विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, महेन्द्रनगर, | ० | ० | ० | २५ | २५ |
| २६ | नेपाल संस्कृत विश्वविद्यालय शारदा विद्यापीठ २०७१।७२ | ० | ० | ० | १६९ | १६९ |
| २७ | नेपाल संस्कृत विश्वविद्यालय शारदा विद्यापीठ २०७२।७३ | ० | ० | ० | १६९ | १६९ |
| २८ | क्षेत्रीय कृषि तालिम केन्द्र | १७७ | १ | ४ | . | १८२ |
| २९ | क्षेत्रीय बिउ विजन प्रयोगशाला | १०५ | ४२ | ३ | . | १५० |
| ३० | पशु क्वारेण्टाइन कार्यालय | ८० | . | . | . | ८० |
| ३१ | क्षेत्रीय बाली संरक्षण प्रयोगशाला | ५२ | १ | ३ | . | ५६ |
| ३२ | क्षेत्रीय प्लाण्ट क्वारेण्टाइन कार्यालय | ३३ | ११ | . | . | ४४ |
| ३३ | खाद्य क्वारेण्टाइन प्रयोगशाला | २४ | १ | . | . | २५ |
| ३४ | क्षेत्रीय माटो परीक्षण प्रयोगशाला | ८१ | १ | २ | . | ८४ |
| ३५ | डिभिजन सहकारी कार्यालय | ६९ | २ | . | . | ७१ |
| ३६ | अञ्चल स.प्र.गुल्म, महाकाली | ४२३ | . | . | . | ४२३ |
| ३७ | इलाका प्रशासन कार्यालय, त्रिभुवन बस्ती | २१ | . | . | . | २१ |
| ३८ | इलाका प्रहरी कार्यालय, बेलौरी | २२३ | . | . | . | २२३ |
| ३९ | इलाका प्रहरी कार्यालय, दोधारा चाँदनी | ११४ | . | . | . | ११४ |
| ४० | इलाका प्रहरी कार्यालय, त्रिभुवन बस्ती | १६२ | . | . | . | १६२ |
| ४१ | जिल्ला ट्राफिक प्रहरी कार्यालय | . | ३९ | . | . | ३९ |
| ४२ | इलाका प्रहरी कार्यालय, बेलडाँडी | १४६ | . | . | . | .१४६ |
| ४३ | इलाका प्रहरी कार्यालय, झलारी | १४३ | . | . | . | १४३ |
| ४४ | सशस्त्र प्रहरी बल राजस्व एवं भन्सार गस्ती सुरक्षा | २२० | . | १ | . | २२१ |
| ४५ | जिल्ला भू संरक्षण कार्यालय | ११० | . | १ | . | १११ |
| ४६ | जिल्ला हुलाक कार्यालय | २८७ | २० | २ | २२५९ | २५६८ |
| ४७ | महिला तथा बालबालिका कार्यालय | २४४ | . | . | ११ | २५५ |
| | **जम्मा** | **६६१७** | **२९९** | **३१०** | **३४७४** | **१०७००** |
| | **कुल जम्मा** | | | | | **८१२५४** |

अनुसूची-२

# बेरुजूको स्थिति

(रकम रु.हजारमा)

| क्र.स. | कार्यालयको नाम | शुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया | जम्मा |
| १ | आन्तरिक राजस्व कार्यालय | ४८ | १२२३ | ३१ | ० | १७ | ७३१ | ४९२ | ० | १२२३ | ० | ० | ० |
| २ | अञ्चल प्रहरी कार्यालय | ३ | सैद्धान्तिक | २ | ० | १ | - | - | - | - | ० | ० | ० |
| ३ | अञ्चल यातायात व्यवस्था कार्यालय | १८ | ६५५९ | १३ | ० | ५ | ४४ | ६५१५ | - | ६५५९ | ० | ० | ० |
| ४ | कारागार कार्यालय महेन्द्रनगर | ४ | ५३ | ३ | ० | १ | - | ५३ | - | ५३ | ० | ० | ० |
| ५ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ५ | ० | १ | ० | ४ | ० | ० | ० | ० | १५ | ० | १५ |
| ६ | खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय | १८ | १११११० | ११ | ० | ७ | ६ | ७७१५ | ३३८९ | १११११० | ० | ० | ० |
| ७ | घरेलु तथा साना उद्योग कार्यालय | ६ | ० | ३ | ० | ३ | ० | ० | ० | ० | ३८ | ० | ३८ |
| ८ | नेपाल संस्कृत विश्वविद्यालय, शारदा विद्यापीठ २०७१।७२ | ९ | ५९१४ | ८ | ० | १ | २६ | ५८८८ | ० | ५९१४ | १० | ० | १० |
| ९ | नेपाल संस्कृत विश्वविद्यालय, शारदा विद्यापीठ २०७२।७३ | १० | ५९२४ | ९ | ० | १ | ० | ५९२४ | ० | ५९२४ | ३ | ० | ३ |
| १० | जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय | २० | २९९३४ | १४ | - | ६ | - | ८१९२ | २१७४२ | २९९३४ | ० | ० | ० |
| ११ | नगर विकास समिति, महेन्द्रनगर | १० | २२४१ | ६ | ० | ४ | २१७४ | | ६७ | २२४१ | ० | ० | ० |
| १२ | डिभिजन सहकारी कार्यालय | १ | १०० | १ | ० | ० | | - | १०० | १०० | ० | ० | ० |
| १३ | जिल्ला कृषि विकास कार्यालय | ३४ | ५२६५ | २६ | ० | ८ | १०५९ | ४२०६ | - | ५२६५ | ० | ० | ० |
| १४ | जिल्ला जनस्वास्थ कार्यालय | २६ | ६३५६ | १४ | ० | १२ | ४ | ६२७२ | ८० | ६३५६ | १२४ | ० | १२४ |
| १५ | जिल्ला प्राविधिक कार्यालय | ७ | ११४०५ | १ | ० | ६ | ० | ७८ | ११३२७ | ११४०५ | ० | ० | ० |
| १६ | जिल्ला पशु सेवा कार्यालय | १३ | २६५ | ८ | - | ५ | ७ | २५८ | - | २६५ | ० | ० | ० |
| १७ | जिल्ला प्रशासन कार्यालय | ५ | १०३९ | ४ | - | १ | - | १०३९ | - | १०३९ | ० | ० | ० |
| १८ | जिल्ला प्रहरी कार्यालय | ५ | सैद्धान्तिक | ३ | - | २ | - | - | - | - | ० | ० | ० |
| १९ | जिल्ला विकास समितिको कार्यालय | १२८ | १९८४४ | ९४ | ० | ३४ | १७०३ | ४७६६ | १३३७५ | १९८४४ | २८१ | ० | २८१ |
| २० | जिल्ला वन कार्यालय | २६ | ४८३९ | २३ | ० | ३ | ३ | ४८३६ | - | ४८३९ | ० | ० | ० |
| २१ | जिल्ला शिक्षा कार्यालय | ४० | ४९६४० | २७ | ० | १३ | ६७४ | ४८९६६ | ० | ४९६४० | ० | ० | ० |
| २२ | सु.प. डिभिजन सडक कार्यालय | २९ | २१२२४४ | २१ | ५१९६ | ८ | ४०३५ | ११३९५ | १९१६१८ | २०७०४८ | ० | ० | ० |
| २३ | पुनरावेदन अदालत | १ | ४९ | १ | ४९ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २४ | पुनरावेदन सरकारी वकील कार्यालय | २ | ६७ | १ | ० | १ | ० | ६७ | ० | ६७ | ० | ० | ० |
| २५ | भवानीबक्स गण कञ्चनपुर | २ | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| २६ | महाकाली अञ्चल अस्पताल | १२ | १८६२ | ८ | ० | ४ | ० | १८६२ | ० | १८६२ | ० | ० | ० |
| २७ | महाकाली अञ्चल अस्पताल विकास समिति | ५ | २७३९ | ३ | ० | २ | ३०७ | २४३२ | ० | २७३९ | २९ | ० | २९ |
| २८ | महेन्द्रनगर भन्सार कार्यालय | १० | ७२ | ६ | ७२ | ४ | ० | ० | ० | ० | ० | ७२ | ७२ |
| २९ | महाकाली पथरैया मोहना सिंचाई व्यवस्थापन डिभिजन | २४ | २६१११ | १६ | ० | ८ | २५० | ८०६१ | १७८०० | २६१११ | ० | ० | ० |
| ३० | महाकाली सिंचाई आयोजना | ३२ | ५२३०५ | २३ | ० | ९ | ११३ | ५००३६ | २१५६ | ५२३०५ | ० | ० | ० |
| ३१ | मालपोत कार्यालय बेलौरी, | ६ | ० | ३ | ० | ३ | ० | ० | ० | ० | ३ | ० | ३ |

| क.स. | कार्यालयको नाम | शुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया | जम्मा |
| ३२ | मालपोत कार्यालय  महेन्द्रनगर, | ७ | २७४ | ४ | ० | ३ | ० | २७४ | ० | २७४ | ० | ० | ० |
| ३३ | स्थानीय विकास कोषको सचिवालय | ४ | २७६२ | ० | ० | ४ | ० | २७६२ | ० | २७६२ | २ | ० | २ |
| ३४ | लोक सेवा आयोग, महाकाली अञ्चल कार्यालय | १ | ७९ | ० | ० | १ | ० | ७९ | ० | ७९ | ० | ० | ० |
| ३५ | सु.प.विश्वविद्यालय, केन्द्रीय कार्यालय | ३३ | २८७ | ९ | ० | २४ | २ | २८५ | ० | २८७ | ७ | ० | ० |
| ३६ | सु.प.वि, परीक्षा नियन्त्रण कार्यालय | १४ | ३४५ | ११ | ० | ३ | ० | ३४५ | ० | ३४५ | ० | ० | ० |
| ३७ | सु.प.वि. व्यवस्थापन संकाय, डिनको कार्यालय | १७ | २६ | १६ | ० | १ | ० | २६ | ० | २६ | ० | ० | ० |
| ३८ | सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | २ | सैद्धान्तिक | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ३९ | सु.प.क्षे.दंगा नियन्त्रण प्रहरी गण | ४ | सैद्धान्तिक | ३ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ४० | सुदूर पश्चिमाञ्चल सिचाई विकास डिभिजन | ३३ | २४५५५ | २२ | ० | ११ | १४९९ | २०३५६ | २७०० | २४५५५ | ० | ० | ० |
| ४१ | सु.प.वि. व्यवस्थापन विभाग, महेन्द्रनगर, | १६ | १३९ | १५ | ० | १ | ० | १३९ | ० | १३९ | ० | ० | ० |
| ४१ | सु.प.विश्वविद्यालय, विद्यार्थी कल्याण समिति | १३ | ५५२ | १२ | ० | १ | ० | ५५२ | ० | ५५२ | ० | ० | ० |
| ४२ | सु.प.वि.मानविकी तथा सामाजिकशास्त्र विभाग | १२ | ८ | ११ | ० | १ | ० | ८ | ० | ८ | ० | ० | ० |
| ४३ | सु.प.वि. मानविकी तथा समाजिक शास्त्र संकाय | १४ | ० | १३ | ० | १ | ० | ० | ० | ० | १२१ | ० | १२१ |
| ४४ | सु.प.विश्वविद्यालय, विज्ञान तथा प्रविधि संकाय | १८ | २७७३ | १७ | ० | १ | ३० | २७४३ | ० | २७७३ | ५०० | ० | ५०० |
| ४५ | सु.प.विश्वविद्यालय, सेवा आयोगको कार्यालय | १४ | १२ | १३ | ० | १ | ० | १२ | ० | १२ | २४९ | ० | २४९ |
| ४६ | सु.प.विश्वविद्यालय, शिक्षाशास्त्र विभाग | १२ | ५९८ | ११ | ० | १ | ० | ५९८ | ० | ५९८ | ० | ० | ० |
| ४७ | सु.प.विश्वविद्यालय, शिक्षाशास्त्र संकाय | १३ | ० | १२ | ० | १ | ० | ० | ० | ० | २ | ० | २ |
| ४८ | शुक्लाफाँटा वन्यजन्तु आरक्ष कार्यालय | १४ | ७९६ | ११ | ० | ३ | - | ७९६ | - | ७९६ | ० | ० | ० |
| ४९ | त्रि.वि. शिद्धनाथ विज्ञान क्याम्पस | ६ | ७६ | ४ | ० | २ | ० | ७६ | ० | ७६ | ० | ० | ० |
| ५० | क्षेत्रीय बाली संरक्षण प्रयोगशाला | २ | ६ | १ | ० | १ | ६ | - | - | ६ | ० | ० | ० |
| | **जम्मा** | **८०८** | **४९०४४८** | **५७१** | **५३१७** | **२३७** | **१२६७३** | **२०८१०४** | **२६४३५४** | **४८५१३१** | **१३८४** | **७२** | **१४५६** |

द्रष्टव्य : ** बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*

** प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकियाबाट  फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बांकी दफा कायम गरिएको छ ।*

# जिल्ला विकास समितिको एकीकृत आय–व्यय विवरण

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारीः** | **१९१६१४६६.५** | **कोष तर्फको खर्च :** | **८८१२५२५५.८३** |
| आन्तरिक श्रोत आय | **५७८२०५.५१** | आन्तरिक श्रोत | ३९९९३८३२.०८ |
| राजस्व बांडफाड आम्दानी | **१४९९८८९.५** | राजस्व बांडफाड | ९९०१७६४.४५ |
| बैदेशिक दातृराष्ट्र ऋण र अनुदान | **४५०८२५.००** | बैदेशिक दातृराष्ट्र ऋण र अनुदान | १९००९९०.०० |
| कर्मचारी कल्याण कोष | ६२८९३९.८१ | कर्मचारी कल्याण कोष | २६९८७५८.०० |
| मर्मत सम्भार कोष | १७४९०३९.८४ | मर्मत सम्भार कोष | ८०२०००.०० |
| स्थानीय बिकास घुम्ती कोष | ८६८०७२.०७ | स्थानीय बिकास घुम्ती कोष | ५०००००.०० |
| प्रकोप व्यवस्थापन कोष | ३८२७२७.०० | मानवीय संशाधन विकास कोष | ७६४५३६.३० |
| मानवीय संशाधन विकास कोष | १९११६७.०० | वातावरण विकास कोष | ३६००००.०० |
| वातावरण विकास कोष | ११४५४७२.०० | महिला तथा बाल विकास कोष | १०१०००.०० |
| गरिबी निवारण तथा सा. प. कोष | २२६१६०.०० | भारतिय राजदुतावास | २०३२२०९१.०० |
| महिला तथा बाल विकास कोष | २१३३७०.०० | जिल्ला उर्जा तथा वातावरण | ६०१४००.०० |
| भारतिय राजदुतावास | १८६८७०३.२९ | धरौटी | १०१७८८८४.०० |
| जिल्ला उर्जा तथा वातावरण | २५५०५१.७५ | **मौज्दातः** | **३६३०८१०२.०८** |
| धरौटी | ९१०३८४३.७३ | आन्तरिक श्रोत आय | ५४०५७३६.९१ |
| **यस वर्षको आम्दानी** | १०५२७२०९१.४१ | राजस्व बांडफाड आम्दानी | ४११७५३३.०५ |
| आन्तरिक श्रोत आय | ४४८२१३६३.४८ | बैदेशिक दातृराष्ट्र ऋण र अनुदान | ११४०८३७.२३ |
| राजस्व बांडफाड आम्दानी | १२५१९४०८.०० | कर्मचारी कल्याण कोष | ३५५४६२.८१ |
| बैदेशिक दातृराष्ट्र ऋण र अनुदान | २५९१००२.२३ | मर्मत सम्भार कोष | १५४७०३९.८४ |
| कर्मचारी कल्याण कोष | २४२५२८१.०० | स्थानीय बिकास घुम्ती कोष | ४१८०७२.०७ |
| मर्मत सम्भार कोष | ६०००००.०० | प्रकोप व्यवस्थापन कोष | ५८२५२७.०० |
| स्थानीय बिकास घुम्ती कोष | ५००००.०० | मानवीय संशाधन विकास कोष | १२६६३०.७० |
| प्रकोप व्यवस्थापन कोष | २०००००.०० | वातावरण विकास कोष | १२२५४७२.०० |
| मानवीय संशाधन विकास कोष | ७०००००.०० | गरिबी निवारण तथा सा. प. कोष | ३२६१६०.०० |
| वातावरण विकास कोष | ४४००००.०० | महिला तथा बाल विकास कोष | २६३४९०.०० |
| गरिबी निवारण तथा स प. कोष | १०००००.०० | भारतिय राजदुतावास | २७०९८५.२९ |
| महिला तथा बाल विकास कोष | १५११२०.०० | जिल्ला उर्जा तथा वातावरण | १६६२४०.७५ |
| भारतिय राजदुतावास | १८७२४३७३.०० | धरौटी | २०३६१९१४.४३ |
| जिल्ला उर्जा तथा वातावरण | ५१२५८९.०० | | - |
| धरौटी | २१४३६९५४.७० | | - |
| **आन्तरिक तर्फको जम्मा** | १२४४३३५५७.९१ | | **१२४४३३५५७.९१** |
| **केन्द्रिय राजश्व** | ३९८८१८.७१ | **केन्द्रिय राजश्व दाखिला** | ३९८८१८.७१ |
| **केन्द्रीय कार्यक्रमतर्फको आय** | ४१६७०५८२३.११ | **केन्द्रीय कार्यक्रमतर्फको व्यय** | ४१६७०५८२३.११ |
| **कुल जम्मा** | ५४१५३८१९९.७३ | **कुल जम्मा** | **५४१५३८१९९.७३** |

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | पुनरावेदन अदालत | श्री यम बहादुर बुढा मगर | श्री प्रकाश केसी |
| २ | लोक सेवा आयोग, महाकाली अञ्चल कार्यालय | श्री केशव राज शर्मा | श्री गोविन्द प्रसाद शर्मा |
| ३ | पुनरावेदन सरकारी वकील कार्यालय | श्री नरेन्द्र वहादुर चन्द | श्री चाडक राज सुवेदी |
| ४ | अञ्चल प्रहरी कार्यालय | श्री राम प्रसाद श्रेष्ठ | श्री किरणमणी अधिकारी |
| ५ | अञ्चल यातायात व्यबस्था कार्यालय | श्री विजय राना<br>श्री खेम प्रसाद चौधरी | श्री जमुना मगर<br>श्री अनिल चन्द |
| ६ | आन्तरिक राजस्व कार्यालय | श्री शिवादेवी दाहाल | श्री टंक वहादुर कुँवर |
| ७ | कारागार कार्यालय | श्री खगेन्द्र भट्ट | श्री खगेन्द पण्डति |
| ८ | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री ठाकुर प्रसाद पौडेल | श्री कृष्ण देव भट्ट |
| ९ | जिल्ला कृषि विकास कार्यालय | श्री टीका राम थापा | श्री गोरख बहादुर चन्द |
| १० | खानेपानी तथा  सरसफाई सब डिभिजन कार्यालय | श्री पूर्ण बहादुर ज्वारचन | श्री धर्मानन्द लेखक |
| ११ | घरेलु तथा साना उद्योग कार्यालय | श्री हेमन्त वहादुर सिह | श्री रमेश प्रसाद |
| १२ | डिभिजन सहकारी कार्यालय | श्री राम बहादुर खाती | श्री पदम सिंह मैनी |
| १३ | जिल्ला जनस्वास्थ कार्यालय | श्री शिवदत्त भट्ट | श्री मान व.भण्डारी,<br>श्री हर्क वहादुर विष्ट |
| १४ | जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय | श्री मिलानन्द यादव | श्री देव बहादुर कुवर |
| १५ | नेपाल संस्कृत विश्वद्यिालय, शारदा विद्यापीठ | डा श्री मुरारी सिह | श्री श्याम प्रसाद पण्डित |
| १६ | जिल्ला पशु सेवा कार्यालय | श्री मदन सिंह धामी | श्री जनक बहादुर सिंह |
| १७ | जिल्ला प्रशासन कार्यालय | श्री मनोहर प्रसाद खनाल | श्री महानन्द जोशी |
| १८ | जिल्ला प्रहरी कार्यालय | श्री प्रकाश बहादुर चन्द | श्री डिकर देव पन्त |
| १९ | जिल्ला प्राविधिक कार्यालय | श्री कमल कुमार अधिकारी | श्री केशव राज जोशी |
| २० | जिल्ला विकास समितिको कार्यालय | श्री मोहन पौडेल | श्री नन्दराज भट्ट |
| २१ | जिल्ला वन कार्यालय | श्री सुरेश सिंह | श्री शंकर सिंह कुवर |
| २२ | भवानीबक्स गण कञ्चनपुर | श्री उत्तम थापा | श्री लेख वहादुर लामिछान |
| २३ | महाकाली अञ्चल अस्पताल | डा.श्री श्रीराम तिवारी | श्री भरत वहादुर चन्द |
| २४ | महाकाली अञ्चल अस्पताल विकास समिति | डा.श्री श्रीराम तिवारी | श्री भरत वहादुर चन्द |
| २५ | महेन्द्रनगर भन्सार कार्यालय | श्री राम प्रसाद रेग्मी | श्री डम्वर वहादुर ऐर |
| २६ | महाकाली पथरैया मोहना सिंचाई व्यवस्थापन डिभिजन | श्री अजय अधिकारी | श्री मदन सिंह महरा |
| २७ | महाकाली सिंचाइ आयोजना तेस्रो चरण | श्री शुशिल चन्द्र अर्याल | श्री खड्ग बहादुर शाही |
| २८ | मालपोत कार्यालय  बेलौरी, | श्री उद्धव सिंह कार्की | श्री मुकेश मिश्र |
| २९ | मालपोत कार्यालय  महेन्द्रनगर | श्री गोविल्द अधिकारी | श्री डम्वरदेव पाण्ड |
| ३० | महेन्द्रनगर नगर विकास समिति | श्री मोहनराज अवस्थी | श्री प्रेम बहादुर बम |
| ३१ | जिल्ला शिक्षा कार्यालय | श्री श्याम सिंह धामी | श्री दुर्गादत्त पन्त |
| ३२ | शुक्लाफाँटा वन्यजन्तु आरक्ष कार्यालय | श्री वेद कुमार ढकाल | श्री प्रेम बल्लभ भट्ट |
| ३३ | सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | श्री तारादत्त पन्त | श्री यज्ञ बहादुर थापा |
| ३४ | स्थानीय विकास कोषको सचिवालय | श्री प्रेम बोगटी | श्री लाल वहादरु शाही |
| ३५ | सु.प.वि.मानविकी तथा सामाजिकशास्त्र विभाग | श्री सुरेश सिंह भण्डारी | ले.अ.श्री प्रेम बहादुर सिंह |
| ३६ | सु.प.क्षे.दंगा नियन्त्रण प्रहरी गण | श्री शुशिल कुमार यादव | श्री खिम बहादुर खनाल |
| ३७ | सु.प.वि, परीक्षा नियन्त्रण कार्यालय | श्री भाष्कर दत्तजोशी | श्री अशोक सिंह भण्डारी |
| ३८ | सु.प.वि. मानविकी तथा समाजिक शास्त्र संकाय | प्रा.डा.श्री चन्दन सिंह बोहरा | श्री अशोक सिंह भण्डारी |
| ३९ | सु.प.विश्वविद्यालय, विज्ञान तथा प्रविधि संकाय | प्रा.डा.श्री भवानी चन्द ठकुरी | श्री प्रेमबहादुर सिंह |
| ४० | सु.प.विश्वविद्यालय, सेवा आयोगको कार्यालय | डा.श्री भुपेन्द्र सिंह बिष्ट | श्री मिन राज भट्ट |

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| ४१ | सु.प.विश्वविद्यालय, शिक्षाशास्त्र बिभाग | श्री शिलनिधि चन्द | श्री प्रेम बहादुर सिंह |
| ४२ | सु.प.विश्वविद्यालय, शिक्षाशास्त्र संकाय | प्रा. डा. श्री नारद अवस्थी | श्री अशोकसिंह भण्डारी |
| ४३ | सु.प.विश्वविद्यालय, केन्द्रीय कार्यालय | प्रा.डा. श्री हेम राज पन्त<br>प्रा.डा.श्री द्विज राज भट्ट | श्री मिन राज भट्ट<br>श्री लोक राज जोशी |
| ४४ | सु.प.वि. व्यवस्थापन संकाय, डिनको कार्यालय | प्रा. श्री भारती जोशी | श्री चाँदनी भण्डारी |
| ४५ | सु.प.वि. व्यवस्थापन विभाग, | प्रा. श्री यज्ञ राज पाठक | श्री चाँदनी भण्डारी |
| ४६ | सुदुर पश्चिमाञ्चल सिंचाइ विकास डि. नं. १ | श्री धर्म कुमार न्यौपाने | श्री बंशीधर भट्ट |
| ४७ | सु.प.डिभिजन सडक कार्यालय | श्री विनाद कुमार मौर्य | श्री गोविन्द प्रसाद सुवेदी |
| ४८ | सु.प.विश्वविद्यालय, विद्यार्थी कल्याण समिति | सह प्रा. श्री डम्बर ऐर | श्री चाँदनी भण्डारी |
| ४९ | क्षेत्रिय वाली संरक्षण प्रयोशाला | श्री गणेश प्रसाद यादव | श्री सूर्य प्रसाद भट्ट |
| ५० | त्रि.वि. शिद्धनाथ विज्ञान क्याम्पस | प्रा.डा.श्री पूर्ण वहादुर चन्द | श्री माया विष्ट पाण्डे |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np